सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१९ फागुन २०८२, मंगलबार (3 March 2026, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३१३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

मौन अवधि सुरु

प्रचार पूर्ण रूपमा निषेध, सामाजिक सञ्जालबाट पनि विज्ञापन हटाउनुपर्ने

निर्वाचन सफल बनाउनु साझा काम र ऐतिहासिक दायित्व : राष्ट्रपति रामचन्द्र पौडेल



निर्वाचनलाई सफल बनाउनु हाम्रो साझा काम र ऐतिहासिक दायित्व पनि हो। यो निर्वाचनले निरंकुशताविरुद्ध लामो संघर्ष र बलिदान गरेको अधिल्ला पुस्ता र त्यसमा आफ्नो जीवन बलिदान गर्ने सहिदहरूको सपना, नवयुवाहरूको सुशासनको माग, पारदर्शिता र जवाफदेहिताप्रतिको अपेक्षा पूरा गर्नेछ। र, हाम्रो लोकतान्त्रिक अभ्यासलाई अझ विश्वस्त र परिपक्व बनाउनेछ। यो निर्वाचनले विकास, समृद्धि, सामाजिक न्याय र उन्नतिको यात्रालाई नवीन ढंगले परिभाषित गर्नेछ र नयाँ उचाइमा पुऱ्याउनेछ भन्नेमा म विश्वस्त छु।

यो चुनाव सन्तानको भविष्य बनाउने निर्णय गर्ने वेला हो : प्रधानमन्त्री सुशीला कार्की



भोट हाल्नु भनेको केवल चुनाव चिह्नमा छाप लगाई कसैलाई जिताएर पठाउनु मात्र होइन, यो त तपाईंले आफ्नो र आफ्नो सन्तानको भविष्य कस्तो बनाउने भनेर लिने निर्णय हो। इतिहासकै यो कठिन मोडमा प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेर देशलाई नेतृत्व दिनुलाई मैले आफ्नो मातृभूमिप्रतिको जिम्मेवारीका रूपमा लिएकी छु। मैले सधैं न्याय र निष्ठाको पक्षमा उभिएर काम गर्ने प्रयास गरेँ। अब केही दिनमा यो देशको बागडोर तपाईंहरूले चुन्ने प्रतिनिधिहरूको हातमा पुग्नेछ। त्यसैले फागुन २१ गते बिहीबारका दिन अरू काम छाडेरै भए पनि आफ्नो मतदान केन्द्रमा पुगेर मतदान गर्नुहुन म हार्दिक अपिल गर्दछु।

■ ४८ घण्टा चुपचाप !



- दल तथा उम्मेदवारको पक्षमा छलफल, अन्तर्क्रिया, सभा-सम्मेलन, कार्यशाला, गोष्ठीलगायत कुनै पनि विधिबाट मत माग्न र निर्वाचन प्रचार गर्न नपाइने
- उम्मेदवार, दल, भ्रातृ संगठनको सामाजिक सञ्जालमार्फत गरिएका विज्ञापन तथा प्रचार सामग्री पनि पूर्ण रूपमा हटाउनुपर्ने
- सामाजिक सञ्जाल, छापा वा अन्य कुनै माध्यमबाट दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै पनि सन्देश, सूचना, प्रचार सामग्रीलगायत पोस्ट, सेयर, लाइक र कमेन्ट गर्न नपाइने
- मतदानस्थलअघि राखिएका दल तथा उम्मेदवारका प्रचार-प्रसार सामग्री सम्बन्धित दल तथा उम्मेदवारले पूर्ण रूपमा हटाउनुपर्ने
- मतदानस्थल वरिपरि साउन्ड सिस्टम राख्ने, बाजागाजा बजाउने, नाचगान, भोजभतेर गर्ने, जुलुस प्रदर्शन, जुनसुकै किसिमको सभा-समारोह गर्न, हुलहुज्जत, होहल्ला गर्न नपाइने
- मौन अवधिका वेला आचारसंहिताविपरीतका कार्य भएमा निर्वाचन कसुर तथा सजाय ऐनअनुसार अधिकतम दुई लाखसम्म जरिवाना र तीन वर्षसम्म कैद सजाय हुने व्यवस्था

■ दल तथा उम्मेदवारका गतिविधि निगरानी गर्न घुम्ती टोली परिचालन

कमलराज भट्ट/नयाँ पत्रिका

सोमबार राति १२ बजेदेखि मौन अवधि सुरु भएको छ। मौन अवधि भनेको यस्तो समय हो, यति वेला दल तथा उम्मेदवारको पक्षमा कुनै पनि प्रकारका प्रचारप्रसार गर्न पाइँदैन। निर्वाचन कसुर तथा सजाय ऐनअनुसार मतदानअघिको ४८ घण्टालाई स्थिर (मौन) समय भनिएको छ।

मतदान सुरु हुनुभन्दा ४८ घण्टाअघि अर्थात् सोमबार राति १२ बजेदेखि मौन अवधि सुरु भएको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बताए। उनका अनुसार मौन अवधिमा दल तथा उम्मेदवारको पक्षमा छलफल, अन्तर्क्रिया, सभा-सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न पाइँदैन। कुनै पनि विधिबाट मत माग्ने र निर्वाचन प्रचार गर्न पाइनेछैन। यसैगरी, मतदानस्थलअघि राखिएका दल तथा उम्मेदवारका प्रचारप्रसार सामग्री सम्बन्धित दल तथा उम्मेदवारले पूर्ण रूपमा हटाउनुपर्नेछ। बिहीबार (२१ फागुन) बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म मतदान हुनेछ।

> एकपटकभन्दा बढी मतदान गर्ने व्यक्तिलाई २५ हजार रुपैयाँसम्म जरिवाना

भण्डारीले उम्मेदवार, दल, भ्रातृ संगठनको सामाजिक सञ्जालमार्फत गरिएका विज्ञापन तथा प्रचार सामग्री पनि पूर्ण रूपमा हटाउनुपर्ने बताए। सामाजिक सञ्जाल, छापा वा अन्य कुनै माध्यमबाट दल वा उम्मेदवारको

» पृष्ठ २ मा क्रमशः

काठमाडौंबाट गाउँ फर्के लाखौं मतदाता

निर्वाचनको मुखमा लाखौं मानिसले उपत्यका छाड्नु लगातार बिदा र होली पर्वको यात्रा मात्रै होइन, बरु यो आफ्नो मतमार्फत लोकतन्त्र र संविधानप्रति भरोसा जनाउँदै राजनीतिक उत्सवमा सहभागिता जनाउनु पनि हो

एक सातामा बाहिरिए ३ लाख ४९ हजार ६९५

१२ फागुन	४९ हजार ९९३
१३ फागुन	४१ हजार ३७६
१४ फागुन	४२ हजार ८२२
१५ फागुन	५२ हजार ८३
१६ फागुन	५२ हजार ६५३
१७ फागुन	५३ हजार ४०७
१८ फागुन	५७ हजार ३७१

यो तथ्यांक सार्वजनिक यातायातबाट बाहिरिनेको मात्रै हो। यसबाहेक निजी यातायातका साधनदेखि हवाई यात्रामार्फत पनि बाहिरिरहेका छन्।

● **नवराज अधिकारी**, प्रमुख, काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय



उपत्यकाका सबैजसो नाकामा १४ फागुनदेखि सवारीसाधनको चाप बढेको छ, अझ हामीसँग भएको तथ्यांकभन्दा बढी यात्रुहरू बाहिरिएका हुन सक्छन् किनभने सबै प्रकारको तथ्यांक ट्राफिकलाई नआएको पनि हुन सक्छ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

लोकतन्त्रको सबैभन्दा ठुलो उत्सव निर्वाचन नजिकिँदै जाँदा मतदानलाई आफ्नो जिम्मेवारी ठानेर काठमाडौं उपत्यका छाड्ने यात्रुको संख्या बढेको छ। मतदान, होली पर्व र लगातार सार्वजनिक बिदा एकैपटक परेकाले लाखौं मानिस गाउँ फर्किने क्रममा छन्। पछिल्लो एक सातामा तीन लाख ४९ हजार ६९५ मानिस काठमाडौंबाट बाहिरिएका छन्।

» पृष्ठ २ मा क्रमशः



निर्वाचनका लागि घर जान गोंगबु बसपार्कमा देखिएको भिड। तस्बिर : **अमुल थापा, दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

■ घर फर्कनेहरू भन्छन्- भोट खेर नजाओस्

जेन-जी आन्दोलनपछि विकसित नयाँ राजनीतिक परिवेशमा हुन थालेको निर्वाचनमा परिवर्तनको आशा बोकेर मतदाता गाउँ फर्कँदै छन्। 'मतदानका लागि घर जाँदै छु। मैले ०७४ र ०७९ को चुनावमा पनि मतदान गरेको थिएँ,' नयाँ बसपार्कमा भेटिएका कैलाली चिसापानीमा सुरेश बोहाराले सुनाए, 'यसपटक पनि मत खेर नजाओस् भनेर जाँदै छु।' नयाँ बसपार्कस्थित पश्चिम नेपाल बस व्यवसायी समितिको बाहिर टिकट काउन्टरमा भेटिएका गुल्मीका सक्षम ज्ञवालीले यसपटकको चुनावमा फरक किसिमको महत्त्व रहेकाले भोट दिन जान लागेको सुनाए। 'दुःख गरेर भोट हाल्न जानु छ। तर, भोलि नेताहरूले राम्रो गरेनन् भने भोट खेर जान्छ। यसपटक राम्रो उम्मेदवारले चुनाव जिते मात्र सुशासन आउँछ र भ्रष्टाचार रोकिन्छ,' उनले भने।

सिन्धुपाल्चोकका गोरखबहादुर कार्की पनि यसपटकको चुनावमा मतदान गर्न उत्साहित छन्। आइतबार जडीबुटीस्थित अरनिको बसपार्कमा भेटिएका उनले यसपटकको भोटको बढी महत्त्व भएकाले आफू मतदान गर्न गाउँ जान लागेको बताए। 'मैले यसअघिका थुप्रै चुनावमा भोट दिएँ, तर अझै पनि नेपालमा भ्रष्टाचार भइरहेको छ, अब बन्ने सरकारले भ्रष्टाचार रोकोस्, विदेशमा काम खोज्दै गएकाहरूलाई नेपालमै फर्काउने वातावरण मिलाओस्,' उनले अपेक्षा सुनाए, 'अब हाल्ने भोट खेर नजाओस्।' अर्घाखाँचीका गगन रेश्मी पनि सोमबार काठमाडौंबाट गाउँ जाने बस चढे। यसपालिको भोट उनको जीवनकै पहिलो हुने भएकाले पनि उत्साहित छन्।

युएईमा मारिएका नेपाली युवक गोरखाका मध्यपूर्वमा थपिँदै सुरक्षा चिन्ता

इरानी ड्रोन निष्क्रिय गर्ने क्रममा आइतबार मृत्यु भएका नेपाली गोरखाका २९ वर्षीय दिवस श्रेष्ठ रहेको पुष्टि, अमेरिका-इजरायल र इरानबिचको युद्धको दायरा मध्यपूर्व (पश्चिम एसियामा)मा भन्ने चर्कँदा बढ्दै छ १७ लाखभन्दा धेरै नेपालीको सुरक्षा चिन्ता

पर्शुराम काफ्ले/नयाँ पत्रिका

संयुक्त अरब इमिरेट्सको अबुधाबीस्थित जायद अन्तर्राष्ट्रिय विमानस्थलमा इरानी ड्रोन निष्क्रिय गर्ने क्रममा आइतबार मृत्यु भएका नेपालीको सोमबार पहिचान भएको छ। अबुधाबीस्थित नेपाली राजदूतावासका अनुसार घटनामा गोर्खाका २९ वर्षीय दिवस श्रेष्ठको मृत्यु भएको पुष्टि भएको छ। उनी मिडिल इस्ट कम्पनीमा सुरक्षागार्डका रूपमा कार्यरत थिए।

राजदूतावास परिस्थिति सहज भएपछि स्वर्गीय श्रेष्ठको पार्थिव शरीर नेपाल पठाउने तयारीमा छ। 'परिस्थिति सहज भएपश्चात् स्वर्गीय श्रेष्ठको पार्थिव शरीर यथाशीघ्र स्वदेश फिर्ता लैजानेलगायतका सम्पूर्ण कार्यमा सहजीकरण गर्न नेपाली दूतावास तत्पर रहेको व्यहोरा अनुरोध गरिन्छ,' दूतावासले सोमबार जारी गरेको विज्ञप्तिमा छ। मध्यपूर्वका देशमा अहिले नागरिक उडान रोकिएका छन्।

दूतावासले युएईमा रहेका नेपालीलाई संयम अपनाउन, सुरक्षित रहन तथा युएई सरकारले जारी गरेका सुरक्षासम्बन्धी मापदण्ड पालना गर्न पनि आह्वान गरेको छ। युएईमा नेपालीको संख्या करिब सात लाख छ। युएईमा एकजनाको मृत्युबाहेक नेपाली सुरक्षित रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

खाडी क्षेत्रमा रहेका १० नेपाली कूटनीतिक नियोगमार्फत नेपाली नागरिकसँग समन्वय भइरहेको मन्त्रालयले जनाएको छ। 'युएईमा एकजना नागरिकको दुःखद निधनको खबरबाहेक समग्र मध्यपूर्वमा नेपाली नागरिक सुरक्षित हुनुहुन्छ भन्ने जानकारी पाएका छौं,' परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले नयाँ पत्रिकासँग भने, 'लडाइँ रोकिएको छैन, हामी अझ बढी सतर्कतासाथ परिस्थिति नियालिरहेका छौं। उहाँहरूको सुरक्षा हाम्रो सर्वोच्च प्राथमिकतामा छ।'

» पृष्ठ २ मा क्रमशः

डोल्पाबाहेक सबै निर्वाचनस्थलमा पुगे सुरक्षाकर्मी



अतिसंवेदनशीलमा न्यूनतम १३ देखि ८० जनासम्म सुरक्षाकर्मी परिचालन गरेको छ। त्यस्तै, संवेदनशीलमा नौ र सामान्यमा ६ सुरक्षाकर्मी परिचालन गरेको छ। प्रहरीका अनुसार ८० सुरक्षाकर्मी परिचालन गरिएका निर्वाचनस्थल १३ वटा छन्।



● **अविनारायण काफ्ले**, प्रवक्ता, नेपाल प्रहरी

सुरक्षा संवेदनशीलताका आधारमा निर्वाचनस्थललाई तीन तहमा वर्गीकरण गरिएको छ। सोही आधारमा न्यूनतम ६ देखि ८० जनासम्म सुरक्षाकर्मी परिचालन गरिएका छन्। धेरै मतदाता भएका निर्वाचनस्थलमा धेरै सुरक्षाकर्मी चाहिन्छ। त्यस्ता ठाउँमा ८० जनासम्म सुरक्षाकर्मी परिचालन गरिएका छन्।

टेकराज थामी/नयाँ पत्रिका

हिमाली जिल्ला डोल्पाबाहेक ७६ वटै जिल्लाका निर्वाचनस्थलमा सुरक्षाकर्मी पुगेका छन्। गृह मन्त्रालयका अनुसार डोल्पामा पनि आज (मंगलबार)सम्म पुग्नेछन्।

गृहकी सूचना अधिकारी रमा आचार्यले डोल्पामा हेलिकोप्टरमार्फत मंगलबार बिहानसम्म सुरक्षाकर्मी पुग्ने बताइन्। 'निर्वाचन सुरक्षाका लागि लगभग सबै निर्वाचनस्थलमा सुरक्षाकर्मी पुगिसकेका छन्। हुम्ला र डोल्पामा हेलिकोप्टरमार्फत सुरक्षाकर्मी पुऱ्याउनुपर्ने थियो। त्यसमध्ये हुम्लामा आजै सुरक्षाकर्मी पुगिसकेका छन्, डोल्पामा भने भोलि बिहानसम्म पुग्छन्,' उनले भनिन्।

निर्वाचन सुरक्षाका लागि तीन लाख ३८ हजार ८९० सुरक्षाकर्मी खटिँदै छन्। निर्वाचन आयोगले मुलुकभर १० हजार ९६७ निर्वाचनस्थल निर्धारण गरेको छ। जसमा निर्वाचन केन्द्र भने २३ हजार ११२ निर्धारण भएका छन्। उक्त निर्वाचनस्थल

» पृष्ठ २ मा क्रमशः

निर्वाचन बिथोल्न खोज्ने १४२ पक्राउ

सुरक्षा संयन्त्रले विगतका निर्वाचनका तुलनामा यो निर्वाचन सुरक्षाका दृष्टिले कम चुनौतीपूर्ण ठानेको छ। किनभने घोषित रूपमै निर्वाचन बहिष्कार गर्ने ठुला राजनीतिक दल यसपटक छैनन्। यद्यपि, स-साना समूह र व्यक्तिले भने निर्वाचन बहिष्कार गरेका छन्। उनीहरूले निर्वाचन बिथोल्न विभिन्न गतिविधि पनि गरेका छन्। प्रहरीले यस्ता गतिविधिमा संलग्न १४२ जनालाई पक्राउ गरेको छ। जसमध्ये ७९ जना हिरासतमा छन् भने ६३ धरौटी तारेखमा छुटेको प्रहरी प्रवक्ता डिआइजी काफ्लेले बताए। नौजना सोमबार मात्रै पक्राउ परेका हुन्।

प्रहरीका अनुसार यसपटक निर्वाचनमा झडपका घटना न्यून मात्रै भएका छन्। उम्मेदवारी दर्ता हुने दिन झापामा झडपका केही घटना भए पनि अन्यत्र शान्तिपूर्ण भएको प्रहरीको भनाइ छ। सुरक्षा सतर्कता मजबुत भएकाले झडपका घटना रोकिएको डिआइजी काफ्लेले बताए।

'विगतका निर्वाचनका तुलनामा यसपटक झडपका घटना हुँदै भएन भन्दा पनि हुन्छ। उम्मेदवारी दर्ताका दिन झापामा केही घटना भए। तर, त्यो तत्कालै नियन्त्रणमा आयो। अन्यत्र त्यस्ता कुनै घटना भएनन्। त्यसो हुँदा हालसम्म शान्तिपूर्ण तवरले नै निर्वाचनमा प्रचारप्रसार भएको देखिन्छ,' उनले भने।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

आधारभूत सुविधाबाट वञ्चित धनचौरीको मुक्त कमैया बस्ती

धुलाम्य छ धनचौरी मुक्त कमैया बस्ती पुग्ने सडक, स्वास्थ्य चौकी छैन, सिटामोलका लागि छिमेकी गाउँ सेहरी वा धनगढी पुग्नुपर्छ

धनगढीमा **तेजराज भट्ट**

६० परिवार बसोबास रहेको कैलालीको गोदावरी नगरपालिका- ९, स्थित धनचौरी मुक्त कमैया शिविरका खुसीराम चौधरी धनगढीमा रिक्सा चलाएर गुजारा गर्छन्। धुलाम्य कच्ची सडकमा हरेक दिन रिक्सा लिएर घरबाट धनगढी आउजाउ गर्न उनले निकै सकस खेप्नुपर्छ। धनगढीबाट करिब आठ किलोमिटर दूरीमा रहेको यो बस्तीसम्म पुग्ने सडक कालोपत्रे छैन। गाउँका सडक पनि धुलाम्य छन्।

०६४ देखिका हरेक चुनावमा उम्मेदवारले गाउँमा सडक कालोपत्रे गरिदिने आश्वासन देखाएर मत माग्ने गरेका छन्। तर, अहिले पनि सडकको अवस्था उस्तै छ। 'गाउँमा कालोपत्रे सडक छैन, गाडी आउँदा धुलोले हिँडिनसक्नु हुन्छ, बर्खामा हिलाम्य हुन्छ,' चौधरीले भने, 'सडककै कारण हामीले धनगढी पुग्न पनि सास्ती खेप्नुपरेको छ।'

यो मुक्त कमैया बस्तीमा खानेपानीको सुविधा छैन। स्वास्थ्य चौकी नहुँदा सिटामोल लिन

» पृष्ठ २ मा क्रमशः



● कैलालीको धनचौरी मुक्त कमैया बस्तीका भल्मन्सा (बडघर) राममिलन चौधरी भन्छन्-



अहिले पनि गाउँमा सडक उस्तै छ। खानेपानी छैन, नल्का (चापाकल)को पानी पिउँछौं। गाउँमा स्वास्थ्य चौकी छैन, रातबिरात बिरामी परे अस्पताल पुऱ्याउने गाडी छैन। सबैजसोका कच्ची घर छन्। सुकुमवासी बस्तीका समस्या नेताहरूले अब बुझ्दिनुपर्छ। नदीमा तटबन्ध, सडक, स्वास्थ्य चौकी, खानेपानीको सुविधा हुनुपऱ्यो।

देशवासीलाई प्रधानमन्त्रीको आह्वान

यो चुनाव सन्तानको भविष्य बनाउने निर्णय गर्ने वेला हो

नयाँ पत्रिका

प्रधानमन्त्री सुशीला कार्कीले २१ फागुनमा हुन लागेको निर्वाचन आफू र आफ्ना सन्तानको भविष्यसँग जोडिएको भन्दै आममतदातालाई एक दिन अन्य काम छाडेर भए पनि मतदान केन्द्र पुग्न अपिल गरेकी छिन् । सोमबार देशवासीका नाममा सम्बोधन गर्दै कार्कीले देशलाई शान्तिपूर्ण निकासतर्फ डोहोर्‍याउनु र संविधानको बाटोमा फर्काउनु पहिलो कर्तव्य भएकाले चुनावको उद्देश्य कसैलाई जिताएर पठाउने मात्रै नरहेको बताएकी हुन् ।

'भोट हाल्नु भनेको केवल चुनाव चिह्नमा छाप लगाई कसैलाई जिताएर पठाउनु मात्र होइन, यो त तपाईंले आफ्नो र आफ्नो सन्तानको भविष्य कस्तो बनाउने भनेर लिने निर्णय हो । तसर्थ, फागुन २१ गते बिहीबारका दिन अरू काम छाडेरै भए पनि आफ्नो मतदान केन्द्रमा पुगेर मतदान गर्नुहुन म हार्दिक अपिल गर्दछु,' कार्कीले भनिन् ।

जेन-जी आन्दोलनपछिको जटिल, संवेदनशील र चुनौतीपूर्ण संक्रमण पार गरेर निर्वाचनसम्म देशलाई ल्याउनु महत्त्वपूर्ण उपलब्धि भएको उनको विश्लेषण छ । सबै नागरिकको संयम र सहकार्यले यस्तो परिणाम ल्याएको पनि उनको भनाइ छ । अब केही दिनमै देशको बागडोर जननिर्वाचित प्रतिनिधिहरूको हातमा सुम्पने भन्दै प्रधानमन्त्रीले निर्वाचनलाई शान्तिपूर्ण, स्वच्छ र ऐतिहासिक बनाउन पनि अपिल गरेकी छिन् ।

'इतिहासकै यो कठिन मोडमा प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेर देशलाई नेतृत्व दिनुलाई मैले आफ्नो मातृभूमिप्रतिको जिम्मेवारीका रूपमा लिएकी छु,' उनले भनेकी छिन्, 'मैले सधैँ न्याय र निष्ठाको पक्षमा उभिएर काम गर्ने प्रयास गरेँ । अब केही दिनमा यो देशको बागडोर तपाईंहरूले चुन्ने प्रतिनिधिहरूको हातमा पुग्नेछ ।'

शान्ति र अमनचयन कायम राख्न पनि उनले सबै पक्षसँग अनुरोध गरेकी छिन् । 'निर्वाचनको यस सँघारमा म सबैलाई शान्ति र अमनचयन कायम राख्न अनुरोध गर्दछु । शान्ति नै नेपालको असली पहिचान हो । चुनावमा स्वस्थ प्रतिस्पर्धा हुन्छ, फरक विचार हुन्छ, तर हामीबिच मनमुटाव र वैमनस्य हुनुहुँदैन,' सम्बोधनमा उनले थपिन्, 'म चुनावी मैदानमा रहनुभएका सबै राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरूलाई उम्मेदवारीका लागि धन्यवाद दिन चाहन्छु । तपाईंहरूको सक्रियताले नै हाम्रो लोकतन्त्र जीवित रहने हो ।'

प्रधानमन्त्रीले मौन अवधिको पूर्ण पालना गर्न पनि आग्रह गरेकी छिन् । 'तपाईंहरूको निष्पक्षता र मिहिनेतले नै यो निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र भयरहित बनाउनेछ,' उनले भनिन्, 'निर्वाचन आयोगले छोटो र कठिन समयमा कार्यतालिकाबमोजिम सबै तयारी पूरा गरेको छ । निर्वाचन निष्पक्ष, स्वच्छ र भयरहित रूपमा सम्पन्न गर्न नेपाल सरकार र आयोग पूर्णप्रतिबद्ध छ । प्रदेश र स्थानीय सरकारले आफ्नो सीमाभित्र रही निर्वाचन तयारीमा महत्त्वपूर्ण सहयोग पुर्‍याएका छन् । नेपाल सरकारका चारवटै सुरक्षा संयन्त्रले निर्वाचन सुरक्षामा कुनै कमी हुन नदिन आफ्ना सबै स्रोत-साधन परिचालन गरेका छन् । सम्माननीय राष्ट्रपतिज्यूले गर्नुभएको अभिभावकीय सहयोगप्रति व्यक्तिगत रूपमा म र वर्तमान सरकार हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।'

मित्रराष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट पनि उत्साहजनक साथ र प्रतिक्रिया प्राप्त गरेको भन्दै कार्कीले निर्वाचन व्यवस्थापनमा वस्तुगत, नगद तथा प्राविधिक सहयोग प्रदान गर्ने मित्रराष्ट्रहरूलाई धन्यवाद दिएकी छिन् । संयुक्त राष्ट्रसंघीय निकायहरूबाट प्राप्त सहयोगप्रति उनले आभार व्यक्त गरेकी छिन् । निर्वाचनको वातावरण धमिल्याउन खोज्ने तत्त्वहरूलाई सरकारले निगरानीमा राखी कानुनको दायरामा ल्याइरहेको पनि उनले बताएकी छिन् ।



फागुन २१ गते बिहीबारका दिन अरू काम छोडेरै भए पनि आफ्नो मतदान केन्द्रमा पुगेर मतदान गर्नुहुन म हार्दिक अपिल गर्दछु

शान्ति नै नेपालको असली पहिचान हो, चुनावमा स्वस्थ प्रतिस्पर्धा हुन्छ, फरक विचार हुन्छ, तर हामीबिच मनमुटाव र वैमनस्य हुनुहुँदैन

'सामाजिक सञ्जाल र आमसञ्चारका केही माध्यमबाट तथ्यहीन र कृत्रिम सामग्री तथा भ्रामक भविष्यवाणी फैलाएर वातावरण धमिल्याउन खोज्ने तत्त्वहरूलाई सरकारले निगरानीमा राखी कानुनको दायरामा ल्याइरहेको पनि तपाईंहरूलाई जानकारी गराउँछु,' उनले भनेकी छिन्, 'त्यस्ता भ्रममा नपर्न, त्यस्ता तत्त्वको पछि नलाग्न र मुलुकसामु आएको ऐतिहासिक दायित्व जिम्मेवारीपूर्वक निर्वाह गर्न म सबै देशवासीलाई विनम्र आग्रह गर्दछु ।'

मध्यपूर्वी क्षेत्रमा युद्धको संकट गहिरिएको सन्दर्भमा कार्कीले त्यसलाई सरकारले सूक्ष्म रूपमा नियालिरहेको बताएकी छिन् । नेपाली जहाँ रहे पनि प्रत्येक नागरिकको व्यक्तिगत सुरक्षा र हितको रक्षामा सरकार कटिबद्ध रहेको उनको भनाइ छ । 'मध्यपूर्वी क्षेत्रमा युद्धको संकट गहिरिएको छ । इरान र वरपरको तनावले हामीलाई चिन्तित बनाएको छ । विकसित घटनाक्रमलाई नेपाल सरकारले सूक्ष्म रूपमा नियालिरहेको छ । त्यहाँ रहनुभएका हाम्रा नेपाली दाजुभाइ, दिदीबहिनी र युवाहरूको सुरक्षा हाम्रो ठुलो चासोको विषय हो । त्यस क्षेत्रमा रहेका सबै नेपाली नियोगहरूलाई सुरक्षा सहजीकरणमा कुनै कमी हुन नदिन सक्रिय बनाइएको छ र परराष्ट्र मन्त्रालयले सघन अनुगमन गरिरहेको छ । हामी हरदम तपाईंहरूको साथमा छौँ । नेपाली जहाँ रहे पनि प्रत्येक नागरिकको व्यक्तिगत सुरक्षा र हितको रक्षामा यो सरकार कटिबद्ध छ,' प्रधानमन्त्री कार्कीले भनेकी छिन् ।

नवयुग बचत तथा ऋण सहकारी संस्था लि.

कमलविनायक-९, भक्तपुर, फोन नं. ०१-६६१०८४४

धितो घर जग्गा लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम प्रकाशित मिति : २०८२/११/१९

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले व्यवसायिक कर्जा शिर्षक अन्तर्गत लिएको कर्जा संस्थाको शर्त कबुलियत र लिखत बमोजिम भाखा भित्र कर्जा तिर्न बुझाउनु पर्नेमा सो रकम नबुझाएको हुँदा कर्जा रकम, ब्याज र हर्जना तिर्ने बुझाउने सम्बन्धमा पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा पनि सो को बेवास्ता गरी संस्थालाई तिर्न बुझाउनु पर्ने रकम नबुझाई संस्थाको शर्त बन्देज उलंघन गरेकाले ऋणीलाई कर्जा चुक्ता गर्नको लागि मिति २०८२।९।११ मा मजदुर दैनिक पत्रिकामा १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा नबुझाएकाले संस्थाको नाममा धितो सुरक्षणमा रहेको अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा प्रचलित कानूनको अधिनमा रही डाँक बढाबढ बोलकबोल मार्फत लिलाम बिक्री गरी संस्थाको लिनु पर्ने रकम असुल उपर गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त अचल सम्पति डाँक बढाबढ बोलकबोल मार्फत खरिद गरी लिन ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा संगठित संघ संस्थाले सूचनामा उल्लेखित अवधि भित्र तोकिएको शर्तहरूको अधिनमा रही रितपूर्वक भरी संस्थाको कार्यालयमा आवेदन पेश गर्न आह्वान गरिन्छ । उल्लेखित समय भित्र सहकारी संस्थाको साँवा, ब्याज तथा अन्य दस्तुर बुझाउनु हुन अनुरोध गरिन्छ । साथै, धितो लिलाम बिकी गर्दा पनि रकम असुल उपर नभएमा बाँकी बक्यौता सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम ऋणीको हक पुग्ने अन्य जायजेथाबाट असुल उपर गरिने ब्यहोरा ऋणी तथा सम्बन्धित सबैमा यसै सूचनाद्धारा अवगत गरिन्छ ।

तपसिल

ऋणीको विवरण	धितोमा रहेको जायजेथाको विवरण
नाम : राम कृष्ण बोहोरा पिता : दान बहादुर बोहोरा बाजे : माथबर सिंह बोहोरा ठेगाना : सिन्धुपाल्चोक जिल्ला टेकनपुर गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका वडा नं. २ दुवाकोट	भक्तपुर जिल्ला साविक झौखेल गा.वि.स. वडा नं. ८(घ) भई हाल परिवर्तित चाँगुनारायण नगरपालिका वडा नं. २ कित्ता नं. १०५६ क्षेत्रफल ०-३-१-० घर जग्गा पुरै

शर्त तथा बन्देजहरू :

१) यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता नभएमा ३६औं दिनमा दिनको ४:०० बजे सम्ममा धितो लिलाम बिक्रीमा सहभागी महानुभावहरू तथा सरकारी निकायका प्रतिनिधिहरू समेतको रोहवरमा संस्थाको कार्यालयमा धितो लिलाम बिक्री गरिनेछ । उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोली पल्ट सोही समयमा धितो लिलाम बिक्री गरिनेछ ।
२) धितो लिलाम बिक्रीमा सहभागी हुन संस्थाको कार्यालयबाट रु. १,०००।- पछि फिर्ता नहुने गरी तिरी नाम दर्ता गराउन सकिनेछ । साथै, आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३) धितो लिलाम बिक्रीमा सकार गरी लिन चाहेको सम्पतिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४) डाँक बढाबढमा आफुले कबुल गरेको रकमको १०% ले हुन आउने रकम धरौटी रुपमा यस संस्थामा नगदै वा संस्थाको लक्ष्मी सनराईज बैंक लि. शाखा कार्यालय सुकुल्ढोका भक्तपुरको खाता नं. ०१८१००५२४७१०१५ मा बैंक Deposit गरी सो को सक्कल भौचर पेश गर्नु पर्नेछ ।
५) बढी रकम बोलकबोल गरी स्वीकृत भएमा सो को ७ दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापतको १०% रकम जफत हुनेछ ।
६) कुनै पनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलकबोल स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
७) इच्छुक खरिद कर्ताले खरिद गर्न चाहेको सम्पति जे जस्तो अवस्था र परिणाममा छ सो अवस्था र परिणाममा खरिद गर्नु पर्नेछ । लिलाम बिक्री हुने सम्पति बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहने महानुभावहरूले यस संस्थामा सम्पर्क राख्न सकिनेछ ।
८) सहकारी ऐन २०७४ को दफा ७९(६) तथा सहकारी नियमावली २०७५ को नियम ३५ अनुसार उक्त सम्पति संस्था आफैले सकार गरी आफ्नै अधिनमा राख्न सकिनेछ ।
९) उक्त लिलाममा राखेको सम्पतिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर लगायतका अन्य सम्पूर्ण दायित्व सकार गर्ने व्यक्तिले तिर्नु पर्नेछ ।
१०) डाँक बढाबढमा बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा ब्याज प्रदान गरिने छैन । साथै, लिलाम सदर/बदर को निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न पाईने छैन ।

मौन अवधि...

पृष्ठ १ बाट क्रमशः

पक्ष वा विपक्षमा कुनै पनि सन्देश सूचना प्रचार सामग्रीलगायत पोस्ट, सेयर, लाइक र कमेन्ट गर्न पनि नपाइने उनको भनाइ छ ।

'कुनै पनि विधि, प्रकारले मत माग्न पाइँदैन । सामाजिक सञ्जाल, अनलाइन, छापाबाट उम्मेदवारको पक्ष वा विपक्षमा सूचना सन्देश सम्प्रेषण गर्न पाइँदैन । पक्ष-विपक्षमा लाइक, कमेन्ट र सेयरजस्ता प्रचारका कुनै क्रियाकलाप गर्न पाइँदैन,' उनले भने ।

कार्यवाहक आयुक्त भण्डारीले मतदानको तीन घण्टाअघिदेखि मतदान समाप्त नभएसम्म मतदान केन्द्रमा खटिएका व्यक्ति वा कर्मचारीलाई बाधा हुने गरी कुनै काम गर्न नपाइने पनि बताए । 'मतदान केन्द्र रहेको घर, भवन वा सोस्थल वरिपरि असर पर्ने गरी शान्ति भंग गर्ने वा भय त्रास पैदा हुने गरी निर्वाचन वातावरण बिथोल्न पाइँदैन । मतदानस्थल वरिपरि साउन्ड सिस्टम राख्न र ठुलो स्वरले बजाउन पाइँदैन । बाजागाजा बजाउने, नाचगान, भोजभतेर गर्ने, जुलुस प्रदर्शन, जुनसुकै किसिमको सभा समारोह गर्न, हुलहुज्जत, होहल्ला गर्न पाइँदैन,' उनले भने ।

अनुगमन अधिकृतलाई निर्देशन

आयोगले ७७ वटै जिल्लामा आचारसंहिता अनुगमन अधिकृतलाई सूक्ष्म अनुगमन गर्न निर्देशन दिएको छ । आयोगले सहायक प्रमुख जिल्ला अधिकारी र कोष तथा लेखा नियन्त्रक प्रमुखलाई फरक-फरक कार्य जिम्मेवारीसहित अनुगमन अधिकृत तोकेको छ । अनुगमन अधिकृतलाई आयोगले मौन अवधिमा आचारसंहिताले तोकेका सबै पक्षले पालना गर्नुपर्ने आचरणको प्रभावकारी परिपालनाको अनुगमन गर्न निर्देशन दिएको प्रवक्ता नारायण भट्टराईले बताए ।

उनका अनुसार निर्वाचन आचारसंहिताको दफा १७ मा 'मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म पालना गर्नुपर्ने विशेष आचरण र दफा १८ मा मतदानको दिन पालना गर्नुपर्ने आचरण परिपालनाको सम्बन्धमा अनुगमन गरी उक्त व्यवस्थाको कार्यान्वयनलाई प्रभावकारी बनाउन आफ्नो जिल्लाभित्र सूक्ष्म अनुगमन गर्न' निर्देशन दिइएको छ ।

त्यस्तै, आचारसंहिता तथा निर्वाचन (कसुर तथा सजाय) ऐनविपरीतका कार्य गरेको पाइएमा जिल्ला आचारसंहिता अनुगमन समितिसमेतको सहकार्यमा अनुगमनकर्ताको अधिकार प्रयोग गरी निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन गराउन निर्देशन दिइएको छ । 'जिल्लामा अनुगमन संयन्त्र छ । मौन अवधिमा आचार-संहिताविपरीतका क्रियाकलाप हुन नदिन र गर्नेउपर निगरानी राख्न अनुगमन अधिकृतको टोलीलाई थप निर्देशन दिइएको छ,' उनले भने ।

घुम्ती टोली परिचालन

मौन अवधिमा दल र उम्मेदवारको गतिविधि निगरानी तथा आचारसंहिता पालना गराउन ७७ वटै जिल्लामा घुम्ती टोली परिचालन गरिएको छ । आयोगका अनुसार प्रमुख जिल्ला अधिकारीले सुरक्षा निकायसँग समन्वय गरी सूक्ष्म अनुगमन गर्न टोलटोलमा घुम्ती टोली परिचालन गरिएको हो ।

कार्यवाहक प्रमुख आयक्त भण्डारीले सहायक सिडिओको नेतृत्वमा आचारसंहिता अनुगमन समितिको टोली, निर्वाचन अधिकृत तहबाट छुट्टै र सुरक्षा निकायले आफ्नो संयन्त्र परिचालन गरेर निगरानी गरिरहेको बताए । 'प्रमुख जिल्ला अधिकारीले सबै सरोकारवालासँग समन्वय गरेर घुम्ती टोलीहरू आवश्यकताअनुसार परिचालन गरेका छन् । सूक्ष्म अनुगमन गर्न हाम्रो अनुगमन अधिकृत पनि परिचालित छन्, सूचना संकलन गरिरहेका छन्,' उनले भने ।

के हुन्छ कारबाही ?

कार्यवाहक प्रमुख आयुक्त भण्डारीले आचारसंहिता पूर्णपालना गराउन निर्वाचन अधिकृत, मुख्य निर्वाचन अधिकृत, स्थानीय प्रशासन, प्रहरी प्रशासन सबैलाई निर्देशन जारी गरिसकेको बताए । मौन अवधिका वेला आचार-संहिताविपरीतका कार्य भएमा निर्वाचन कसुर तथा सजाय ऐनअनुसार कारबाही हुने र निर्वाचनलाई असर गर्ने खालका गतिविधिहरू भएमा प्रचलित कानुनबमोजिम तत्काल कारबाही हुने भण्डारीले बताए । निर्वाचन कसुर सजाय ऐनमा अधिकतम दुई लाखसम्म जरिवाना र तीन वर्षसम्म कैद सजाय हुने व्यवस्था छ ।

सीमानाका पनि बन्द

निर्वाचनको सुरक्षालाई केन्द्रित गरेर सोमबार रातिदेखि नेपाल भारत सीमानाका पनि बन्द गरिएको छ । नेपालका २७ जिल्ला भारतसँग सीमा जोडिएका छन् । गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले निर्वाचन सुरक्षाका लागि ७२ घण्टा सीमानाका बन्द गरिएको बताए । मतदान सकिएको दिन राति १२ बजेपछि मात्रै सीमानाका खुला गरिनेछ ।

आयोगले मौन अवधिमा मदिरा बिक्री, वितरण र सेवनमा निषेध गरेको छ । मतदान तथा मतगणनाको अवधिमा शान्तिपूर्ण अवस्था कायम राख्नका लागि मतदानको मितिभन्दा सात दिनअघिदेखि मतगणना सम्पन्न नभएसम्म मदिरा निषेध गरिएको आयोगका प्रवक्ता नारायण भट्टराईले बताए ।

सबै मतदानस्थलमा मतपत्र पुग्यो

आयोगका अनुसार सबै मतदानस्थलमा मतपत्र, मतपेटिका, मतदान कर्मचारी, निर्वाचन सामग्री पुगेका छन् । डोल्पाबाहेक सबै जिल्लाका मतदानस्थलमा सुरक्षाकर्मी पनि पुगेका छन् । 'मतदान कर्मचारीले अब उम्मेदवारहरूसहित सर्वपक्षीय बैठक गर्छन् । मतदान केन्द्रको बाउन्ड्री तोक्छन् । त्योभित्र केही गर्न पाइँदैन भनेर सूचना टाँस्छन् । मतदान केन्द्रका लागि स्वयंसेवकहरू तोक्छन् । उनीहरूलाई तालिम दिन्छन् । यसले यो काम गर्ने, काम विभाजन हुन्छ । आयोगले स्वीकृत गरेको मतदान निर्देशिका अनुसार मतदान केन्द्रको सबै स्वरूप तयार गर्छन्,' सूचना अधिकारी सुमन घिमिरेले भने ।

काठमाडौंबाट...

पृष्ठ १ बाट क्रमशः

तर, १४ फागुनदेखि भने उपत्यका छाड्नेको संख्या बढ्न थालेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एसएसपी नवराज अधिकारीले बताए । उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार १४ फागुनमा उपत्यकाबाट ४२ हजार ८२२ जना बाहिरिएका थिए भने ३२ हजार ९२३ जना भित्रिएका थिए ।

यस्तै, १५ फागुनमा ५२ हजार ८३ यात्रु बाहिरिएका छन्, जबकि ३२ हजार ९२३ मात्रै भित्रिएका छन् । त्यस्तै, १६ फागुनमा ५२ हजार ६५३ यात्रुहरू बाहिरिएका थिए भने उपत्यका भित्रिने यात्रु संख्या ३३ हजार ८८६ छन् । १७ फागुनमा पनि ठुलो संख्यामा यात्रु बाहिरिएका छन् । सबै प्रकारका सवारीसाधनमार्फत ५३ हजार ४०७ यात्रुहरू बाहिरिए भने ३१ हजार ६७३ यात्रुहरू भित्रिएका छन् । १८ फागुनमा ५७ हजार ३७१ हजार यात्रुले काठमाडौं छाड्दा ३८ हजार पाँच सय यात्रु उपत्यका भित्रिएका छन् ।

'सडकमा निकै चहलपहल छ, यसले चुनाव नजिकिएको पनि संकेत गर्छ, देश-विदेशबाट गाउँ फर्किनेको संख्या बढेको छ,' एसएसपी अधिकारीले भने, 'उपत्यकाका सबैजसो नाकामा १४ फागुनदेखि सवारीसाधनको चाप बढेको छ, अझ हामीसँग भएको तथ्यांकभन्दा बढी यात्रुहरू बाहिरिएका हुन सक्छन् किनभने सबै प्रकारको तथ्यांक ट्राफिकलाई नआएको पनि हुन सक्छ ।'

एसएसपी अधिकारीका अनुसार १४ फागुनदेखि उपत्यकाका सबैजसो नाकामा सवारी चाप उल्लेख्य रूपमा बढेको छ । दैनिक सात हजारभन्दा बढी यात्रुवाहक सवारीसाधन बाहिरिन थालेका छन्, जबकि अन्य समयमा यो संख्या चार हजारहाराहारीमा हुन्थ्यो । १५ फागुनमा मात्रै पाँच हजार दुई सय यात्रुवाहक सवारीसाधन बाहिरिएका थिए ।

यसपटक १८-१९ फागुनमा होली, २०-२२ चुनावी बिदा, २३ फागुन शनिबार र २४ फागुनमा नारी दिवस परेकाले लामो बिदा परेको छ । यही कारण चुनावी माहोलसँगै पारिवारिक भेटघाट र पर्व मनाउन गाउँ फर्किनेको संख्या उच्च भएको मानिएको छ ।

ट्राफिक प्रहरीका अनुसार सबैभन्दा धेरै यात्रु मधेश प्रदेशतर्फ गइरहेका छन् । मधेशमा होली धुमधामले मनाइन्छ । यसपटक चुनाव र पर्व सँगै परेपछि यात्रु बढेका हुन् ।

चुनावी यात्रालाई लक्षित गर्दै नागढुंगा, बल्खु, साँखु, भक्तपुरको जगाती, माछापोखरीलगायत नाकामा चेकजाँच कडा पारिएको छ । निर्वाचन सुरक्षामा ठुलो संख्यामा प्रहरी परिचालन गरिएकाले सडक व्यवस्थापनमा भने तुलनात्मक रूपमा कम ट्राफिक प्रहरी देखिएको नेपाल प्रहरीले जनाएको छ ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका कार्यवाहक अध्यक्ष सरोज सिटौलाका अनुसार यसपटक आठ लाखदेखि नौ लाख यात्रुले उपत्यका छाड्ने अनुमान छ । 'चुनाव मात्र होइन, होली र लामो बिदाले पनि संख्या बढाएको हो,' उनले भने । उनका अनुसार हाल हिउँदयाम भएकाले बाटोघाटो असहज भने छैन । तर, कतिपय सवारीसाधनले क्षमताभन्दा बढी यात्रु बोक्ने गरेका कारण ट्राफिक प्रहरीले चेकजाँचमा कडाइ गर्नुपर्ने सिटौलाको भनाइ छ ।

नेपाल प्रहरीले भने ठ्याक्कै यति यात्रु बाहिरिन्छन् भनेर पूर्वानुमान गर्न सकेको छैन । 'संख्या अझै यकिन गरेका छैनौँ । तर, लाखौँको संख्यामा मानिसले उपत्यका छाड्छन्,' उनले भने, 'कति बाहिरिन्छन् भन्ने एक-दुई दिनमा यकिन हुन्छ ।' अग्रिम टिकट बुकिङ पनि उल्लेख्य बढेको छ । अधिकांशले अनलाइनमार्फत टिकट लिएका छन् भने कतिपय बसपार्कमै पुगेर अग्रिम बुकिङ गरिरहेका कार्यवाहक अध्यक्ष सिटौलाले बताए ।

लोत्से बहुउद्देश्यीय संस्था, अरनिको यातायात, खप्तड यातायात, बुद्धभूमि यातायात, नारायणी यातायात, नमस्ते यातायात, पश्चिम नेपाल बस व्यवसायी समिति, पूर्वी नेपाल बस व्यवसायी समिति, पोखरा बस व्यवसायी समितिले यात्रुहरूलाई टिकट वितरण गर्छन् । हाल अधिकांश बस रिजर्भ भइसकेका छन् । अधिकांश यात्रुले १८ र १९ फागुनको टिकट बनाएका छन् । नयाँ बसपार्कस्थित पश्चिम नेपाल बस व्यवसायी समितिका मधु रानाले धेरैजसोले अनलाइनबाट टिकट बुक गराएको बताए ।

क्षमताभन्दा बढी यात्रु नबोक्न निर्देशन

चुनावका वेला रिजर्भ सवारीसाधनको प्रयोग बढ्ने गरेको छ । कतिपय अवस्थामा उम्मेदवारहरूले मतदातालाई अप्रत्यक्ष रूपमा सवारी व्यवस्थापन गर्ने प्रवृत्ति पनि देखिन्छ । तर, निर्वाचन आयोगले यस्तो कार्य नगर्न निर्देशन दिएको छ । रिजर्भ सवारीमा क्षमताभन्दा बढी यात्रु राखिँदा दुर्घटनाको जोखिम बढ्ने भएकाले प्रहरीले कडाइका साथ अनुगमन गरिरहेको जनाएको छ । राजमार्गमा समेत ट्राफिक प्रहरी परिचालन गरी नियम उल्लंघन गर्नेविरुद्ध कारबाही भइरहेको एसएसपी अधिकारीले बताए । निर्वाचन सुरक्षालाई ध्यानमा राख्दै नेपाली सेना र सशस्त्र प्रहरीसमेत परिचालन भइसकेका छन् । संवेदनशील क्षेत्रमा सडकस्तरमै सुरक्षा उपस्थिति बढाइएको छ ।

२० फागुनको रातिबाट सवारीसाधन बन्द

सरकारले २० फागुन राति १२ बजेदेखि २१ फागुन साँझ ५ बजेसम्म अत्यावश्यकबाहेक सबै सवारीसाधन सञ्चालनमा रोक लगाउने निर्णय गरेको छ । सो समयमा एक पालिकाबाट अर्को पालिकामा सवारीसाधन प्रवेश गर्न दिइनेछैन । यो नियम निजी सवारीमा समेत लागू हुनेछ । एम्बुलेन्स, दमकल, शववाहन, खाद्यान्न, विद्युत्, खानेपानी, औषधि, रक्तसञ्चार सेवा, सञ्चार संस्था र सुरक्षाकर्मीका सवारीसाधन भने सञ्चालनमा रहनेछन् ।

युएईमा...

पृष्ठ १ बाट क्रमशः

अमेरिका र इजरायलले इरानमाथि गरेको सैन्य हमला तथा इरानी सर्वोच्च शासक अयोतुल्लाह खामेनीको मृत्युपछि मध्यपूर्व झनै अशान्त भएको छ । इजरायल र इरानबिच सोमबार पनि क्षेप्यास्त्र हानाहान भएको छ ।

इजरायलमा ६ हजार पाँच सय नेपाली कार्यरत छन् । इजरायलमा इरानबाट क्षेप्यास्त्र तथा रकेट हमला हुँदै आएको छ । तेलअभिभस्थित कार्यवाहक नेपाली राजदूत ओम भण्डारीले नेपालीहरू सुरक्षित रहेको जानकारी दिए । 'अहिलेसम्म नेपालीहरू सुरक्षित हुनुहुन्छ । उहाँहरूसँग हामी समन्वय र सम्पर्कमा छौँ,' भण्डारीले टेलिफोनमा भने ।

लेबनानको हिजबुल्लाह समूहले इजरायलमाथि गरेको हमलापछि इजरायली सेनाले गरेको जवाफी कारबाहीमा ३१ लेबनानी नागरिक मारिएका छन् । लेबनान सरकारले विद्रोही हिजबुल्लाहको सैनिक गतिविधिमा प्रतिबन्ध लगाएको छ । लेबनानमा एक हजार पाँच सय नेपाली कामदार सुरक्षित छन् ।

लेबनान हेर्ने इजिप्टस्थित नेपाली राजदूतावास र बेरुतस्थित अवैतनिक महावाणिज्य दूतावासले नेपाली समुदायलाई कन्सुलर सेवा सक्रिय रहेको भन्दै दर्ता रजिस्टरमा नाम दर्ता गर्न आह्वान गरेका छन् । उनीहरूले सोमबार सूचना प्रकाशित गरेका छन् ।

'हामी लेबनानमा बसोबास गर्ने सम्पूर्ण नेपाली नागरिकहरूलाई हाम्रो वेबसाइटमार्फत नागरिक दर्ता रजिस्टरमा दर्ता गर्न आग्रह गर्दछौँ । यो आपत्कालीन अवस्थामा तपाईंहरूलाई तीव्र र प्रभावकारी सहयोग प्रदान गर्न सक्षम बनाउने महत्त्वपूर्ण कदम हो,' सूचनामा भनिएको छ ।

कुवेतमा सोमबार तीन अमेरिकी युद्धविमानमा आक्रमण भएको छ । तीनवटै विमान खसालिएको इरानको दाबी छ । तर, अमेरिकी अधिकारीहरूले झुक्किएर कुवेतका तर्फबाट मिस फायर भएको प्रस्टीकरण दिएका छन् । कुवेतमा पनि अमेरिकी सेनाको बेस छ । कुवेतमा पौने दुई लाख नेपाली कार्यरत छन् । कुवेतस्थित अमेरिकी सेनाको बेसमा पनि नेपालीहरू कार्यरत रहेको अनुमान छ । तर, सरकारसँग यकिन तथ्यांक छैन । कुवेतस्थित नेपाली राजदूत घनश्याम लम्सालले नेपालीहरू सुरक्षित रहेको बताए ।

यस्तै, मध्यपूर्वमा बहराइन, कुवेत, कतार, युएई, इराक, साउदी अरब, जोर्डनका ११ ठाउँमा अमेरिकी सेना स्थायी रूपमा तैनाथ छन् । इरानले यी सबै अमेरिकी सैन्य संरचनालाई लक्षित गरी आक्रमण गर्दै आएको छ । यी सबै ठाउँमा नेपाली छन् ।

बहराइनमा २८ हजार, कुवेतमा एक लाख ७५ हजार, कतारमा तीन लाख ५७ हजार ९१३, युएईमा सात लाख, इराकमा ३० हजार, साउदी अरबमा तीन लाख ८४ हजार ८६५ र जोर्डनमा तीन हजार नेपाली कार्यरत छन् । इरानमा ६ जना, इजरायलमा ६ हजार पाँच सय (थप २५ सय भारतीय राहदानीमा नेपालीहरू रहेको), इजिप्टमा पाँच सय, ओमानमा २५ हजार, साइप्रसमा १७ हजार नेपाली कार्यरत छन् ।

आधारभूत...

पृष्ठ १ बाट क्रमशः

करिब एक घण्टाको पैदल दूरीमा रहेको छिमेकी गाउँ सेहरी वा धनगढी पुग्नुपर्छ । दुई दशकयताका हरेक चुनावमा उम्मेदवारहरूले सडक कालोपत्रे गरिदिने आश्वासन दिए । खानेपानी सुविधा पुर्‍याउने र स्वास्थ्य चौकी बनाइदिने भनेर मत मागे । तर, २० वर्षसम्म गाउँमा सडक कालोपत्रे नभएको स्थानीयको गुनासो छ । फेरि अहिलेको चुनावमा उम्मेदवारलाई मत माग्ने एजेन्डा यही नै बन्यो ।

७५ वर्षीय दसिराम चौधरी नेताका आश्वासनमा विश्वास लाग्न छोडेको बताउँछन् । चुनावका वेला मात्र आउने नेता जितेर गएपछि नफर्किएको उनले गुनासो गरे । 'चुनावका वेला यसो गर्छौं, उसो गर्छौं भनेर आउँछन्, जितेर गएपछि कोही पनि फर्केनन्,' चौधरीले भने, 'चुनावकै वेला हो यो गाउँमा नेताहरूको मुख देखिने ।'

स्थानीयका अनुसार सरकारले कमैया मुक्तिको घोषणा गरेपछि करिब दुई दशकअघि तत्कालीन धनसिंहपुर र बेलादेवीपुर गाविसका करिब पाँच दर्जन मुक्त कमैया परिवारलाई धनचौरीस्थित खुटिया नदीको छेउमा प्रतिपरिवार पाँच कट्ठासम्म जग्गा दिएर पुनर्स्थापना गरेको थियो । नदीको छेउमै रहेका बस्तीका बासिन्दालाई बर्खायाममा नदीले दुःख दिन्छ । खुटियामा आउने बाढी पस्दा बर्खामा डुबान हुन्छ ।

स्थानीय ६० वर्षीय छोटेलाल चौधरीले पुनर्स्थापना भएर धनचौरी शिविर आएपछि चारपटक मतदान गरिसकेका छन् । आफूहरू आउँदा र अहिले गाउँको अवस्थामा कुनै परिवर्तन नभएको उनले बताए । 'अहिले पनि गाउँमा सडक उस्तै छ । खानेपानी छैन, नल्का (चापाकल)को पानी पिउँछौं । गाउँमा स्वास्थ्य चौकी छैन । आश्वासन देखाउँदै भोट मागेर जितेकाहरूले केही गरेनन्,' चौधरीले भने ।

खुटिया नदीबाट ढुंगाबालुवा बोक्न बस्तीकै बाटो भएर बिहानदेखि रातिसम्म दैनिक दर्जनौं गाडी चल्छन् । गाडी आउँदा उड्ने धुलोले सडक छेउछाउका घरमा बसिनसक्नुको स्थिति हुने गरेको छोटेलालले बताए । नजिकै रहेको झोलुंगे पुलको छेउतिर केही मिटर सडक कालोपत्रे छ ।

गाउँका भल्मन्सा (मुखिया) राममिलन चौधरीका अनुसार धनचौरी शिविरमा करिब ६० परिवार मुक्त कमैयाको बसोबास छ । सबैजसोका कच्ची घर छन् । उनीहरूलाई रोजगारीको व्यवस्था छैन । अधिकांश स्थानीय नजिकको बजार धनगढीमा मजदुरी गरेर जीवनयापन गर्छन् । कतिपयले खुटिया नदीमा गिटी चाल्ने काम गर्छन् । सडक, शिक्षा, खानेपानी, तटबन्धसँगै रोजगारीको आश्वासन देखाएर यसपालि पनि उम्मेदवारहरू घरदैलोमा आएको उनले बताए ।

गाउँमा रातबिरात बिरामी परे अस्पताल पुर्‍याउने गाडी पनि नरहेको राममिलनले गुनासो गरे । मजदुरीदेखि हरेक कामका लागि धनगढी जानुपर्ने भएकाले गाउँदेखि धनगढीसम्मको सडक कालोपत्रे भइदिए धेरै सहज हुने उनको भनाइ छ । धनचौरीबाट धनगढी आउन बिचमा जंगल पर्छ । धनगढीको जाखोरतालसम्म कालोपत्रे सडक छ । जाखोरतालदेखि जंगलमा केही भाग सडक कालोपत्रे गरिएको तीन महिनामै जीर्ण बनेको छ ।

सडक कालोपत्रे नहुँदा अत्तरियामा रहेको नगरपालिका कार्यालय जान धनगढी भएर जानुपरेको स्थानीयले बताए । नगरपालिकाले पनि विकासमा ध्यान नदिएको उनीहरूको गुनासो छ । गाउँमा आठ कक्षासम्म पढाइ हुने समैजी आधारभूत विद्यालय छ । ९-१० कक्षा पढ्न छोराछोरीलाई सेहरीमा रहेको सरस्वती माविमा पठाउने गरेको स्थानीय फूलकुमारी चौधरीले बताइन् । उनका अनुसार नजिक स्कुल नहुँदा र परिवारको आर्थिक अवस्था कमजोर हुँदा अधिकांश बालबालिकाले बिचमै पढाइ छोडेर मजदुरी गर्छन् । 'चुनावको वेला मात्र हो नेताहरू विकास गर्छौं भन्ने । अहिलेसम्म बाटो त बनेको छैन,' उनले भनिन् ।

घरको नाजुक आर्थिक अवस्थाकै कारण खुसीरामका छोरा १२ कक्षा पढ्दापढ्दै अध्ययन छाडेर मजदुरी गर्न बाध्य भए, अहिले गाडी चलाउँछन् । 'घरको अवस्था देखेर छोराले पनि १२ मा पढाइ छाडेर मजदुरी काम सुरु गर्‍यो,' रिक्साचालक खुसीरामले भने, 'अहिले अर्काको गाडी चलाउँछ ।' नदीछेउको जमिन भएकाले बैंकले पनि धितो राख्न नमान्ने भएकाले ऋण लिएर केही गर्न चाहनेले पनि केही नपाएको बताए । मुक्त कमैया शिविरसँगै पश्चिमतिर धनचौरीमा अन्य समुदायको पनि बस्ती छ । विकास सुविधाबाट वञ्चित गाउँभरिको समस्या उस्तै छ ।

भल्मन्सा चौधरीका अनुसार नदीकिनारमा भएकाले मुक्त कमैया शिविर अन्यत्र सार्ने चर्चा विगतदेखि उठेको थियो । भूमिसुधार मन्त्रालयसम्मै कुरा पुगे पनि काम नभएको उनले बताए । 'सुकुमवासी बस्तीका समस्या नेताहरूले अब बुझिदिनुपर्छ । नदीमा तटबन्ध, सडक, स्वास्थ्य चौकी, खानेपानीको सुविधा हुनुपर्‍यो,' अर्काको ट्र्याक्टर चलाउँदै आएका चौधरीले भने, 'तालिम दिएर हामीलाई आयआर्जन र रोजगारसँग जोडिदिनुपर्‍यो ।'

डोल्पाबाहेक...

पृष्ठ १ बाट क्रमशः

सुरक्षाका लागि गृहले संवेदनशीलताका आधारमा सुरक्षाकर्मी परिचालन गरेको छ । अतिसंवेदनशीलमा न्यूनतम १३ देखि ८० जनासम्म सुरक्षाकर्मी परिचालन गरेको छ । त्यस्तै, संवेदनशीलमा ९ र सामान्यमा ६ सुरक्षाकर्मी परिचालन गरेको छ । प्रहरीका अनुसार ८० सुरक्षाकर्मी परिचालन गरिएका निर्वाचनस्थल १३ वटा छन् । धेरै मतदाता भएको र सुरक्षाका दृष्टिले अतिसंवेदनशील मानिएको स्थलमा अन्यको तुलनामा धेरै सुरक्षाकर्मी परिचालन गरिएको हो ।

नेपाल प्रहरीका प्रवक्ता डिआइजी अविनारायण काफ्लेले संवेदनशीलताका आधारमा निर्वाचनस्थलमा ६ देखि ८० जनासम्म सुरक्षाकर्मी परिचालन गरिएको बताए । 'सुरक्षा संवेदनशीलताका आधारमा निर्वाचनस्थललाई तीन तहमा वर्गीकरण गरिएको छ । सोही आधारमा न्यूनतम ६ देखि ८० जनासम्म सुरक्षाकर्मी परिचालन गरिएका छन् । धेरै मतदाता भएका निर्वाचनस्थलमा धेरै सुरक्षाकर्मी चाहिन्छ । त्यस्ता ठाउँमा ८० जनासम्म सुरक्षाकर्मी परिचालन गरिएका छन्,' उनले भने ।

सुरक्षा योजनाअन्तर्गत नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, गुप्तचर र निर्वाचन प्रहरी गरी कुल तीन लाख ३८ हजार ८९० सुरक्षाकर्मी निर्वाचनको दौरानमा खटिँदै छन् । जसअनुसार नेपाली सेना ७९ हजार ७२७, नेपाल प्रहरी ७५ हजार ४९७, सशस्त्र प्रहरी ३४ हजार ५७६, निर्वाचन प्रहरी एक लाख ४९ हजार ९० र राष्ट्रिय अनुसन्धान विभागका गुप्तचर एक हजार ९२१ खटिएका छन् ।

निर्वाचन आयोगले १० हजार ९६७ निर्वाचनस्थल निर्धारण गरे पनि सुरक्षा संयन्त्रले मुलुकभर ११ हजार ९०१ क्षेत्रलाई निर्वाचन स्थल मानेको छ । सोही आधारमा उनीहरूले सुरक्षा संवेदनशीलताको विश्लेषण गरेका छन् । यस क्रममा कतिपय निर्वाचन केन्द्रलाई निर्वाचनस्थलकै हाराहारीमा सुरक्षाकर्मी खटाउनुपर्ने भएकाले यस्तो गरिएको हो । सोही कारण उनीहरूको तथ्यांकमा निर्वाचनस्थलको संख्या बढी हुन पुगेको हो । यस आधारमा अतिसंवेदनशील निर्वाचनस्थलको संख्या ४ हजार ६१४ छ, जुन कुल मतदानस्थलको ३८.७६ प्रतिशत हो । त्यसमध्ये बागमती र मधेश प्रदेशमा मात्रै क्रमशः एक हजार २८८ र एक हजार २४६ गरी कुल २५ सय ३४ छन् । यो कुल अतिसंवेदनशील स्थलको ५४.९१ प्रतिशत हो ।

अतिसंवेदनशीलमध्ये बाँकी ४५.०८ प्रतिशत अर्थात् दुई हजार ८० अन्य प्रदेशका निर्वाचनस्थल छन् । जसअनुसार उपत्यकामा १२, कोशीमा ४३९, गण्डकीमा ३२८, लुम्बिनीमा ४६२, कर्णालीमा ३५८ र सुदूरपश्चिममा ४८१ छन् ।

चार हजार ४४२ मतदानस्थल सुरक्षा चुनौती विश्लेषणका आधारमा संवेदनशील सूचीमा राखिएका छन् । जसमध्ये काठमाडौं उपत्यकामा २३७, कोशीमा ८२१, मधेशमा ७५५, बागमतीमा ४९७, गण्डकीमा ५७७, लुम्बिनीमा ७३८, कर्णालीमा ४२२ र सुदूरपश्चिममा ३९५ छन् । बाँकी दुई हजार ८४५ स्थल भने सामान्य मानिएका छन् ।

‘इलेक्सन इपिसेन्टर’ झापामा चुनावी सुरक्षा कडा, नौ हजार सुरक्षाकर्मी परिचालन

ढुक्क भएर मतदान गर्न प्रशासनको आग्रह, प्रत्यक्षतर्फको गणना सुरु भएको २४ घण्टाभित्र परिणाम दिने तयारी

झापामा **चिरञ्जीवी घिमिरे**

हेभिवेट उम्मेदवारको भिडन्तले इलेक्सन इपिसेन्टर झापामा चुनावी सुरक्षा कडा पारिएको छ। सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै स्थानीय प्रशासनले नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र निर्वाचन प्रहरीसहित नौ हजार सुरक्षाकर्मी परिचालन गरेको छ।

नेपाल प्रहरीले झापाको सुरक्षा संवेदनशीलतालाई विश्लेषण गरी झापा र इलामको समन्वय गर्ने गरी प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीसहित ठुलो संख्यामा प्रहरी परिचालन गरेको छ। २८५ मतदानस्थल रहेको झापामा ४३ वटा मतदानस्थल समान्य, १४७ संवेदनशील र ९५ वटा अतिसंवेदनशील मतदानस्थल छन्। सुरक्षाका लागि मतदानस्थलमा जाने कर्मचारीसँगै सुरक्षाकर्मी पनि परिचालन गरिसकिएको झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलाललले बताए। नेपाल प्रहरी पहिलो, सशस्त्र दोस्रो र नेपाली सेनाले तेस्रो घेरामा रहेर सुरक्षा दिनेछ।

उनका अनुसार तीनै तहका सुरक्षा निकायले संयुक्त गस्ती र पेट्रोलिङ गरिरहेका छन्। झापा निर्वाचन शान्तिपूर्ण हुने प्रजिअ गेलालको दाबी छ। ‘हामी ढुक्क भएर मत खसाल्न आउन नागरिकलाई आग्रह गर्दछौं,’ उनले भने।

जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक खगेन्द्र खड्काका अनुसार अन्य समयभन्दा निर्वाचनका समयमा दोब्बर प्रहरी परिचालन गरिएको छ। तीनवटै सुरक्षा निकायले एकीकृत सुरक्षा योजना २०८२ अनुसार काम गरिरहेको उनले बताए। ‘एकीकृत सुरक्षा योजनाअनुसार हामी संयुक्त परिचालन भएका छौं,’ उनले भने, ‘नियमित संख्याभन्दा दोब्बर बढी सुरक्षाकर्मी परिचालन गरिएको छ। पर्याप्त मात्रामा थप सुरक्षाकर्मी खटाइएको छ। झापाको सुरक्षा व्यवस्था पर्याप्त छ।’

झापा ५ मा एमाले अध्यक्ष केपी ओली र रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह ‘बालेन’ आमनेसामने छन्। एमालेले ओली र रास्वपाले शाहलाई भावी प्रधानमन्त्री घोषणा गरेर चुनावमा होमिएका छन्। त्यस्तै, झापा २ मा निवर्तमान सभामुख देवराज घिमिरे र उपसभामुख इन्दिरा राना चुनावी मैदानमा छन्। राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन पनि झापाबाटै उम्मेदवार छन्।



दमकमा चुनावी गस्ती गर्दै सुरक्षाकर्मी। तस्बिर सौजन्य : झापा प्रहरी

मतदानस्थल र केन्द्रमा पुगे कर्मचारी र सामग्री

आगामी बिहीबार हुने प्रतिनिधिसभा निर्वाचनका लागि झापाका मतदानस्थल र मतदान केन्द्रमा कर्मचारी पुगेका छन्। सोमबार साँझ नै सामग्रीसहित पाँचवटै निर्वाचन क्षेत्रका सबै मतदानस्थल र केन्द्रमा कर्मचारी पुगेको जिल्ला निर्वाचन कार्यालय झापाले जनाएको छ। मंगलबारदेखि मतदान केन्द्रको तयारीमा कर्मचारी जुट्ने जिल्ला निर्वाचन कार्यालय झापाका प्रमुख तुलसीकुमार नेपालले बताए।

पाँचवटा निर्वाचन क्षेत्रका लागि ९० जना उम्मेदवार जनमत परीक्षणका लागि चुनावी मैदानमा छन्। यहाँ तीन लाख ५८ हजार ३४६ पुरुष, तीन लाख ५५ हजार १८३ महिला र आठ अन्य गरी सात लाख १३ हजार ५३७ मतदाता छन्। जसमा ५० हजार २२६ मतदाता थपिएका हुन्। झापामा कुल २८५ मतदानस्थल र ८१५ वटा मतदान केन्द्र छन्। यी मतदानस्थल र केन्द्रमा १० प्रतिशत बढी मतपत्र पुगेका छन्। यसपटकको निर्वाचनमा चार हजार ९४५ स्थायी कर्मचारी खटिएको जिल्ला निर्वाचन कार्यालय झापाका प्रमुख नेपालले बताए। यी कर्मचारी स्थानीय तह, प्रदेश र संघमातहतका हुन्। त्यसमा केही शिक्षक पनि रहेको उनले बताए।

त्यस्तै, २ हजार ४४५ जना स्वयंसेवक खटिएको उनले बताए। उनीहरू सशुल्क कर्मचारी हुन्। स्थायी कर्मचारी आठ दिनका लागि निर्वाचनमा खटिएका हुन् भने स्वयंसेवक तीन दिनका लागि खटिएको प्रमुख नेपालले बताए। ०७९ मा भएको स्थानीय तह निर्वाचनमा झापामा ७० दशमलव ४३ प्रतिशत मत खसेको थियो भने प्रदेश सभा र प्रतिनिधिसभा निर्वाचनमा ६५ दशमलव ७७ प्रतिशत मत खसेको थियो। यसपटक भने ९० प्रतिशत मत खसाउने तयारीसहित निर्वाचन कार्यालय लागेको प्रमुख नेपालले बताए। ‘यसपटक मतदाता शिक्षा राम्रोसँग सञ्चालन भएको छ। तालिमप्राप्त स्वयंसेवक घरदैलोमा गएर मतदाता शिक्षा सञ्चालन गरेका छन्,’ उनले भने, ‘विद्यालयदेखि विभिन्न कार्यक्रम गरेर जनचेतना फैलाएका कारण यसपटक मत खस्ने संख्या बढ्ने आकलन गरेका छौं।’

यसपटक मतदान सम्पन्न भएपछि मत गणना सुरु भएको २४ घण्टाभित्र प्रत्यक्षतर्फको मतपरिणाम सार्वजनिक गर्ने तयारी गरहेको निर्वाचन कार्यालय झापाका प्रमुख नेपालले बताए। ‘भौगोलिक हिसाबले सहज भए पनि झापामा धेरै मतदाता छन्। तसर्थ, धेरै मतपेटिका हुन्छन्। संकलन गर्दा राति १२ बज्ने सम्भावना छ,’ उनले भने, ‘मतपेटिका संकलन भएपछि सर्वदलीय बैठक बसेर त्यही दिनबाट नै गणना सुरु हुन्छ। मतगणना सुरु भएको २४ घण्टाभित्र प्रत्यक्षतर्फ मतपरिणाम सार्वजनिक गर्ने तयारी छ।’

झापाका पाँचवटै निर्वाचन क्षेत्रको मतगणना सम्बन्धित निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयमा हुनेछ। यसका लागि आवश्यक तयारी सकिएको जिल्ला निर्वाचन कार्यालय झापाका प्रमुख नेपालले बताए। उनका अनुसार मतगणनास्थलमा सिसी क्यामेरा जडानदेखि तारजालीलगायत सम्पूर्ण तयारी सकिएको छ। मतगणनामा तालिमप्राप्त तीन सय कर्मचारी खटिने उनले बताए। यसपटक पाँचभन्दा धेरै स्थानमा मतगणना गरिने तयारी गरिएको उनले बताए।

■ सुदूरपश्चिममा निर्वाचन सुरक्षा

दुई सय ४५ मतदान केन्द्रमा सिसिक्यामेराबाट निगरानी गरिने

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिममा निर्वाचन सुरक्षालाई लक्षित गरेर निर्वाचन क्षेत्रहरूमा सुरक्षा जनशक्ति परिचालन गरिएको छ। नेपाल प्रहरी, सशस्त्र प्रहरीले मातहतका युनिटहरूमा जनशक्ति पठाउन थालेका छन्। निर्वाचनको सुरक्षाका लागि केही मतदानस्थलमा सिसिक्यामेराबाट समेत निगरानी गरिने भएको छ।

सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढीका अनुसार प्रदेशका नौवटै जिल्लामा सात हजार ५८ जना नेपाल प्रहरी परिचालन भएका छन्। यसमध्ये यहाँ अपुग सात सय जनशक्ति केन्द्रबाट माग गरिएको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक पदमबहादुर विष्टले बताए। नेपाल प्रहरीमातहत १३ हजार ६६९ जना निर्वाचन प्रहरी परिचालन गरिएको उनले बताए।

‘जिल्ला र मातहतका युनिटहरूमा जनशक्ति पठाउन थालिसकेका छौं। १० फागुनभित्र सबै जनशक्ति सम्बन्धित ठाउँमा पठाइसक्छौं,’ प्रहरी वरिष्ठ उपरीक्षक विष्टले भने, ‘सुरक्षा संवेदनशीलताका आधारमा मतदान केन्द्रमा परिचालन हुने जनशक्ति तोकेका छौं।’ उनका अनुसार एक निर्वाचनस्थल भएका सामान्य मतदान केन्द्रमा तीनजना प्रहरी र पाँचजना निर्वाचन प्रहरी, संवेदनशील केन्द्रमा तीन प्रहरी र ६ निर्वाचन प्रहरी तथा अतिसंवेदनशील केन्द्रमा तीन प्रहरी र १० जना निर्वाचन प्रहरी खटिँदै छन्।

थप मतदानस्थलमा प्रतिमतदान केन्द्र दुई-दुईजनाका दरले जनशक्ति खटिने प्रदेश प्रहरी कार्यालयले जनाएको छ। सुदूरपश्चिममा एक हजार १७६ वटा मतदान स्थल र दुई हजार १९९ वटा मतदान केन्द्र निर्धारण गरिएका छन्। तीमध्ये चार सय ८१ स्थललाई सुरक्षाका दृष्टिले अतिसंवेदनशीलको सूचीमा राखिएको प्रवक्ता विष्टले बताए। त्यस्तै, सात सय ५७ वटा स्थललाई संवेदनशील र नौ सय ८६ स्थललाई अतिसंवेदनशीलको सूचीमा राखेर सुरक्षा प्रबन्ध गरिएको उनले बताए।

प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक ओमबहादुर रानाले निर्वाचनको सुरक्षाका लागि चारवटै सुरक्षा निकाले समन्वयमा काम गरिरहेको बताए। एकीकृत सुरक्षा योजना बनाएर कार्यान्वयन गरिएको उल्लेख गर्दै उनले नागरिकले शान्तिपूर्ण रूपमा मतदान गर्न पाउने गरी सुरक्षा व्यवस्था मिलाइएको बताए। अतिसंवेदनशीलसहित चार सय ४५ मतदानस्थलमा नेपाल प्रहरीले सिसिक्यामेराबाट निगरानी गर्ने उनले बताए।

निर्वाचनका वेला गाउँपालिका र नगरपालिकामा दुई-दुई तथा उपमहानगरमा तीनवटा ‘मोबाइल’ गस्ती टोली पनि परिचालन हुने प्रदेश प्रहरी कार्यालयले जनाएको छ। जिल्लाको छुट्टै दुईवटा मोबाइल टोली परिचालन हुनेछन्। आकस्मिक अवस्थाका लागि हेलिकोप्टरसमेत तयारी अवस्थामा राख्ने गरी केन्द्रमा कुरा भइरहेको प्रदेश प्रहरी प्रमुख रानाले बताए। मतदानस्थलको पहिलो घेराको सुरक्षामा नेपाल प्रहरी खटिनेछ।

सुदूरपश्चिममा निर्वाचन सुरक्षाका लागि सशस्त्र प्रहरीको करिब तीन हजार सात सय जनशक्ति परिचालन हुँदै छ। सशस्त्र प्रहरीका निमित्त प्रदेश प्रमुख दिग्विजय सुवेदीले सशस्त्र प्रहरीअन्तर्गत एक हजार पाँच सय निर्वाचन प्रहरीसहित पाँच हजार दुई सय जनशक्ति परिचालन गर्न लागिएको बताए। केन्द्रको सुरक्षा नीतिअनुसार प्रत्येक निर्वाचन क्षेत्रमा सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकले टोलीको नेतृत्व गर्ने उनको भनाइ छ। एक-दुई दिनभित्र सबै क्षेत्रमा सशस्त्र प्रहरीको जनशक्ति परिचालन भइसक्ने सुवेदीले बताए।

निर्वाचनलाई मध्यनजर गर्दै आपराधिक घटना हुन नदिन सीमाक्षेत्रमा पनि चेकजाँच र सतर्कता बढाइएको छ। कतिपय ठाउँमा तालिमप्राप्त कुकुरसमेत परिचालन गरिएको छ। सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक सुवेदीले सीमाक्षेत्रमा चेकजाँच कडा गरिनुका साथै सीमाक्षेत्रमा साबिकभन्दा बढी निगरानी र सतर्कता बढाइएको छ। तराईका दुई जिल्ला कैलालीमा एक सय एक किलोमिटर र कञ्चनपुरमा एक सय २९.५ किलोमिटर खुला सिमाना भारतसँग जोडिएको छ।

निर्वाचनमा नेपाली सेनाले तेस्रो घेरामा रहेर सुरक्षा दिनेछ। विमानस्थल, कारागारजस्ता महत्त्वपूर्ण र संवेदनशील क्षेत्रको सुरक्षा जिम्मा नेपाली सेनाले लिएको छ। सुदूरपश्चिममा रहेका सातवटै जिल्ला कारागार, धनगढी विमानस्थल, नेपाल आयल निगमको प्रादेशिक कार्यालय धनगढीको सुरक्षा ‘कमान्ड’ नेपाली सेनाले लिएको प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक रानाले बताए। जेन-जी आन्दोलनका वेला कारागारबाट भागेका कैदीबन्दीबाट निर्वाचनको सुरक्षामा खतरा नहोस् भनेर पनि सतर्कता अपनाइएको उनले बताए।

संक्षेप

बाजुराका सात मतदानस्थलमा अझै छैन सडकको पहुँच

बाजुरा/ बाजुराका तीन स्थानीय तहका सातवटा मतदानस्थलमा सडकको पहुँच पुग्न सकेको छैन। त्रिवेणी नगरपालिका- ५ रामेश्वरी माबि किम्नी, गौमुल गाउँपालिका- १ अम्लिस माबि अम्लिस, हिमाली गाउँपालिका- ३ गंगा आधारभूत विद्यालय बौडी, हिमालभक्ति आधारभूत विद्यालय गुम्बा, वडा ३ ढुलाकोट आधारभूत विद्यालय कोट, बिच्छिया माबि बिच्छिया १, सुनन्दा आधारभूत विद्यालय बाम १ गरी सात वटा मतदानस्थलमा हालसम्म सडक सञ्जालको पहुँच पुग्न नसक्दा मतपेटिका पुऱ्याउन कठिनाइ भएको छ। बाजुराको नौवटा स्थानीय तहका ७९ वडामा ८७ हजार ८६१ मतदाता छन्। जसमध्ये ७७ मतदानस्थल, ११८ मतदान केन्द्र र एक अस्थायी मतदान केन्द्र रहेको प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलालेले बताए। शुक्रबारदेखि मतपेटिका सम्बन्धित मतदान केन्द्रमा पठाउने काम भइरहेको उनले बताए। सडक सञ्जालको पहुँचबाट टाढा रहेका मतदान केन्द्रहरूमा मतपेटिका मान्छे वा खच्चरद्वारा ढुवानी गर्ने व्यवस्था गरेको प्रमुख जिल्ला अधिकारी निरौलाले बताए।

मतदानस्थलको प्रमुख चुनौती भौगोलिक विकटता

सल्यान/ एक मात्र निर्वाचन क्षेत्र रहेको सल्यानमा कुल एक सय १७ मतदानस्थल र दुई सय पाँच मतदान केन्द्र निर्धारण गरिएको छ। तीमध्ये ४३ वटा मतदानस्थल अति संवेदनशील सूचीमा परेका छन्। जिल्ला सुरक्षा समितिले मतदातालाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा मतदान गर्ने सुनिश्चितता दिन निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालय र जिल्ला सुरक्षा समितिले संयुक्त रूपमा संवेदनशील तथा अति संवेदनशील मतदानस्थलको निरीक्षण गरी सम्भावित जोखिमको विश्लेषण गरेको जनाएको छ। सल्यानको भौगोलिक विकटता निर्वाचन व्यवस्थापनका लागि चुनौतीपूर्ण बनेको छ। भौगोलिक अवस्था, पहुँच मार्ग, सञ्चार सुविधा, सुरक्षा चुनौती र विगतका अनुभवलाई आधार मानेर मतदानस्थल वर्गीकरण गरिएको हो। कतिपय दुर्गम मतदानस्थलका मतपेटिका सदरमुकामसम्म ल्याउनै कठिन हुने देखिएको छ। केही स्थानका मतपेटिका सुरक्षित रूपमा संकलन गर्न अर्को जिल्ला हुँदै ल्याउनुपर्ने बाध्यता छ। अनुगमनपछि संवेदनशीलताको स्तरअनुसार सुरक्षा प्रबन्ध मिलाइएको छ।

भ्रष्टाचार मुद्दामा पक्राउ परेका प्रदेशसचिव धरौटीमा रिहा

काठमाडौं/ बाँकेको यातायात कार्यालयमा भएको भ्रष्टाचार मुद्दामा पक्राउ परेका लुम्बिनी प्रदेश, आन्तरिक मामिला मन्त्रालयका तत्कालीन सचिव लोकबहादुर सुनार धरौटीमा र लमजुङका सिडिओ रहेका सहसचिव उमेश ढुंगाना साधारण तारेखमा रिहा भएका छन्। विशेष अदालतका न्यायाधीश हेमन्त रावल, डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाको इजलासले आइतबार सो मुद्दामा बयानपछि थुनछेक आदेश सुनाएको हो। परीक्षाको परिणाम फेरबदल गरिएको प्रकरणमा लुम्बिनीका प्रदेशसचिव लोकबहादुर सुनारसँग लाइसेन्स परीक्षाको परिणाम फेरबदल प्रकरणमा १५ हजार तथा चोरीको गाडी दर्ता प्रकरणमा ३० हजार धरौटी माग भएको छ। दिनेशसिंह ठाकुर, नरभूपाल पौडेल र पुष्पकराज शर्मासँग जनही एक लाख, ओमराज गिरीसँग ५० हजार धरौटीमा छुटेका छन्। अख्तियार दुरुपयोग अनुसन्धान गत १४ फागुनमा १७ जनालाई नियन्त्रणमा लिएर विशेषमा मुद्दा चलाएको थियो। तीनवटा छुट्टाछुट्टै चल्दा ४४ प्रतिवादी थिए। जसमध्ये १७ जनालाई नियन्त्रणमा लिएर अदालतमा उपस्थित गराएको थियो। यातायात कार्यालयका कर्मचारी, ट्राफिक प्रहरी र ड्राइभिङ सेन्टर सञ्चालक मिली घुस उठाएर साढे पाँच हजार लाइसेन्स जारी गरेको अख्तियारको अनुसन्धानमा भेटिएको थियो।

■ होलीको उल्लास



वसन्तपुर दरबार क्षेत्रमा सोमबार रंग दलेर होली मनाइँदै। सोमबार होलिका दहन गरे पनि तराई मधेशमा भने मंगलबार (प्रतिपदाको दिन) होली मनाउने चलन छ। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

भिरबाट गाडी खस्दा मतदान अधिकृत र असइको मृत्यु

रामेछाप/ २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा खटाइएका कर्मचारी सवार तथा निर्वाचन सामग्री बोकेको ना ७ ख ६७६८ नम्बरको गाडी सोमबार रामेछाप नगरपालिका- २ स्थित स्वामीडाँडा भिरबाट खस्दा दुईजनाको मृत्यु भएको छ। दुर्घटनामा घाइते सातजनालाई उपचारका लागि सेनाको हेलिकोप्टरमार्फत् काठमाडौं लगिएको छ। तीनजना गाडीबाट हामफालेर ज्यान जोगाउन सफल भएका छन्।

रामेछापका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाका अनुसार दुर्घटनामा मतदान अधिकृत डोरप्रसाद घिमिरे र नेपाल प्रहरीका असइ आरपी यादवको ज्यान गएको हो। घिमिरे साँघुटार वडा कार्यालय मतदान केन्द्र ‘ख’ मतदान केन्द्रका मतदान अधिकृत थिए। उनको उपचारका क्रममा मन्थली अस्पतालमा ज्यान गएको हो। यादवको घटनास्थलमै ज्यान गएको हो। शीतलादेवी र साँघुटार वडा कार्यालय मतदान केन्द्रका लागि निर्वाचन सामग्री र कर्मचारी लिएर जाँदै गरेको गाडी दुर्घटनामा परेको थियो। त्यस्तै, निर्वाचनमा खटिएका कर्मचारीको मुस्ताङको थासाङ गाउँपालिका-२ खन्तीमा आइतबार राति भएको मोटरसाइकल दुर्घटनामा ज्यान गएको छ।

ग७प १४८६ नम्बरको मोटरसाइकल दुर्घटनामा परी बारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नम्बर २ को झोङस्थित जनप्रिय आधारभूत विद्यालय मतदान केन्द्रमा खटिएका कर्मचारी सुनील घतानेको मृत्यु भएको हो।

म्याग्दीको बेनीबजारबाट जोमसोमतर्फ जाँदै गरेको मोटरसाइकल आइतबार राति दुर्घटनामा परेको थियो। घाइते घतानेको उपचारको क्रममा जोमसोम अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रमुख प्रहरी नायब उपरीक्षक छिरिङकिप्पा लामाले बताए।

डिभिजनल वन अधिकृत संघमातहत ल्याउने सरकारी प्रयासमा सर्वोच्चको अंकुश

अदालतले सम्बन्धित प्रदेश सरकारको कार्यकारिणी संरचनाअन्तर्गत खटिएका डिभिजनल वन अधिकृतले वन ऐनबमोजिमका मुद्दा कारबाही तथा किनारा गर्ने प्रबन्ध अविलम्ब मिलाउन पनि भनेको छ

शिल्पा कर्ण/नयाँ पत्रिका

प्रदेशमातहत रहेका डिभिजन वन अधिकृतलाई संघमातहत ल्याउने सरकारी प्रयासमा सर्वोच्च अदालतले अंकुश लगाईदिएको छ। र, वनसम्बन्धी मुद्दा डिभिजन वन अधिकृतले नै हेर्न पाउने व्याख्या पनि संवैधानिक इजलासले गरिदिएको छ।

डिभिजनल वन अधिकृत प्रदेशमातहत कायम भइसकेको अवस्थामा संघले वन ऐन २०७६ मा घुमाउरो ढंगबाट प्रावधान राखेर फेरि केन्द्रमातहत ल्याउने प्रयास गरेको थियो। त्यसैका लागि वन ऐनको दफा ६७ मा वन मुद्दा हेर्ने अधिकारीमा ‘प्रचलित कानुनबमोजिम नेपाल सरकारले खटाएको’ कायम गरिएको थियो।

यही प्रावधानका कारण संघ र प्रदेशबिच मतभेद भइरहेका वेला मधेश प्रदेश सरकार सर्वोच्च अदालत पुगेको थियो। प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत तथा न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, तिलप्रसाद श्रेष्ठ र विनोद शर्माको १२ फागुनको संवैधानिक इजलासले वन ऐनका दुई दफालाई परिमार्जन गर्ने आदेश दिएको हो।

सर्वोच्चले वन ऐन, २०७६ को दफा २ को खण्ड (ज) र ६७(१)मा रहेको ‘प्रचलित कानुनबमोजिम नेपाल सरकारले खटाएको’ र ‘नेपाल सरकारको’ भन्ने शब्दावली अमान्य तथा बदर घोषित गरिदिएको हो। सर्वोच्चले फैसलामा भनेको छ, ‘…राष्ट्रिय वन नीति जारी भएपछि उक्त राष्ट्रिय वन नीतिको आलोकमा विद्यमान वन ऐन, २०७६ का प्रावधानहरू संघीय संरचना, प्रदेशको कार्यकारिणी अधिकार तथा अन्तरतहगत समन्वयको मर्मअनुकूल हुने गरी पुनरावलोकन तथा आवश्यक परिमार्जन गर्नू।’



प्रकाशमानसिंह राउत प्रधानन्यायाधीश | **सपना प्रधान मल्ल** न्यायाधीश | **कुमार रेग्मी** न्यायाधीश | **तिलप्रसाद श्रेष्ठ** न्यायाधीश | **विनोद शर्मा** न्यायाधीश

यसमा हाल डिभिजनल वन अधिकृत प्रदेश मातहत रहे पनि सरकारले ऐन संशोधन गरेर संघमातहत ल्याउन खोजेको थियो। त्यस्तै, अदालतले अमान्य घोषित शब्दबारे फैसलामा थप भनिएको छ, ‘अब सम्बन्धित प्रदेश सरकारको कार्यकारिणी संरचनाअन्तर्गत खटिएको डिभिजनल वन अधिकृतले वन ऐन, २०७६ बमोजिमका मुद्दा कारबाही तथा किनारा गर्ने प्रबन्ध अविलम्ब मिलाउनु भनी प्रत्यर्थीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ।’

सम्बन्धित प्रदेश सरकारको कार्यकारिणी संरचनाअन्तर्गत खटिएको डिभिजनल वन अधिकृतले वन ऐन, २०७६ बमोजिमका मुद्दा कारबाही तथा किनारा गर्ने प्रबन्ध अविलम्ब मिलाउन पनि अदालतले भनेको हो। संवैधानिक इजलासले कुनै कानुनी व्यवस्था वा दफा अमान्य तथा बदर घोषित गरेमा नेपाल राजपत्रमा प्रकाशित गर्नुपर्ने प्रावधान छ। यसैअनुसार उक्त फैसलाको प्रतिलिपिसमेत राखे कानुन, न्याय तथा संसदीय मामिला मन्त्रायलाई लेखी पठाउन रजिस्ट्रारलाई भनिएको छ। सर्वोच्चले संघीय वन ऐनका प्रावधान संघीय संरचनाअनुकूल हुने गरी पुनरावलोकन गर्न र परिमार्जन गर्न परमादेश पनि जारी गरेको छ।

सर्वोच्चले वन ऐन दफा ६७ मा मुद्दा हेर्ने अधिकारीको व्यवस्था छ। दुई लाख रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुन सक्ने मुद्दा नेपाल सरकारको डिभिजनल वन अधिकृतले कारबाही र किनारा गर्ने व्यवस्था भएकामा ‘नेपाल सरकार’ भन्ने शब्दहरू सर्वोच्चले झिकेको हो। प्रदेशभित्र नेपाल सरकारअन्तर्गतको डिभिजन वन अधिकृतको अभावका कारणले ०७६ देखिकै वनसम्बन्धी मुद्दा किनारा लाग्न सकेका थिएनन्।

मधेश सरकारका तर्फबाट दर्ता दुई छुट्टाछुट्टै रिटमाथि सर्वोच्चले फैसला गरेको हो। मधेश सरकारका तर्फबाट सहायक भूसंरक्षण अधिकृत बेचनकुमार महतो र अर्को रिट सहायक वन अधिकृत बेचन चौधरीले दर्ता गराएका थिए।

वन परियोजना कुनै एक तहको सरकारको पूर्ण नियन्त्रणमा रहन अनुकूल हुँदैन

सर्वोच्चले वन परियोजना कुनै एक तहको मात्र सरकारको पूर्ण नियन्त्रणमा रहन अनुकूल नहुने पनि व्याख्या गरेको छ। सरकारले ०७५ मा सागरनाथ वन परियोजना संघमातहत लग्न खोजेपछि मधेश प्रदेश सरकार सर्वोच्च पुगेको थियो।

तर, सर्वोच्चको संवैधानिक इजलासले भने सागरनाथ वन परियोजना कुनै एक मात्र तहको सरकारको पूर्ण नियन्त्रणमा राख्ने गरी व्याख्या गरिनु संविधानको धारा २३२ अनुकूल नहुने ठहर गरिदिएको छ। कारणबारे भनिएको छ, ‘..सागरनाथ वन विकास परियोजना संघीय शासन प्रणाली स्थापना हुनुअघि नै राष्ट्रिय महत्त्वको परियोजनाका रूपमा विकास भई आएको, यसको स्वामित्व, नीतिगत निरन्तरता तथा संरचनागत पहिचान संघीय तहसँग आबद्ध रहेको, तर प्रदेशभित्र अवस्थित रहँदा यसको व्यवस्थापन, समन्वय र कार्यान्वयनमा प्रदेश सरकारको संवैधानिक भूमिकासमेत अपरिहार्य रहने देखिन्छ।’

सर्लाही, महोत्तरी र रौतहटभित्र समेत ओगट्ने सागरनाथ वन परियोजना १३ हजार हेक्टर क्षेत्रफलमा छ।

सन्निकट निर्वाचनमा मतदाताको विवेकको परीक्षा

एक मतान्तरको परिणामले पनि देशमा कायापलट हुन सक्ने भएकाले निर्वाचनमा मतदाता विशेष चनाखो एवं सचेत हुनु जरुरी छ



● विनोदमोहन आचार्य

अग्रलेख

युगीन परिघटनाका रूपमा परिभाषित गत २३ र २४ भदौको जेन-जी आन्दोलनका बलमा घोषित आसन्न निर्वाचनको तिथिमिति जति नजिकिँदो छ, उत्ति नै नेपाली जनता सो दिनको व्यग्र प्रतीक्षामा छन् । जेन-जी आन्दोलनकै प्रसंगमा भन्नुपर्दा मुलुकमा इतिहासमै ठुलो मात्रामा धनजनको खती हुन गई देशले दुःखद नियति व्यहोर्नुपऱ्यो । साँच्चै भन्नुपर्दा त्यतिखेर रगतले लतपतिएर सडकमा छरिएका कलिला बालबालिकाका शवदेखि सडक र अस्पतालमा यत्रतत्र छरिएका घाइतेको करुण क्रन्दन एवं राज्यका महत्त्वपूर्ण संरचनामा झोसिएको आगोका ज्वालासँगै निस्किएको धुलो, धुवाँ र कालो मुस्लोसमेतका दर्दनाक दृश्य सामाजिक सञ्जालमा मिनेट-मिनेट अपडेट भइराखेको देख्दा त्यसबखत कुन राष्ट्रवादी नेपालीको मन आहत र व्यथित भएन होला र ?

■ मतदाता फैसलाधीश

अठार वर्ष पुगेका प्रत्येक नागरिकलाई कानुनतः मताधिकार प्राप्त हुन्छ । मताधिकार भनेको विशेषाधिकार नै हो । जुन मताधिकार प्रयोगको सुनिश्चितता गर्नु लोकतान्त्रिक सरकारको मुख्य जिम्मेवारी नै हो । स्मरण रहोस्, सो विशेषाधिकारको परिभाषाभित्र 'नो भोट' अर्को शब्दमा 'राइट टु रिजेक्ट'को अधिकार पनि पर्न आउँछ ।

यसपटकको निर्वाचनमा विगतमा भन्दा झन्डै दश लाख मतदाता थपिई कुल एक करोड ८९ लाख तीन हजार ६ सय ८९ पुगेका छन् । यस्तै प्रत्यक्षतर्फ एक सय ६५ सिटका लागि तीन सय ८८ जना महिलासहित जम्मा तीन हजार चार सय ६ जना उम्मेदवार प्रतिस्पर्धामा उत्रिएका छन् । यस निर्वाचनमा मतदाताले मानौं न्यायाधीशका हैसियतमा प्रत्यक्ष रूपमा एक सय ६५ र अप्रत्यक्ष रूपमा समानुपातिकतर्फ ११० उम्मेदवारको भाग्यको फैसला गर्दै छन् । मतदानमार्फत खराबलाई इन्कारस्वरूप दण्डित र इमानदार उम्मेदवारलाई पुरस्कारस्वरूप विजयी गराइने भएकाले मतदातालाई फैसलाधीश पनि भन्ने गरिएको हो ।

■ निर्वाचनको सुरक्षा व्यवस्थापन

संविधानतः कुनै पनि निर्वाचन सम्पन्न गराउने मूल दायित्व निर्वाचन आयोगको हो । यस्तै, निर्वाचनका लागि उपयुक्त माहोल निर्माण गर्नेदेखि लिएर यसका लागि आवश्यक पर्ने बजेट, जनशक्ति, भरपर्दो सुरक्षा आदिको प्रबन्ध गर्ने प्रमुख जिम्मेवारी सरकारको हो । यसअनुसार प्रत्यक्ष र समानुपातिकतर्फ गरी पाँच करोड मतपत्र छाप्नेदेखि मतपेटिकालगायत चुनावसम्बन्धी दर्जनौं 'लजिस्टिक' सामानको व्यवस्थापन गरी सो मतपत्र र अन्य निर्वाचन सामग्री जिल्ला-जिल्लामा पठाउने कार्यलगायतको सबै व्यवस्थापकीय कार्य पूरा भइसकेको जनाइएको छ । यस्तै अधिराज्यभरिका मतदान केन्द्रमा करिब दुई लाख सोह्र हजार जनशक्ति खटिइसकेका छन् । सो कार्यका लागि सरकारले निर्वाचन आयोग, नेपाली सेना र अन्य सुरक्षा निकायलाई गरी बीस अर्बभन्दा बढी रकम निकासा गरिसकेको छ ।

निर्वाचन सुरक्षाका सन्दर्भमा प्रधानमन्त्री सुशीला कार्की उत्तिकै गम्भीर देखिनुभएको छ । उहाँ सुरक्षा निकायसँग नियमित रूपमा सम्पर्कमा हुनुहुन्छ । उहाँकै नेतृत्वको सरकारको निर्देशनमा सुरक्षा निकायले तयार गरेको सुरक्षा योजनाअनुसार अधिराज्यभरका कुल दश हजार नौ सय ६७ मतदानस्थलको सुरक्षाका लागि तीन घेरा निर्धारण गरी त्यसका लागि तीन लाखभन्दा बढी सुरक्षाकर्मी खटाइएका छन् ।

तथापि, सुरक्षाका दृष्टिले संवेदनशील मानिएका मतदानस्थलका साथै चर्चित व्यक्ति उम्मेदवार भएका निर्वाचन क्षेत्रअन्तर्गतका केही मतदान केन्द्रमा मतदानका समयमा झडप, हुलदंगा, बुथ क्याप्चरलगायत अवाञ्छित गतिविधि हुन सक्ने सम्भावना प्रबल देखिन्छ । जुन कार्य रोक्न ती क्षेत्रमा पर्याप्त सुरक्षाकर्मीका अलावा सिसिटिभी क्यामेरासमेत जडान गरिनु र राष्ट्रिय अन्तर्राष्ट्रिय मिडिया एवं पर्यवेक्षकसमेतको व्यवस्थापन गरिनु उत्तिकै वाञ्छनीय देखिन्छ । ताकि सो निर्वाचनप्रति गहन चासो राख्ने अन्तर्राष्ट्रिय जगत्ले समेत प्रत्यक्ष एवं उपलब्ध प्रविधिमार्फत नेपालको २१ फागुनको चुनावसम्बन्धी गतिविधिलाई सहजै नियाल्न पाऊन् ।

■ मेटियो चुनाव हुन्छ र भन्ने संशय

निर्वाचनको मिति जति-जति नजिकिँदो छ, मुलुकमा चुनावी सरगर्मी पनि उत्ति नै बढ्दो छ । देशका सहरबजारदेखि लिएर गाउँका कुनाकाप्चा, मेलापात, चोक, चियापसल, अफिस जतासुकै चुनावकै चर्चा सुनिन्छ । यस क्रममा चुनावी प्रचारप्रसारको रौनक एवं माहोल देख्दासुन्दा लाग्छ, मुलुकले यतिखेर चुनावी उत्सव मनाइरहेको छ । एक सर्वेक्षणअनुसार करिब असी प्रतिशत मतदाता चुनावको व्यग्र प्रतीक्षामा रहेको बताइन्छ । यसप्रकार सो चुनावी उत्सवसँगै मुलुक निर्वाचनको अन्तिम चरणमा प्रवेश गरी सोको पूर्ण तयारीसमेत भइसकेको परिप्रेक्ष्यमा अब पनि के यो निर्वाचन तोकिएकै मितिमा सम्पन्न होला र ? भन्ने संशय मेटिएको छ । अब त मौन अवधिसमेत सुरु भइसकेको हुनाले यसमा संशय गर्नुको अर्थ छैन ।



■ निर्वाचन आचारसंहिता : लोकतन्त्र रक्षार्थ लक्ष्मणरेखा

चुनावी मैदानमा उत्रिएपछि हार या जित त हुन्छ नै । तर, हाम्रा दल एवं उम्मेदवारलाई चुनाव जसरी पनि जितुपर्छ भन्ने मानसिकताले गाँज्ने गरेका कारण चुनावलाई दबाब, प्रभाव र खवाफबाट मुक्त राख्न एवं विश्वसनीय तुल्याउन कसरी सकिन्छ भन्ने नै आजको अहं सवाल वा यक्ष प्रश्न हो । चप्पल लगाएर हिँड्ने वा अरू पहुँच नभएको गरिब तर इमानदार सक्षम व्यक्ति पनि महलमा बस्नेसँग चुनावी प्रतिस्पर्धामा स्वस्फूर्त रूपमा उत्रिन सकोस्, संविधानद्वारा प्रदत्त स्वतन्त्रतासम्बन्धी हकको निर्बाध उपभोग गर्न समान अवसर मिलोस् साथै निर्वाचन स्वतन्त्र, निष्पक्ष, संस्कारित र मर्यादितसमेत हुन सकोस् भनेर नै निर्वाचनमा आचारसंहिता पालनाको अवधारणा अघि सारिएको हो ।

> पहिला-पहिलाको चुनावमा दल वा उम्मेदवारको परीक्षण हुने गर्थ्यो भने फरक परिवेशमा भइरहेको यसपटकको चुनावमा देश बदल्न सही र सक्षम नेतृत्व चुन्नुपर्ने भएकाले मतदाताको विवेकको मापन हुँदै छ

वास्तवमा आचारसंहिता एक नैतिक मार्गदर्शन हो, जुन व्यक्ति विशेषको सदाचार एवं इमानदारीको नैतिक धरातलमा निर्भर रहन्छ । स्मरण रहोस्, निर्वाचनको निष्पक्षताका मूल्य-मान्यता जबर्जस्त भत्काउने, विस्थापित गर्नेजस्ता विकृति- विसंगतिजन्य चरित्र आदि विगतमा मुख्य निर्वाचन अधिकृतसमेतको जिम्मेवारी सम्हाल्दाका क्रममा यो लेखक स्वयंले नदेखेको या नभोगेको होइन ।

निर्वाचन आयोगको निर्देशनअनुसार उम्मेदवारको निर्वाचन खर्चसम्बन्धी कारोबार, दलहरूलाई प्राप्त चन्दा रकमसमेतको पारदर्शिताका लागि बैंकिङ प्रणालीमा आबद्ध हुनुपर्ने व्यवस्था गरिएकामा कतिपय दलबाट आयोगको सो निर्देशनसहित आचारसंहिताको पटक-पटक उल्लंघन भइरहेको भनी गुनासा दिनहुँजसो सम्प्रेषित भइरहेका छन् । वास्तवमा निर्वाचन अवधिभर कुनै पनि संस्था, वर्ग, समूह, दल, कार्यकर्ता वा उम्मेदवारले के-के गर्न हुने, के-के गर्न नहुने, यसको उल्लंघन गरेमा कस्तो कारबाही हुन्छ त (जस्तै एक लाख रुपैयाँसम्म जरिवाना वा उम्मेदवारी नै रद्द हुने) भन्ने कुरा सो आचारसंहितामा उल्लेख गरिएको छ । त्यसैले, आचारसंहितालाई लोकतन्त्रको लक्ष्मणरेखा पनि भन्ने गरिएको हो ।

■ न देश बदलियो न नेता नै

विगतका चुनावी घोषणापत्र तथा मतदातासमक्ष गरिएका यावत् वाचा कार्यान्वयन गर्नुको साटो 'खोलो तरियो लठ्ठी बिर्सियो' भनेझैं बेवास्ता गरियो । समय घर्किँदै गयो । फलतः देशका समस्या जहींका तहीं थाती रहे । मुलुकमा बढ्दो बेरोजगारीका कारण लाखौंलाख देशका कर्णधार विदेशतर्फ ओइरिने शृंखला जारी नै रह्यो । व्यवस्था, संविधान त बदलियो तर देशमा अभाव र गरिबीको चक्र घुमि नै रह्यो । यसमा धेरथोर दोषी हामी मतदाता पनि हौं भन्ने मलाई लाग्छ ।

लाग्छ, समयको प्रवाहसँगै ढिलोचाँडो आमनागरिकका बुझाइमा सोचमा परिवर्तन आउने गर्दो रहेछ । उदाहरणका लागि जेन-जी आन्दोलनमा उर्लिएको जनउभारलाई सम्झिँदा पुग्छ । यसैगरी, पुराना ठुला दलभित्र राजनीतिक पुस्तान्तरण तथा नेतृत्व हस्तान्तरणका लागि उठ्दै गरेको बुलन्द आवाजलाई पनि सोही श्रेणीमा राखेर हेर्न सकिन्छ । यथार्थमा हरेक पार्टीमा उम्दा र भरोसालाग्दा युवापुस्ताको कुनै कमी छैन । त्यसैले, परिवर्तित सन्दर्भमा नेतृत्व परिवर्तनका निमित्त प्रकट हुँदै आएको आफ्ना पार्टीभित्रका आवाज, पार्टीका कार्यकर्ताको भावनासमेतलाई नजरअन्दाज नगरी हरेक दलका हकमा खासगरी नेतृत्व तह सच्चिनु आवश्यक देखिन्छ, जुन समयको माग पनि हो । तर, यस क्रममा ठुला पार्टीका अग्रज नेताले आफ्नो पार्टीका लागि गरेका त्याग र योगदानको कदर गर्न चुक्नु भने हुँदैन ।

■ मतदाताको विवेकको मापन

दलीय व्यवस्थामा हुने निर्वाचनमा विशेषगरी दुइवटा चरण महत्त्वपूर्ण हुन्छ । जस्तै- पहिलो उम्मेदवारको चयन र अर्को हो मतदानको चरण । राजनीति वा नेतृत्वमा आउनका लागि सुरुको चरणमा असल, योग्य र सक्षम व्यक्ति छानेर दलहरूले टिकट दिनुपर्छ । मतदाताले पनि प्राप्त अवसरको पूर्ण सदुपयोग गर्दै देशको समृद्धि तथा सुन्दर भविष्यका लागि यस्तो नेतृत्वको चयन गर्नुपऱ्यो, जो सिंगापुरका ली क्वान यू र मलेसियाका महाथिरजस्ता स्वप्नद्रष्टा होस्, जसले छोटो समयमै आफ्नो देशमा परिवर्तनको अनुभूत गराउन सक्षम नेतृत्व गर्दै महत्त्वपूर्ण योगदान गरेका थिए ।

वास्तवमा एउटै मतको फरकको परिणामले देशमा कायापलट हुन सक्छ । त्यसैले खसेको मत भरिसक्य बदर नहोस् भन्नेतर्फ स्वयं मतदाता, सरकार, दल, निर्वाचन आयोगलगायत सम्बद्ध सबै चनाखो एवं गम्भीर हुनु जरुरी देखिन्छ । यसका लागि खासगरी मतदाता शिक्षा कार्यक्रम सरल, सहज, बोधगम्य एवं पहुँचयोग्य हुनु उत्तिकै आवश्यक छ ।

निचोडमा भन्न सकिन्छ- अक्षम या अयोग्य मानिसलाई चुन्नु भनेको अक्षम मानिसबाट मतदाता आफू स्वयं पनि शासित हुनु हो । यस्तै 'मत राइफलको गोलीभन्दा पनि शक्तिशाली हुन्छ' भन्ने अमेरिकी पूर्वराष्ट्रपति अब्राहम लिंकनको भनाइ वास्तवमा कम अर्थपूर्ण छैन । पहिला-पहिलाको चुनावमा दल वा उम्मेदवारको परीक्षण हुने गर्थ्यो, तर यसपटक भने चुनावी परिवेश फरक छ । देश बदल्नका खातिर सही र सक्षम नेतृत्व चुन्नु मतदाताको यतिखेरको सर्वोपरी जिम्मेवारी हो । सो परिप्रेक्ष्यमा यसपटकको चुनावमा मतदाताको विवेकको मापन हुनेछ ।

(आचार्य उच्च अदालतका पूर्वन्यायाधीश हुन्)

---

३ प्रश्न

उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष **माधव तिमल्सिना**लाई



अहिले बजारमा खाना पकाउने ग्यासको अभाव किन भइरहेको हो ?

अहिले बजारमा ग्यासको चरम अभाव हुनुमा नेपाल आयल निगम जिम्मेवार छ । उसले आपूर्ति व्यवस्थापनमा समयमै ध्यान नदिँदा विगत केही महिनादेखि नै केही उद्योगमा आपूर्ति असहजता देखिँदै आएको थियो । मध्यपूर्वमा देखिएको पछिल्लो अशान्तिले पनि इन्धनअभावको समस्या केही बढ्न सक्छ । यस्तोमा आयल निगमले विशेष ध्यान पुऱ्याउनुपर्छ । अहिले चुनाव नजिकिएको, खपत बढेको, केही उपभोक्तामा 'स्टक' राख्ने प्रवृत्ति रहेको, केही डिलरले कृत्रिम अभाव गराएको र अभाव हुँदै छ भन्ने अनावश्यक हल्ला फैलिएका कारण बजारमा ग्यासको अभाव देखिएको हो । यस्तो अवस्थामा उद्योग र डिलरको अनुगमन गर्ने तथा उपभोक्तालाई ग्यास पाइन्छ भनेर निगमले आश्वस्त पार्ने कार्य गर्न नसक्दा अहिलेको अभाव भइरहेको हो ।

वेलावेलामा देखिइरहने यस्तो अभाव पूर्ति गर्न राज्यले के गर्नुपर्ला ?

प्रत्येक वर्ष जाडो याममा माग र आपूर्तिबिच बेमेल हुँदा तथा विभिन्न कारणले आपूर्ति शृंखला तलमाथि हुँदा असहजता देखिने गरेको छ । यही असहजतालाई ध्यानमा राखेर सरकारले ग्यासको भण्डारण क्षमता बढाउने घोषणा पनि गर्दै आएको छ । तर, घोषणा कार्यान्वयन भएको छैन । खासगरी, घरायसी र व्यावसायिक मागको तथ्यांक नमिल्दा एवं आवश्यक स्थानमा भण्डारण गर्न नसक्दा यस्तो अभाव वेलावेलामा देखिइरहेको छ ।

भान्सामा ग्यासको उपभोग घटाएर बिजुलीको उपभोग बढाउन किन नसकिएको होला ?

विशेषतः व्यापार घाटा कम गरी राष्ट्रिय आयमा वृद्धि गर्न नेपाल सरकारले एलपी ग्यासको उपभोग घटाएर विद्युतको उपभोग बढाउन विशेष तयारी गर्नुपर्छ । तर, विद्युतीय सामग्रीमा सहुलियत दिएर उपभोक्तालाई आकर्षित गर्न नसक्दा बिजुलीको खपत बढाउन सकिएको छैन । विद्युत्को नियमित आपूर्तिमा समस्या छ । भोल्टेजको समस्या उस्तै छ । सरकारले ग्यासभन्दा बिजुली प्रयोग सजिलो र सस्तो छ भन्ने सचेतना आमनागरिकसम्म पुऱ्याउन नसक्दा पनि भान्छामा बिजुलीको उपभोग बढाउन सकिएको छैन ।

प्रेरक प्रसंग

लिंकनको पुस्तक प्रेम

अब्राहम लिंकनको परिवार निकै गरिब थियो । त्यसैले उनको बाल्यकाल चर्को अभावमा बितेको थियो । उनी कठोर परिश्रम गर्थे । घाँस काट्थे, दाउरा बटुल्थे । बाल्यकालमा उनी पुस्तक पढ्न औधी रुचाउँथे । तर, परिवारले उनलाई पुस्तक किनिदिन सक्दैनथ्यो । त्यसैले, उनी पढाइको भोक मेटाउन कहिले छिमेकबाट मागेर पुस्तक ल्याउँथे भने कहिले कसैको घरमा गएर काम गरेर पारिश्रमिकको बदलामा पुस्तक ल्याउँथे र पढेर पुनः जस्ताको तस्तै फिर्ता गरिदिन्थे । उनको स्मरण क्षमता बेजोडको थियो । एकपटक पढेका कुरा सितिमिती बिर्सदैनथे ।



एकपटक उनले छिमेकको एक घरबाट जर्ज वासिंटनको जीवनीसम्बन्धी एउटा पुस्तक मागेर ल्याए । उनले त्यो पुस्तक पढिसकेर फिर्ता गर्न नभ्याउँदै घनघोर वर्षा भयो । वर्षाका कारण उनले छिमेकीबाट ल्याएको पुस्तक भिजेर कामै नलाग्ने भयो । त्यो देख्दा उनलाई ज्यादै नरमाइलो लाग्यो । पानी रोकिएपछि उनी छिमेकीकहाँ पुगे । उनले हात जोडेर भने- मलाई माफ गर्नुहोला, मैले हजुरसित मागेर लगेको पुस्तक वर्षाका कारण काम नलाग्ने गरी भिज्यो । मैले त्यसलाई जोगाउन सकिनँ । मबाट निकै ठुलो अपराध भयो । म हजुरलाई नयाँ किताब किनेर फिर्ता गर्न पनि सक्दिनँ । त्यसैले, म हजुरको खेतमा काम गर्छु, मलाई काम दिनुहोस् । म किताब किन्न पुग्ने रकमबराबरको श्रम गर्छु । अनि, हजुरले सोही रकमबाट नयाँ पुस्तक किन्नुहोला ।

लिंकनको प्रस्ताव सुनेर उनका छिमेकी प्रभावित भए । उनले भने- तिमीले जानीजानी पुस्तक भिजाएका होइनौ । भीषण वर्षाका कारण त्यो भिजेको हो । भैगो, तिमीले फिर्ता गर्नुपर्दैन, छाडिदेऊ । तर, लिंकनले काम नगरी नफर्किने जिद्दी गरिरहे । अन्त्यमा, केही नलागेर छिमेकीले उनलाई खेतमा काम दिए । लिंकनले किताब किन्न पुग्ने ज्याला आउनेजति काम एकै दिनमा पूरा गरे र सन्तुष्ट हुँदै घर फर्किए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

ग्यास चाहियो सरकार !

झन्डै दुई महिनादेखि देखिएको खाना पकाउने ग्यासको क्रमिक अभाव अहिले पनि यथावत् छ । झन् अब खाडी क्षेत्रमा तनाव सुरु भएपछि ग्यास र पेट्रोलियम पदार्थकै अभाव हुन बेर छैन । यस्तोमा सरकारले एकातिर व्यवस्थित भण्डारण र अर्कातिर व्यवस्थित वितरण प्रणाली मिलाउनुपर्छ । खाना पकाउन प्रयोग हुने ग्यासको अभाव हुनु भनेको उपभोक्ताको भान्छामा सीधै असर पर्नु हो । जब कसैको चुल्होमा असर पर्छ, त्यसपछि उसको सिंगो जीवन नै संकटमा पर्छ । त्यसैले, सरकारले बजारमा देखिएको ग्यास अभाव हटाउन छिटो र प्रभावकारी कदम चाल्नुपऱ्यो । बजारमा व्यापारीले कृत्रिम अभाव गराएका पनि हुन सक्छन् । यसका लागि सरकारले बजारमा हस्तक्षेप गर्नुपरे पनि पछि हट्नुहुँदैन ।

● **बलराम विक**, सामाखुसी, काठमाडौं

मध्यपूर्वमा ध्यान देऊ

यतिखेर मध्यपूर्व अशान्त छ । इरानमा अमेरिकी तथा इजरायली आक्रमणपछि मध्यपूर्वका देशमा रोजगारी एवं अन्य कार्यका लागि पुगेका नेपाली समस्यामा परेका छन् । युएईमा कार्यरत एकजना नेपालीको त मृत्यु नै भएको खबर आइसकेको छ । यस्तो अवस्थामा सरकारले मध्यपूर्वमा रहेका नेपालीलाई खाँचो परेको सहयोग उपलब्ध गराउन र आवश्यक परेको अवस्थामा उद्धारका लागि पनि पूर्ण तयारीमा बस्नुपर्छ । रेमिट्यान्स पठाएर देश चलाउन सघाउने नेपालीको दुःखमा सरकार मौन नबसोस् ।

● **सुरेशा सुन्दास**, ग्वार्को, ललितपुर

मौन अवधिको सम्मान गर

२१ फागुनको निर्वाचनको मौन अवधि सुरु भएको छ । मौन अवधि भनेको निर्वाचन प्रचारप्रसारका लागि होहल्ला गर्ने, माइकिङ गर्ने, आफ्नो पक्षमा मत माग्ने, डिजिटल प्लाटफर्मबाट आफ्नो पक्षका निर्वाचन सामग्री फैलाउने कार्य बन्द गर्नुपर्ने अवधि हो । सायद, मतदाताले शान्तिपूर्वक मनन गरी सही उम्मेदवार पहिचान गर्न समय दिने उद्देश्यले यस्तो मौन अवधि तोकिएको हुनुपर्छ । तर, दल र उम्मेदवारले यही अवधिमा बढी चलखेल गर्ने गरेको सुनिन्छ ।

● **सुजन कपाली**, ठिमी, भक्तपुर

यो निर्वाचनमा देशले जितोस्

यो समय जनताको हो । जनताले विवेक पुऱ्याएर मतदान गर्न सकून् । नेतालाई गाली गरेर समस्याको समाधान हुँदैन । सही नेता छनोट गरेर देशलाई दिने जनताले हो । त्यसकारण नजिकिँदै गरेको २१ फागुनको निर्वाचनमा कसैको पक्ष या विपक्षमा लागेर भन्दा पनि देशको हित गर्न सक्ने व्यक्ति चिनेर उसलाई मतदान गर्नु विवेकशील मतदाताको दायित्व हो । नेताहरूले केही गरेनन् भनेर चिया पसलमा गफ गरेर केही हुँदैन । मतदानको समय सही व्यक्तिलाई छनोट गर्नु नै समयको माग हो । जनता सधैं दास बन्ने कि मालिक बन्ने, निर्णय गर्ने जनताले नै हो । २१ फागुनको निर्वाचनमा सही उम्मेदवारलाई मतदान गरेर आफ्नो कर्तव्य पूरा गरौं । कुन पार्टीले जित्छ, कुन नेताले जित्छ भन्ने होइन, अब देश र जनताले जित्नुपऱ्यो ।

जनताका लागि केही नगर्ने नेताको सेखी तोड्ने वेला अहिले आएको छ । हिजो हामी मतदाताले गरेको गल्ती कमजोरी सच्याउने वेला आएको छ । यसपटक पनि होस पुऱ्याउन सकिएन भने फेरि पाँच वर्ष टाउकामा हात राखेर बस्नुको विकल्प हुनेछैन । त्यसैले, अब काम गर्ने जोस, जाँगर र भिजन भएकालाई छनोट गरौं । अब कुरामा विश्वास नगरौं, एजेन्डा हेरेर मतदान गरौं । आफ्ना सन्ततिलाई धोका दिने काम नगरौं । सही व्यक्ति छनोट गरौं ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

अन्तर्राष्ट्रिय कानुनले वैध देखाउँदैन इरानमाथिको आक्रमण

सक्रिय वार्ता चलिरहेको समयमा आक्रमण अघि बढाइएकाले कैयौं अन्तर्राष्ट्रिय कानुन उल्लंघन भएका छन्





देश / विदेश

● स्यानन ब्रिन्केट ● हुँआ जाहिर जनरान्जो कोसेरेस

(लेखकद्वय 'युनिभर्सिटी अफ सनसाइट कोस्ट'का अन्तर्राष्ट्रिय सम्बन्ध संकायसँग आबद्ध छन्)

इरानमाथि अमेरिका र इजरायलको संयुक्त आक्रमणले अन्तर्राष्ट्रिय कानुनी व्यवस्थामा थप धक्का लागेको छ । अन्तर्राष्ट्रिय कानुनअनुसार यो आक्रमणलाई कसैगरी पनि वैध मान्न सकिँदैन । इरानले आफ्नो आणविक कार्यक्रमबारे वासिंटनसँग सक्रिय वार्ता गरिरहेका वेला इजरायल र अमेरिकाले आक्रमण सुरु गरे । आक्रमणको दुई दिनअघि मात्र, अमेरिका र इरानबिच जेनेभामा तेस्रो चरणको वार्ता सम्पन्न भएको थियो, जसमा दुवै पक्ष वार्तालाई जारी राख्न सहमत भएका थिए । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प स्वयंले वार्तालाई थप अवसर दिने संकेत गरेका थिए । तर, अकस्मात् इरानमाथि बमबारी गरियो ।

अवैध आक्रमण : इजरायलले इरानमाथिको आक्रमणलाई 'निवारक' भनेको छ, जसको अर्थ हो- आफूमाथि इरानको आक्रमणको खतरा उच्च रहेकाले त्यसलाई रोक्न पहिले नै आफूले आक्रमण गर्नुपऱ्यो । तर, अन्तर्राष्ट्रिय कानुनले यस्तो 'निवारक' युद्धलाई कुनै कानुनी आधार दिँदैन । राष्ट्रसंघीय सुरक्षा परिषद्ले एकतर्फी रूपमा गरिने सैन्य कारबाहीलाई वैध मान्दैन । शस्त्र प्रयोगको एक मात्र वैध माध्यम आत्मरक्षालाई मानिएको छ, जुन अहिले प्रयोग भएको होइन । राष्ट्र संघको बडापत्रको धारा २(४)ले कुनै देशको क्षेत्रीय अखण्डता वा राजनीतिक स्वतन्त्रताविरुद्ध बल प्रयोगलाई निषेध गर्छ । आफूमाथि हुन सक्ने आक्रमण रोक्न गरिने कारबाहीका लागि अत्यन्तै कठोर सर्त राखिएको छ । त्यस्तो कारबाही गर्न 'तत्काल, विशाल आक्रमण हुने निश्चित भएको र बाँकी कुनै विकल्प नरहेको' अवस्था हुनुपर्छ । २८ फेब्रुअरीमा इजरायलमाथि इरानबाट त्यस्तो कुनै खतरा थिएन ।

बल प्रयोगमार्फत सत्ता परिवर्तन पनि गैरकानुनी : ट्रम्पले पछिल्लो सैन्य अभियान इरानको आणविक हतियार कार्यक्रम अन्त्य गर्नुका साथै त्यहाँको शासन परिवर्तन ल्याउन गरिएको बताएका छन् । ट्रम्पले आक्रमणलगत्तै इरानी जनतालाई सम्बोधन गर्दै 'आफ्नो सरकारलाई कब्जामा लिन' आह्वान गरे । उस्तै भाकामा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले आक्रमणको उद्देश्य 'इरानी आतंकवादी सत्ताले सिर्जना गरेको अस्तित्वगत खतरा अन्त्य गर्नु' रहेको बताए ।

तर, कुनै पनि देशमा बलपूर्वक सत्ता परिवर्तनलाई राष्ट्र संघको बडापत्रले ती देशको सार्वभौमिकताका साथै गैरहस्तक्षेपको सिद्धान्तको उल्लंघन मान्छ । आक्रमणमा इरानका सर्वोच्च नेता, राष्ट्रपति र सैन्य प्रमुखका साथै सैन्य पूर्वाधारलाई लक्षित गरिएको थियो, जसमा सर्वोच्च नेता र कैयौं सैन्य कमान्डर मारिए । जानाजान राष्ट्रप्रमुखहरूलाई लक्षित गर्दा सैन्य अग्रेसन र आक्रामक कदमबिचको सीमा मेटिन्छ । राष्ट्र प्रमुखहरूमाथिको आक्रमणलाई 'न्युयोर्क महासन्धि'ले पनि गैरकानुनी भनेको छ । इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनी मारिएसँगै सिर्जित शक्ति शून्यतालै इरानीको जीवन थप कठिन मात्र बनाउनेछ । हवाई आक्रमणले मिनाबको एक प्राथमिक विद्यालयमा सातदेखि १२ वर्ष उमेरका सयभन्दा बढी बालिका मारिएको घटनाले सत्ता परिवर्तनको प्रयासले सिर्जना गर्ने मानवीय मूल्यलाई प्रकाश पार्छ ।

अमेरिका र इजरायलबाट आएका भनाइले उनीहरूले नेतृत्व परिवर्तनभन्दा अहिलेको शासन नै बदल्न चाहेको संकेत गर्छ । तर, लिबियाका नेता मुअम्मर गद्दाफीको मृत्युपछि त्यहाँ दासप्रथा फर्किएको वा इराकमा सद्दाम हुसेनको मृत्युपछि इस्लामिक स्टेटको उदय भएजस्ता घटनाले शासन परिवर्तनले निम्त्याउने खतरामाथि जोड दिन्छ । र, इरानसम्बन्धमा सत्ता परिवर्तन भइहाले के गर्ने भन्ने सम्बन्धमा अमेरिकाको कुनै भावी योजना नहुनुले झन् गम्भीर संकेत गर्छ । अरूले मात्र होइन, पश्चिमका सहयोगीले नै युद्ध सकिएपछि के गर्ने भन्नेबारे वासिंटनसँग कुनै सुसंगत रणनीति नरहेकामा चिन्ता व्यक्त गरेका छन् । द्वन्द्व सकिएपछि पुनर्निर्माण र सरकारको संक्रमणलाई लिएर न्यूनतम तयारीले यसैतर्फ संकेत गरेको तिनले औंल्याएका छन् । भेनेजुएलामा हालैको अमेरिकी कारबाहीपछि राष्ट्रसंघीय सुरक्षा परिषद्मा मेक्सिकोका प्रतिनिधिले भनेझैं शासन परिवर्तनको विगतको रेकर्ड हेर्दा 'द्वन्द्व झन् बढेको र राष्ट्रभित्र सामाजिक तथा राजनीतिक संरचना थप कमजोर बनेको' मात्र देखिन्छ । इरानमा पनि त्यस्तै सम्भवना रहेको 'द एट्लान्टिक'लगायत मिडिया विश्लेषणले देखाउँछ ।

छलछामका रूपमा कूटनीतिको प्रयोग : सक्रिय वार्ता चलिरहेको समयमा आक्रमण अघि बढाउनुले राष्ट्र संघको बडापत्रको धारा २(२) मा रहेको 'असल विश्वासको सिद्धान्त' उल्लंघन भएको छ । हतियार नियन्त्रणसम्बन्धी 'आर्म्स कन्ट्रोल एसोसियसन'का अनुसार यसअघि गत वर्ष जुन २०२५ मा पनि वार्ताका लागि समय तोकिसकेको अवस्थामा बिचमै इरानमाथि आक्रमण गरिएको थियो । इरानको विदेश मन्त्रालयले पनि वार्ता चलिरहँदा २८ फेब्रुअरीमा भएको आक्रमणलाई अन्तर्राष्ट्रिय कानुन उल्लंघनका रूपमा निन्दा गरेको छ । अमेरिकाले गर्ने अन्तर्राष्ट्रिय कानुनको निर्लज्ज उल्लंघनलाई पश्चिमी नेताहरूले घुमाउरो शब्दमा स्विकार्ने गरेका छन्, जुन निकै चिन्ताजनक विषय हो । जस्तो- अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले आक्रमणलाई 'आणविक हतियारमाथि इरानी पहुँच रोक्न गरिएको कार्य' भन्दै समर्थन गरे । फ्रान्स, जर्मनी र संयुक्त अधिराज्यले संयुक्त विज्ञप्तिमार्फत उल्टै इरानलाई समाधानका लागि वार्ता गर्न आग्रह गर्दै इरानको जवाफी आक्रमणको निन्दा गरे । विज्ञप्तिमा इरानमाथि अमेरिका र इजरायलले गरेका हमलाबारे भने कुनै टिप्पणी गरिएको छैन ।

अन्तर्राष्ट्रिय कानुनी व्यवस्था अहिले पतनोन्मुख छ । शक्तिशाली राज्यले आफूमाथि सम्भावित आक्रमण रोक्ने नाममा अवैध युद्ध सञ्चालन गर्न थोलेपछि कूटनीति युद्धकै औजार बनेको देखिन्छ । यस्तोमा खुलेआम शासन परिवर्तन तिनको एजेन्डा बन्छन् । तर, यस्तो अभ्यासले 'विधिमा आधारित विश्व व्यवस्था' भने थप कमजोर बन्दै जान्छ ।

द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अमेरिका–इजरायल र इरानबिचको युद्धमा तानिएलान् खाडी देश ?

इरानी क्षेप्यास्त्र आफ्ना सहरमा खस्न थालेपछि खाडी देश अहिले एक असम्भव विकल्पको सामना गरिरहेका छन्, जवाफी आक्रमण गरेर इजरायलसँग उभिएको देखिने कि निष्क्रिय रहेर कमजोर देखिने ?



● उरुबा जमाल
(जमाल मध्यपूर्व र उत्तर अफ्रिकाबारे लेख्छिन्।)



इरानमाथि आक्रमण हुनुभन्दा अघिल्लो सातासम्म ओमानले वासिंटन र तेहरानबिच अप्रत्यक्ष वार्तामा मध्यस्थता गरिरहेको थियो। ओमानका विदेशमन्त्री बद्र अल्बुसैदीले तेस्रो चरणको वार्तापछि सकारात्मक हुँदै तेहरान भविष्यमा प्रशोधित युरेनियम भण्डारण नगर्न र भएका समृद्ध युरेनियमलाई पनि नष्ट गर्न तयार रहेको बताएका थिए। तर, त्यसको केही घण्टापछि अमेरिका र इजरायलले आक्रमण सुरु गरे।

जब इरानी क्षेप्यास्त्र वा तिनका अवशेष यसै सप्ताहन्तमा खाडी देशका राजधानी र प्रमुख सहरमा खस्न थाले, तिनले त्यहाँका सिसा र कंक्रिट मात्र होइन, ती देशले वर्षौं लगाएर निर्माण गरेको स्थिरताका केन्द्रको छवि पनि चकनाचुर भएको छ। अहिले त्यस भेगका देशले विश्लेषकले भन्ने गरेको असम्भव विकल्प सामना गरिरहेका छन्, इरानमाथि जवाफी प्रहार गरेर इजरायलको पक्षमा उभिएर जोखिम उठाउने कि आफ्ना जलिरहेका सहर चुपचाप हेरेर बस्ने ?

ती देशका क्षितिज धुवाँले ढाकिएको अवस्थामा पनि क्षेत्रीय समूहले संयमताको आह्वान गरिरहेको छ। आफूले नचाहेको युद्धमा तानिन नहुने र संयमताको आह्वान गर्नेमा खाडी राष्ट्रको जोड छ। दोहास्थित 'गल्फ टाइम्स'का प्रधान सम्पादक फैसल अल-मुदाहकाले यसै कुरालाई जोड दिँदै भने, 'अहिले चलिरहेको युद्ध इजरायल र अमेरिकाको युद्ध हो। यसको खाडी देशसँग कुनै सरोकार छैन। हामी खालि आफ्नो भूराजनीतिक स्थितिका कारण बिचमा परेका हौं।'

शनिबारदेखि अमेरिका र इजरायलले इरानमा आक्रमण सुरु गरेका छन्। सैन्य कारबाहीमा इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनी र अन्य वरिष्ठ सैन्य अधिकारी मारिएका छन्। इरानका सैन्य र सरकारी भवन आक्रमणमा परेका छन्। जवाफमा तेहरानले इजरायल र खाडीभर छरिएका अमेरिकी सैन्य आधारमाथि मिसाइल र ड्रोन हानिरहेको छ। आक्रमणबाट संयुक्त अरब इमिरेट्स (युएई) मा कम्तीमा तीनजना मारिएका छन्।

इरानी मिसाइल वा तिनका भग्नावशेषले खाडीका दुबईको विमानस्थल, मनामाको अग्लो भवन र कुवेतको विमानस्थलमा असर गरेको छ। साउदी अरेबियाका अनुसार इरानले रियाद र यसको पूर्वी भेगमा पनि क्षेप्यास्त्र आक्रमण गऱ्यो। कतारका अनुसार इरानी आक्रमणमा उसको भूमिमा १६ जना घाइते भएका छन्। जबकि ओमानमा पाँचजना, कुवेतमा ३२ जना र बहराइनमा चारजना घाइते भएका छन्। घटनाबिच युएईले इजरायलका लागि आफ्नो देशका राजदूतलाई पनि फिर्ता बोलायो, जसले खाडी देशको निराशालाई संकेत गर्छ।

■ रोक्न खोजेको युद्ध भड्कियो

खाडी देशले यो टकराव चाहेका थिएनन्। इरानमाथि आक्रमण हुनुभन्दा अघिल्लो सातासम्म ओमानले वासिंटन र तेहरानबिच अप्रत्यक्ष वार्तामा मध्यस्थता गरिरहेको थियो। ओमानका विदेशमन्त्री बद्र अल्बुसैदीले तेस्रो चरणको वार्तापछि सकारात्मक हुँदै तेहरान भविष्यमा प्रशोधित युरेनियम भण्डारण नगर्न र भएका समृद्ध युरेनियमलाई पनि नष्ट गर्न तयार रहेको बताएका थिए। तर, त्यसको केही घण्टापछि अमेरिका र इजरायलले आक्रमण सुरु गरे।

गल्फ टाइम्सका प्रधान सम्पादक अल-मुदाहकाले ओमनले 'ओबामाले गरेकोभन्दा उत्तम सम्झौता' दिलाउन लाग्दालाग्दै पनि युद्ध सुरु गरिएकोप्रति प्रश्न गरे। कतारका अमिर (राजा) सेख तमिम बिन हमद अल थानीले इरानविरुद्ध युद्ध भए खाडी सैन्य आधार प्रयोग नगर्न वासिंटनलाई मनाउने प्रयास गरेको बताए। त्यस्तै, अल-मुदाहकले इरानको जवाफी आक्रमणको पनि आलोचना गर्दै भने, 'तेहरान आफ्नो नेतृत्व गुमाएपछि आतंकित भएर हमला गरिरहेजस्तो छ।' आफूहरूले खाडी देशमा नभई तिनका अमेरिकी आधारमा हमला गरिरहेको भन्ने इरानी स्पटोक्तिलाई 'अन्तर्राष्ट्रिय सम्बन्धको बुझाइको कमी'को रूपमा अर्थ्याए।

■ कठिन विकल्प

द्वन्द्वबाट टाढा रहने खाडीको चाहनाका बाबजुद अहिले यो भेगका देशले पीडादायी द्विविधाको सामना गरिरहेको विश्लेषकहरूको बुझाइ छ। 'खाडी देशका नेताले यो युद्ध रोक्न महिनौं नभए पनि हप्तौंदेखि प्रयास गरेका थिए। त्यस्तै तिनलाई यो पनि थाहा थियो कि इरानी शासकले हार स्विकार्नुसट्टा आफ्नो खाडी छिमेकलाई बन्धक बनाउन रुचाउनेछन्,' न्युयोर्क विश्वविद्यालय अबुधाबीमा मध्यपूर्व राजनीतिकी प्राध्यापक मोनिका मार्कस्ले बताइन्। किंग्स कलेज लन्डनका लेक्चरर रोब गेइस्ट पिनफोल्डले पनि खाडी देशले सैन्य कारबाही रोक्न कडा मिहिनेत गरेको सहमति जनाए। त्यस पृष्ठभूमिमा इरानविरुद्ध युद्धमा सामेल हुनु 'इजरायलीसँग मिलेको देखिनु हुने' र यसले तिनको वैधतामाथि गम्भीर चुनौती ल्याउनेछ।

तैपनि, निष्क्रिय रहनु फेरि आफैंमा जोखिमपूर्ण विकल्प हो। पिनफोल्डले खाडी देशले सामना गरिरहेको पीडादायी द्विविधाबारे बताउँदै भने, 'इरानले पटक-पटक आक्रमण गर्दा पनि केही नगर्नु पनि फेरि युद्धमा प्रवेश गर्नुजत्तिकै हानिकारक छ। उनीहरू खासमा आफ्ना जनताको रक्षा गरेको र आफ्नो भूमि तथा सार्वभौमिकताको रक्षा गर्ने शक्तिका रूपमा देखिन चाहन्छन्।' यस्तोमा खाडी देशले 'पेनिन्सुला सिल्ड फोर्स (पिएसएफ)' जस्तो निकायमार्फत एकीकृत रूपमा कारबाही बढाउन सक्ने पिनफोल्डले बताए। पिएसएफ सन् १९८४ मा स्थापित एकीकृत सेना हो, जुन सन् २०१३ मा एकीकृत सैन्य कमान्डमा विकास भयो। 'उनीहरू इजरायलको पक्षबाट नलडेको देखाउन पनि यो विकल्प रोज्न बाध्य हुन सक्छन्,' पिनफोल्डले थपे।

■ दुःस्वप्न परिदृश्य

तत्कालन खाडी नेताका लागि सबैभन्दा ठुलो चिन्ता आफ्ना पूर्वाधारमा केन्द्रित छ। 'विशेषतः पावर ग्रिडहरू, समुद्रको पानी शुद्ध पार्ने डिसेलिनेसन प्लान्टहरू र ऊर्जा पूर्वाधारहरूलाई तिनले नाजुक पूर्वाधार मान्छन्। हुन पनि अरबको गर्मीमा वातानुकूलित अवस्था सिर्जना गर्न ऊर्जा र पानी डिसेलिनेसनविना बसोवास निकै कठिन हुन्छ,' मोनिका मार्कस्ले भनिन्, 'ऊर्जा पूर्वाधारबिना तिनको नाफाको स्रोत नै सुक्छ। खाडी राज्यले ती क्षेत्र खतरामा पर्नेजस्तो लागेमा आवश्यक कदम चाल्न सक्छन्।'

गल्फ टाइम्सका अल-मुदाहकाले अहिलेको संकटको परिणाम खाडीभन्दा धेरै टाढा पनि महसुस हुने बताए। 'विश्वको ऊर्जाको सोह्र प्रतिशत कतार एक्लैबाट आउँछ। त्यस्तै विश्वव्यापी तेलको ३३ प्रतिशत हिस्सा स्ट्रेट अफ हर्मुजबाट बाहिरिनुपर्छ। यो विश्वको ऊर्जा आपूर्तिको सबैभन्दा महत्त्वपूर्ण भूराजनीतिक स्थान हो। यदि यहाँ केही भयो भने, ओसाकाको बिजुली अवरुद्ध हुनेछ। चीनमा इन्धनको मूल्य बढ्नेछ। के अमेरिकीहरू २०० डलर प्रतिब्यारेल तेलमा खुसी हुनेछ ?' अल-मुदाहकाले भने। पिनफोल्डका अनुसार अहिलेको संकटले खाडी क्षेत्रमा निम्त्याउने गम्भीर समस्या प्रतिष्ठाको हुनेछ। अर्थात्, खाडी राज्यले वर्षौं लगाएर निर्माण गरेको सफ्ट पावर थियो कि यो क्षेत्र पर्यटन, लगानीका लागि अत्यन्त सुरक्षित भन्ने। त्यसमा अहिले गम्भीर धक्का लागेको छ।

त्यसबाहेक वर्तमान संकटले क्षेत्रीय सुरक्षा गतिशीलतामा पनि नाटकीय परिवर्तन ल्याउनेछ। वर्षौंदेखि, खाडी राज्यले यमनमा हुथी वा लेबनानमा हिजबुल्लाहजस्ता गैरराज्य शक्तिप्रति आफ्नो चिन्ता केन्द्रित गर्दै आएका छन्। अब त्यसमा परिवर्तन भएको छ। 'मध्यपूर्वमा फेरि राज्य-राज्यबिचको युद्धको धेरै पुरानो प्रतिमान फर्किएको छ,' अहिलेका लागि, खाडी राज्य द्रुत गतिमा शक्ति सञ्चय गर्नमा व्यस्त छन्। उनीहरूको आगामी कदम इरानले उनीहरूलाई तनाव कम गर्ने अवसर दिने-नदिनेमा निर्भर गर्नेछ।

(अलजजिराबाट)

इतिहासमा आज

मार्च ३



सन् १९८५ : बेलायतमा खानी सञ्चालकको हडताल अन्त्य। एक वर्ष लामो यो हडताल बेलायतको इतिहासमा सबैभन्दा लामो समय चलेको औद्योगिक विवादका रूपमा दर्ज छ। यो तत्कालीन प्रधानमन्त्री मार्गरेट थ्याचरको अनुदारवादी सरकारको सबैभन्दा टाउको दुखाइको समस्या बनेको थियो।

सन् १५७५ : भारतीय मुगल सम्राट् अकबरले तुकारोईको युद्धमा बंगाली सेनालाई पराजित गरे।

सन् १८५७ : फ्रान्स र बेलायतले चीनमाथि युद्धको घोषणा गरे। चीनविरुद्धको यो युद्ध दोस्रो अफिम वार भनेर चिनिन्छ।

सन् १८८७ : एनी सुलिभानले ६ वर्षकी हेलेन केलर (दृष्टि एवं श्रवणशक्तिविहीन सुप्रसिद्ध अमेरिकी साहित्यकार)लाई पढाउन सुरु गरिन्।

सन् १९२४ : टर्कीमा ओटोमन साम्राज्यको अन्तिम अवशेषका रूपमा रहेको ६ सय वर्ष पुरानो इस्लामिक खलिफाको अन्त्य। यसले केमाल अतातुर्कको नेतृत्वमा सुधारिएको टर्कीका लागि मार्गप्रशस्त गरेको थियो।

सन् १९३९ : भारतका निरंकुश शासनविरुद्ध महात्मा गान्धीले मुम्बईमा सत्याग्रह सुरु गरे।

सन् १९७४ : टर्किस एयरलायन्स फ्रान्सको पेरिसनजिकै खस्दा विमानमा सवार सबै ३४५ यात्रुको मृत्यु। उड्डयन इतिहासमा यो अहिलेसम्म चौथो धेरै हताहती भएको दुर्घटना मानिन्छ।

भारतमा सर्पदंशबाट बर्सेनि ५० हजारको मृत्यु


नयाँदिल्ली / भारतमा सर्पदंशबाट बर्सेनि ५० हजारजनाको मृत्यु हुने गरेको छ। यो मृत्युदर विश्वव्यापी रूपमा सर्पदंशबाट हुने मृत्युको करिब आधा संख्या हो। ग्लोबल स्नेकबाइट टास्कफोर्स (जिएसटी)ले सार्वजनिक गरेको एक रिपोर्टमा उक्त जानकारी दिइएको हो। केही अध्ययनअनुसार सर्पदंशबाट ५० हजारभन्दा बढीको मृत्यु हुने गरेको छ। २०२० को एक अध्ययनअनुसार सन् २००० देखि २०१९ को बिचमा भारतमा मात्र सर्पदंशबाट १२ लाखजनाको मृत्यु भएको हुन सक्छ, जुन प्रतिवर्ष औसत ५८ हजार हो।

जिएसटीको एक नयाँ रिपोर्टअनुसार भारतका ९९ प्रतिशत स्वास्थ्यकर्मीले एन्टिभेनम (सर्पको विषलाई निष्क्रिय पारेर जीवन बचाउने एन्टिबडी) प्रयोगमा चुनौतीको सामना गरेका छन्। अनुसन्धानकर्ताले सर्पको टोकाइबाट सबैभन्दा बढी प्रभावित देश भारत, ब्राजिल, इन्डोनेसिया र नाइजेरियाका ९०४ चिकित्सामा सर्वेक्षण गर्दा कमजोर पूर्वाधार, एन्टिभेनममा सीमित पहुँच र अपर्याप्त प्रशिक्षण चुनौतीको रूपमा रहेको पाइयो।

लगभग आधा स्वास्थ्यकर्मीले उपचारमा ढिलाइले बिरामीमा गम्भीर जटिलता निम्त्याएको रिपोर्ट गरे, जसमा अंगच्छेदन, शल्यक्रिया वा जीवनभर गतिशीलता समस्याको रूपमा समावेश छन्। सन् २०१७ मा विश्व स्वास्थ्य संगठनले औपचारिक रूपमा सर्पदंशलाई 'सर्वोच्च प्राथमिकतामा राखिएको उष्णकटिबन्धीय रोग'को रूपमा सूचीबद्ध गऱ्यो। किनभने, यसबाट हुने मृत्युको संख्या उच्च थियो। डब्लुएचओका अनुसार विश्वभर प्रत्येक वर्ष अनुमानित ५४ लाख मानिसलाई सर्पले टोक्छन् र वार्षिक रूपमा एक लाखभन्दा बढीको मृत्यु हुन्छ।

चीनमा जनसंख्या गिरावटले निम्त्याएको चुनौती

चीनको हालको १ अर्ब ४० करोड जनसंख्यामा उल्लेखनीय गिरावट आउँदै छ र सन् २१०० सम्ममा आधाभन्दा बढीले घट्न सक्ने अनुसन्धानले देखाएका छन्



● इलान बर्मन
(बर्मन वासिंटन डिसीमा अमेरिकी विदेश नीति परिषद्का वरिष्ठ उपाध्यक्ष हुन्।)



घट्दो जनसंख्या नियन्त्रणलाई लिएर चीन सरकारले विभिन्न कदम चालेको छ। सन् २०१६ मा यसले औपचारिक रूपमा 'दुई सन्तान नीति' लागू गऱ्यो र २०२१ मा घट्दो प्रजनन् क्षमताको पहिचान गर्दै यसलाई 'तीन सन्तानको नीति'मा विस्तार गऱ्यो। बेइजिङले जन्मदर सीमा खुकुलो पार्ने, बाल हेरचाह अनुदान विस्तार गर्ने र बच्चा जन्माउने महिलाको चिकित्सा लागत घटाउनेजस्ता कार्य पनि गरेको छ।

जब कुनै राष्ट्रको सम्भावनाको कुरा आउँछ, त्यहाँ जनसंख्याले अभूतपूर्व भूमिका निभाएको हुन्छ। कुनै पनि देशको जनसंख्याको गतिले समाजिक मूल्य-मान्यतादेखि यसको विश्वव्यापी प्रतिस्पर्धात्मकतासम्म धेरै कुरा निर्धारण गर्छ। रुसलाई यसको सशक्त उदाहरणका रूपमा लिन सकिन्छ। हालैका वर्षमा भ्लादिमिर पुटिनले प्रस्तुत गरेको महत्त्वाकांक्षी नव-साम्राज्यवादी एजेन्डाका बाबजुद देश ठुलो, लामो जनसांख्यिकीय गिरावटको ढाँचामा जानबाट रोकिएको छ, जसमा राज्यको रूपरेखा मौलिक रूपमा परिवर्तन गर्ने क्षमता छ। मैले यस विषयमा द नेसनल इन्ट्रेस्ट र द मस्को टाइम्सजस्ता प्रकाशनका लागि लेखेको छु र सबैभन्दा विस्तृत रूपमा मेरो २०१३ को पुस्तक इम्प्लोजन : द इन्ड अफ रसिया एन्ड ह्वाट इट मिन्स फर अमेरिकामा लेखेको छु।

कम बुझिएको कुरा के हो भने चीनले निकै नराम्रो जनसांख्यिकीय 'प्रोफाइल'को सामना गरिरहेको छ। जनवादी गणतन्त्र चीन (पिआरसी) का लागि यो कति महत्त्वपूर्ण समस्या हो भन्ने कुरा अमेरिकी जनगणना ब्युरोको सबैभन्दा पछिल्लो तथ्यांक अद्यावधिकमा प्रतिबिम्बित हुन्छ। त्यो जानकारीले भविष्यका वर्षमा चीनको हालको १.४ अर्ब जनसंख्याले उल्लेखनीय गिरावटको सामना गर्नेछ र सन् २१०० सम्ममा आधाभन्दा बढीले घट्न सक्छ भन्ने अनुमान गर्छ। यसबाहेक, यी प्रक्षेपण विश्व बैंकजस्ता संस्थासँग व्यापक रूपमा मेल खान्छ, जसले निकट भविष्यमा जनसंख्या वृद्धि प्रक्षेपण गर्छ, त्यसपछिका दशकमा गहिरो गिरावट आउनेछ।

> घट्दो जनसंख्या नियन्त्रणलाई लिएर चीन सरकारले विभिन्न कदम चालेको छ। सन् २०१६ मा यसले औपचारिक रूपमा 'दुई सन्तान नीति' लागू गऱ्यो र २०२१ मा घट्दो प्रजनन क्षमताको पहिचान गर्दै यसलाई 'तीन सन्तानको नीति'मा विस्तार गऱ्यो। बेइजिङले जन्मदर सीमा खुकुलो पार्ने, बाल हेरचाह अनुदान विस्तार गर्ने र बच्चा जन्माउने महिलाको चिकित्सा लागत घटाउनेजस्ता कार्य पनि गरेको छ।

यो प्रक्षेपण धेरै कारणले गर्दा भएको हो, जसमा सबैभन्दा प्रमुख रूपमा बेइजिङले हालै खारेज गरेको 'एक सन्तान नीति'को विनाशकारी दीर्घकालीन प्रभाव हो। सन् १९७९ मा सुरु भएको र औपचारिक रूपमा २०१५ मा समाप्त भएको त्यो नीतिले देशलाई विश्वको सबैभन्दा कम प्रजनन् दरमध्ये एकमा लैजान मद्दत गऱ्यो। यसको प्रभाव गहिरो छ, चीनमा जन्मदर अहिले ऐतिहासिक रूपमा न्यून छ, जबकि औषत आयु निरन्तर बढिरहेको छ, जसका कारण वृद्धवृद्धाको संख्या निरन्तर बढिरहेको छ। यसबाहेक, आगामी वर्षमा चिजहरू अझ खराब हुने अनुमान गरिएको छ।

घट्दो जनसंख्या नियन्त्रणलाई लिएर चीन सरकारले विभिन्न कदम चालेको छ। सन् २०१६ मा यसले औपचारिक रूपमा 'दुई सन्तान नीति' लागू गऱ्यो र २०२१ मा घट्दो प्रजनन् क्षमताको पहिचान गर्दै यसलाई 'तीन सन्तानको नीति'मा विस्तार गऱ्यो। विगत धेरै वर्षमा यसले जन्मदर सीमा खुकुलो पार्ने, बाल हेरचाह अनुदान विस्तार गर्ने र बच्चा जन्माउने महिलाको चिकित्सा लागत घटाउनेजस्ता कार्य पनि गरेको छ। तर, यी कदमले आजसम्म खासै फरक पारेका छैनन्। चीनको जनसंख्या अझै पनि निरन्तर गिरावटमा छ, जबकि राष्ट्रिय जन्मदर विश्वमा सबैभन्दा न्यून छ।

■ जनसंख्या गिरावटले चीनलाई कस्तो असर गर्छ ?

पहिलो कुरा त जनसांख्यिकीय गिरावटले देशको सेनामा बढ्दो दबाब दिनेछ। आज, २० लाखभन्दा बढी सक्रिय कर्मचारीसहित, जनमुक्ति सेना (पिएलए) विश्वको सबैभन्दा ठुलो सेनाको रूपमा रहेको छ। चीनको जनसंख्या घट्दै जाँदा बृहत् आकारका लडाकु सेनालाई टिकाउन झन् गाह्रो र महँगो हुँदै जानेछ।

चिनियाँ सेना निकट भविष्यमा कमजोर हुने छैन। तर, समयसँगै जनसांख्यिकीय दबाबले यसको उपलब्ध जनशक्तिको भण्डारलाई कमजोर बनाउने अपेक्षा गर्न सकिन्छ। यसले गर्दा चीनले लड्ने तरिका परिवर्तन हुन सक्छ, जसले गर्दा यसले छोटो, तीखो युद्ध रुचाउन सक्छ र बढ्दो रूपमा दुर्लभ कर्मचारीलाई प्रतिस्थापन गर्न मानवरहित प्लेटफर्ममा बढी भर पर्न सक्छ। र, यदि जनगणतन्त्र चीनले पिएलएलाई यसको हालको आकारमा राख्ने निर्णय गर्छ भने यसले देशको काम गर्ने उमेरको जनसंख्या अझ गहिरो रूपमा गुमाउनुपर्नेछ, जुन कुराले चीनको श्रमशक्तिलाई असर गर्नेछ।

यसले ताइबानमाथि द्वन्द्व पनि निम्त्याउन सक्छ। भूराजनीतिक विश्लेषक पिटर जेइहानले आफ्नो २०२२ को पुस्तक द इन्ड अफ द वर्ल्ड इज जस्ट द बिगिनिङ मा तर्क गर्छन् कि चीनको बिग्रँदै गएको जनसांख्यिकीय दृष्टिकोणले बेइजिङको रणनीतिक समयरेखालाई संकुचित गरिरहेको छ, सम्भावित रूपमा ताइबानविरुद्ध चाँडै कदम चाल्ने दबाब बढिरहेको छ, जबकि यसको शक्ति अझै पनि चरम सीमामा छ।

यसैबिच आर्थिक रूपमा घट्दो जनसंख्याले सुस्त वृद्धि र बढ्दो श्रमअभावलाई संकेत गर्छ। यसै शताब्दीको मध्यसम्ममा चीनको आफ्नो काम गर्ने उमेरको जनसंख्या तीव्र रूपमा घट्न सक्छ, यस प्रक्रियामा उत्पादकत्व, नवीनता र उत्पादन घटाउने सम्भावना छ। यसको सबैभन्दा आधारभूत स्तरमा कम मानिसको अर्थ कामदारको संख्या न्यून भन्ने हुन्छ, जसले गर्दा चीनलाई समयसँगै आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न गाह्रो हुँदै जान्छ (बढ्दो स्वचालनको साथ पनि)। थप रूपमा, चीनको जनसंख्या 'बुढो' हुँदै गइरहेको छ, किनकि ६० वर्ष र सोभन्दा माथिको समूह आकारमा ठुलो हुँदै गइरहेका छन्। आज, त्यो सेना लगभग २८ करोड छ, तर यो द्रुत गतिमा बढिरहेको छ र २०३५ सम्ममा ४० करोड पुग्न सक्छ। यस प्रक्रियामा, यसले पेन्सन र स्वास्थ्य सेवाको रूपमा राज्यमा पूरक लागत लगाउनेछ, जसले सरकारी बजेटमा तनाव थप्नेछ। अन्तिम परिणाम कम आर्थिक रूपमा प्रतिस्पर्धी, बढी बोझ भएको चीन हुने सम्भावना छ

यी सबै कुरा वासिंटनका लागि धेरै महत्त्वपूर्ण छन्। आजकल, अमेरिकी नीति-निर्माता चीनले संयुक्त राज्य अमेरिका र बृहत् पश्चिमा संसारलाई अहिले खडा गरेको व्यापक, बहुआयामिक चुनौतीप्रति पूर्ण रूपमा परिचित छन्। तर, उनीहरूले यो पनि बुझ्नु राम्रो हुन्छ कि त्यो चुनौतीको प्रकृति परिवर्तन हुँदै छ, जस्तै- चीन आफैंमा पनि परिवर्तन हुँदै छ।

न्युजविकबाट

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार १९ फागुन ०८२

■ १३ वर्षदेखि युरोपको आकाशमा नेपाली जहाज प्रतिबन्ध

दलका घोषणापत्रमा इयूको कालोसूचीबाट हटाउने प्रतिबद्धता

मीनराज बसन्त/नयाँ पत्रिका

युरोपेली आकाशमा उडान गर्न नेपाली विमानलाई प्रतिबन्ध लगाइएको १३ वर्ष बित्दा पनि सरकारले खुलाउन प्रभावकारी पहल गर्न सकेको छैन। सन् २०१३ को डिसेम्बरदेखि लागेको प्रतिबन्ध खुलाउन पहल गर्ने आसन्न निर्वाचनमा सहभागी राजनीतिक दलहरूले घोषणापत्रमा भने उल्लेख गरेका छन्।

२१ फागुनको निर्वाचनमा सहभागी प्रमुख दलहरूले नियमनमा सुधार तथा हवाई सुरक्षा बढाउँदै इयूको कालोसूचीबाट बाहिर ल्याउने घोषणा गरेका हुन्। इयूको कालोसूचीमा परेका कारण नेपाली वायुसेवाले युरोपमा सिधा उडान गर्न पाएका छैनन्। यसले हवाई र पर्यटन क्षेत्र प्रत्यक्ष प्रभावित हुँदै आएको छ। नियमन, पूर्वाधार र सुरक्षामा आवश्यक सुधार गर्न नसक्दा नेपाल इयूको कालोसूचीबाट बाहिर निस्कन सकेको छैन। नयाँ आउने सरकारले कालोसूचीबाट बाहिर निस्कन प्रभावकारी पहलकदमी लिनुपर्ने विज्ञहरू बताउँछन्।

नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले नेपाल अभ्रै इयूको सुरक्षासूचीमा रहेको बताए। 'हामीले यसलाई कालोसूची भन्दैनौं, सुरक्षासूची भन्छौं, एक दशकदेखि हामी यो सूचीमा छौं, सुधार गर्दै सूचीबाट हट्ने प्रयास भइरहेको छ,' उनले भने।

कांग्रेसले आफ्नो घोषणापत्रमा नेपाललाई इयूको हवाई सुरक्षासम्बन्धी लिस्टबाट हटाउन पहल गर्ने उल्लेख गरेको छ। युरोपेली हवाई सुरक्षा प्रतिबन्धबाट नेपाललाई हटाउन नसक्नुलगायतका पर्यटनसम्बन्धी कमी-कमजोरी सुधार गर्ने कांग्रेसको घोषणापत्रमा उल्लेख छ। एमालेले पनि समान मुद्दालाई घोषणापत्रमा स्थान दिएको छ। एमालेको घोषणापत्रमा हवाई सेवालाई सहज, सुरक्षित र आरामदायी बनाउने उल्लेख गरिएको छ।

रास्वापले भने हवाई सुरक्षित अडिट गराएर इयूको कालोसूचीबाट हटाउने घोषणापत्रमा उल्लेख गरेको छ। 'नेपाल नागरिक उड्डयन प्राधिकरणमा नियामकीय र सेवा प्रवाह गर्ने निकाय अलग बनाउँदै, अन्तर्राष्ट्रिय विज्ञ टोलीमार्फत 'हवाई सुरक्षा अडिट' गराएर नेपाललाई कालोसूचीबाट हटाउन पहल गर्नेछौं,' रास्वपाको घोषणापत्रमा भनिएको छ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले पनि एयरपोर्ट र हवाई सुधार गर्दै इयूको कालोसूचीबाट हटाउने बताएको छ। त्यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अनुसार हवाई क्षेत्रको सुरक्षाका लागि नागरिक उड्डयन प्राधिकरण र सम्बन्धित संस्थाको व्यावसायिकताको विकास तथा सुदृढीकरण गरिनेछ। साथै, नागरिक उड्डयन क्षेत्रको सुधार गर्ने कुरा पनि घोषणापत्रमा अटाएको छ।

दुई-तीन महिनाभित्र यस सम्बन्धमा अडिट गर्न इयूबाट प्रतिनिधिमण्डल आउने कार्यक्रम रहेको भए पनि मध्यपूर्वको तनावले अहिले त्यो पर सर्ने सम्भावना देखिएको प्राधिकरणका सूचना अधिकारी भुलले बताए। 'मुख्यगरी नेपाल नागरिक उड्डयन प्राधिकरणलाई सेवाप्रदायक र नियामक गरी दुई संरचनामा छुट्याउने, दुर्घटनाको छानबिन गर्न छुट्टै स्वतन्त्र संयन्त्र बनाउने, नियमनलाई अझ बढी फोकस गर्नेलगायत सर्तहरू छन्,' उनले भने, 'विगतमा केही प्रयास भए पनि पूरा भएका छैनन्।'

नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुल भन्छन्-



हामी अझै पनि युरोपियन युनियनको सुरक्षा सूचीमै छौं। दुई-तीन महिनाभित्र यस सम्बन्धमा अडिट गर्न इयूबाट प्रतिनिधिमण्डल आउने कार्यक्रम थियो, मध्यपूर्वको तनावले अहिले त्यो पर सर्ने सम्भावना देखिएको छ। मुख्यगरी नेपाल नागरिक उड्डयन प्राधिकरणलाई सेवाप्रदायक र नियामक गरी दुई संरचनामा छुट्याउने, दुर्घटनाको छानबिन गर्न छुट्टै स्वतन्त्र संयन्त्र बनाउने, नियमनलाई अझ बढी फोकस गर्नेलगायत सर्तहरू छन्। विगतमा केही प्रयास भए पनि पूरा भएका छैनन्। नयाँ संसद् आएपछि क्यान टुक्र्याउने ऐन आउने अपेक्षा गर्न सकिन्छ।



इयूको कालोसूचीबाट कसरी निस्कने ?

जुलाई २०१२ मा आइकाओले नेपाली वायुसेवाको उडान सुरक्षामा जोखिम बढेको भन्दै सुरक्षा चासोको लिस्टमा राखेको थियो। आइकाओको त्यही अडिटलाई आधार बनाएर इयूले पनि नेपाली वायुसेवालाई कालोसूचीमा राखेको हो। आइकाओले नेपाली हवाई क्षेत्रको सुरक्षामा प्रगति भएको ठहर गर्दै सन् २०१७ मै सुरक्षा चासोको लिस्टबाट हटाइसकेको छ। तर, इयूको सुरक्षा चासो भने करिब १३ वर्षदेखि यथावत् छ। नेपालको नियमनकारी निकायदेखि वायुसेवा कम्पनीहरूसम्मले उडान सुरक्षा मापदण्ड अझै पूर्ण रूपमा परिपालना गरिनसकेको इयूको ठहर छ।

अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ), इयूलगायत अन्तर्राष्ट्रिय निकायले सेवाप्रदायक र नियामक एउटै निकाय हुँदा हवाई सुरक्षामा खेलाँची भइरहेको औंल्याउँदै क्यानलाई टुक्र्याएर नियामक र व्यवस्थापक छुट्टाछुट्टै निकाय बनाउन सुझाव दिँदै आएका छन्। क्यानलाई टुक्र्याउने कानुन नबन्दासम्म यो सूचीबाट हट्ने सम्भावना नरहेको जानकारहरू बताउँछन्। क्यानलाई सेवाप्रदायक र नियामक निकायका रूपमा छुट्याउने गरी तयार गरिएको नेपाल नागरिक उड्डयन ऐन, २०७३ को मस्यौदा वर्षौं बितिसक्दासमेत थन्क्याएर राखिएको छ। पछिल्लोपटक प्रतिनिधिसभामा दर्ता भएको यो विधेयक संसद् विघटन भएसँगै निष्क्रिय भएको छ। अब नयाँ संसद्मा पुनः यो विधेयक दर्ता गरिनुपर्नेछ।

मध्यपूर्वमा १७ लाखभन्दा बढी नेपाली श्रमिकको सुरक्षा चिन्ता, रोजगारी प्रभावित

प्रमुख श्रम गन्तव्य मुलुक युएई, साउदी, कतारलगायतका मध्यपूर्वमा अमेरिका-इजरायल र इरानबिचको युद्धले श्रमिकको नयाँ श्रम स्वीकृति रोकियो, रेमिट्यान्स आप्रवाहसमेत घट्न सक्ने

अजित अधिकारी/नयाँ पत्रिका

अमेरिका-इजरायल र इरानबिचको युद्धले मध्यपूर्वमा तनाव हुँदा नेपालको वैदेशिक रोजगारमा रहेका १७ लाख भन्दा बढी नेपाली श्रमिकको सुरक्षा चिन्ता बढेको छ। श्रम स्वीकृति रोकिएसँगै रोजगारी पनि प्रत्यक्ष प्रभावित भएको छ। मध्यपूर्वको १६ मध्ये युएई, साउदी अरेबिया, कतार, कुवेत, बहराइन, ओमान, जोर्डन र इजरायल नेपाली कामदारका लागि आकर्षक श्रम गन्तव्य मुलुक हुन्। यिनै मुलुकहरू युद्धको चपेटामा रहेकाले त्यहाँ काम गरिरहेका नेपाली श्रमिक नै सुरक्षाको जोखिममा छन् भने नयाँ कामदारको श्रम स्वीकृति पनि रोकिएको छ।

वैदेशिक रोजार विभागले १६ मध्ये १२ देश साउदी अरेबिया, युएई, कतार, कुवेत, बहराइन, ओमान, इराक, यमन, जोर्डन, लेबनान, टर्की र इजरायलमा हुने श्रम स्वीकृति रोक्ने निर्णय छ। परिस्थिति सामान्य नहुन्जेलसम्मका लागि श्रम स्वीकृति स्थगन गर्ने निर्णय लिएको विभागका उपमहानिर्देशक चन्द्रबहादुर शिवाकोटीले जानकारी दिए। 'मध्यपूर्वको तनाव कम नहुन्जेल नयाँ श्रम स्वीकृति जारी नगर्ने निर्णय भएको छ, अहिले आवेदन पनि परेको छैन,' उनले भने।

मध्यपूर्व वैदेशिक रोजगारका लागि सबैभन्दा बढी नेपाली जाने क्षेत्र हो। विभागका अनुसार तीन वर्षयता मात्रै १६ मध्ये १५ देशमा १७ लाख २५ हजार दुई सय ७३ जनाले श्रम स्वीकृति लिएर गएका छन्। सिरियामा कसैले पनि श्रम स्वीकृति लिएर गएका छैनन्। वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङले मध्यपूर्वमा वेला-वेला तनाव हुँदा नेपाली कामदार प्रभावित भएको बताए। यसपटकको तनाव चाँडै समाधान भएर नेपाली कामदारले पनि सुरक्षित महसुस गर्ने वातावरण सिर्जना हुने अपेक्षा राखेको उनले बताए। 'नेपाली कामदार सुरक्षित बसोवास क्षेत्रमै हुन्छन्, त्यसैले ठुलो समस्या नहोला भन्ने अपेक्षा छ,' उनले भने। मध्यपूर्वका देशहरू प्रमुख श्रम गन्तव्यमा पर्ने भएकाले चाँडो निकासा खोज्न सरकारले पनि पहलकदमी लिनुपर्ने उनको सुझाव छ।

मध्यपूर्वमा गएका कामदारको रेमिट्यान्समा उच्च योगदान भइरहेको विषयलाई ध्यान दिएर सरकारले कामदारमैत्री निर्णय लिनुपर्ने उनको सुझाव छ। दैनिक १५ सय नेपाली वैदेशिक रोजगारमा जाने गरेकोमा करिब एक हजार मध्यपूर्वका देशमा नै जाने गरेको उनको भनाइ छ। 'मध्यपूर्वका देशमा जाने खर्च पनि मितव्ययी छ। आम्दानी पनि अपेक्षाकृत नै भएकाले नेपाली कामदारको रोजाइमा पर्दै आएको हो,' उनले भने, 'मध्यपूर्वका रोजगारदाताले पनि नेपाली श्रमिकलाई रुचाइरहेका छन्।'

संघका महासचिव महेशकुमार बस्नेतले बाह्य रोजगारीका लागि मध्यपूर्व सबैभन्दा बलियो आधार रहेको बताए। 'नेपाली श्रमिक र रोजगारदाताले समेत रुचाएका कारण मध्यपूर्व वैदेशिक रोजगारीका लागि सबैभन्दा राम्रो ठाउँ हो,' उनले भने, 'त्यसैले, मध्यपूर्वको रोजगारी सुरक्षित राख्न सबै क्षेत्रबाट पहल हुनुपर्छ।'



■ रेमिट्यान्समा सबैभन्दा धेरै योगदान

राष्ट्रिय तथ्यांक कार्यालयले गरेको एक अध्ययनले आन्तरिक (देशभित्रकै एक ठाउँबाट अर्को ठाउँमा पैसा पठाउने)सहित सबैभन्दा धेरै मध्यपूर्वका देशबाट रेमिट्यान्समा योगदान भइरहेको देखाएको छ। कार्यालयको अध्ययनअनुसार नेपालमा भित्रिने रेमिट्यान्समध्ये मध्यपूर्वका कतारबाट १० प्रतिशत, साउदी अरेबियाबाट ९.१ प्रतिशत र युएईबाट ७.१ प्रतिशत योगदान रहेको छ। तीनवटै देश प्रमुख श्रम गन्तव्य मुलुक हुन्। त्यसैले यहाँको रोजगारीमा असर पर्दा रेमिट्यान्स आप्रवाहमा पनि प्रभाव पर्नेतर्फ ध्यान दिनुपर्ने वैदेशिक रोजगार व्यवसायी महासंघका महासचिव महेशकुमार बस्नेतले बताए।



वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङ भन्छन्-

मध्यपूर्वमा वेला-वेला तनाव हुँदा नेपाली कामदार प्रभावित भएका छन्। नेपाली कामदार सुरक्षित बसोवास क्षेत्रमै हुन्छन्, त्यसैले ठुलो समस्या नहोला भन्ने अपेक्षा छ। मध्यपूर्वका देशहरू प्रमुख श्रम गन्तव्यमा पर्ने भएकाले चाँडो निकासा खोज्न सरकारले पनि पहलकदमी लिनुपर्छ। मध्यपूर्वमा गएका कामदारको रेमिट्यान्समा उच्च योगदान भइरहेको विषयलाई ध्यान दिएर सरकारले कामदारमैत्री निर्णय लिनुपर्छ। दैनिक १५ सय नेपाली वैदेशिक रोजगारमा जाने गरेकोमा करिब एक हजार मध्यपूर्वका देशमा नै जाने गर्छन्। मध्यपूर्वका देशमा जाने खर्च पनि मितव्ययी छ। आम्दानी पनि अपेक्षाकृत नै भएकाले नेपाली कामदारको रोजाइमा पर्दै आएको हो।

संयुक्त अरब इमिरेट्स (युएई)मा मृत्यु हुने नेपाली युवाको पहिचान भएको अबुधाबीस्थित नेपाली दूतावासले जनाएको छ। दूतावासका अनुसार आवुधाबीस्थित जायद अन्तर्राष्ट्रिय विमानस्थलमा ड्रोन निष्क्रिय पार्ने क्रममा मिडल इस्ट कम्पनीको सेक्युरिटी गार्डमा कार्यरत गोरखाका २९ वर्षीय दिवस श्रेष्ठको निधन भएको हो। दूतावासले परिस्थिति सहज भएपछि श्रेष्ठको शव नेपाल पठाउने प्रक्रिया अघि बढाउने पनि जनाएको छ। दूतावासले नेपाली नागरिकलाई सयंमता अपनाउन र सुरक्षित स्थानमा रहन आग्रहसमेत गरेको छ। त्यस्तै, युएई सरकारले जारी गरेको सुरक्षासम्बन्धी मापदण्ड पूर्ण रूपमा पालना गर्न पनि अनुरोध गरेको छ।

■ १६ फागुन ०७९ यता श्रम स्वीकृति लिएर मध्यपूर्व गएका नेपाली

देश	श्रम स्वीकृति संख्या
युएई	६ लाख ४० हजार ४ सय २८
साउदी अरेबिया	४ लाख २७ हजार १ सय ४
कतार	४ लाख १४ हजार ८९
कुवेत	१ लाख ४७ हजार २ सय १२
बहराइन	३१ हजार १ सय ७५
साइप्रस	२४ हजार ८ सय ३४
ओमान	२४ हजार ५ सय १८
जोर्डन	६ हजार १ सय २४
टर्की	५ हजार ३ सय ८९
इजरायल	३ हजार सात सय ६४
इजिप्ट	३ सय ७३
लेबनान	१ सय ८५
इराक	७४
यमन	२
इरान	२
सिरिया	०

स्रोत : वैदेशिक रोजगार विभाग

नेपालमा फेरि बढ्न थाल्यो चाँदीको माग

मिलन विश्वकर्मा/नयाँ पत्रिका

मध्यपूर्वमा भएको द्वन्द्वले नेपालमा चाँदीको माग पुनः बढ्न थालेको छ। यसअघि मूल्यमा उच्च गिरावट आएपछि चाँदीको मागमा शिथिलता आएको थियो। तर, अहिले मध्यपूर्वमा देखिएको द्वन्द्वसँगै चाँदी र सुनको माग बढ्न सुरु गरेको व्यवसायीहरू बताउँछन्।

गत शनिबार अमेरिका र इजरायल मिलेर इरानमा आक्रमण गरेका थिए। इरानले पनि त्यसको बदलामा युएई, कतार, कुवेतलगायतका देशमा आक्रमण गरेको छ। यो द्वन्द्व अझै लम्बिने संकेत देखिएको छ। यसले विश्व अर्थतन्त्र प्रभावित हुने भएपछि विश्वका लगानीकर्ताले सुरक्षित लगानीका लागि सुनचाँदीजस्ता धातुमा लगानी बढाएका छन्। फलस्वरूप त्यसको मूल्य पनि बढ्न थालेको छ।

विश्व बजारकै आधारमा नेपालमा सुनचाँदीको मूल्य निर्धारण हुन्छ। पछिल्लो



परिस्थितिअनुसार मूल्य बढ्ने आशंकामा नाफा कमाउने उद्देश्यसहित नेपालीले सुनचाँदीमा लगानी बढाउन थालेका छन्। त्यसमा पनि चाँदीमा आकर्षण उच्च देखिएको छ। नेपालमा सर्वसाधारणले काँचो चाँदी खरिद गर्न पाउँछन्।

नेपाल सुनचाँदी व्यवसायी महासंघका निवर्तमान अध्यक्ष मणिकरत्न शाक्यले चाँदीको माग बढ्न थालेको बताए। 'मध्यपूर्वमा देखिएको द्वन्द्वले सुनचाँदीको मूल्य पुनः बढ्ने देखिएको छ। त्यसपछि नाफा कमाउने उद्देश्यसहित नेपालीले पनि सुनचाँदीमा लगानी बढाउन थालेका छन्। काँचो सुन त खरिद गर्न पाइँदैन। विभिन्न गरगहनाको नाममा सुनको माग बढ्न थालेको छ,' उनले भने, 'सुनभन्दा पनि चाँदीको माग भने उच्च छ। सर्वसाधारणले काँचो चाँदी खरिद गर्न पाउछन्। साथै, मूल्यका आधारमा पनि यसमा अधिकांशको पहुँच पुग्छ।'

सामान्य अवस्थाको तुलनामा अहिले चाँदीको माग दोब्बरजस्तै भएको उनको भनाइ छ।

न्युरोडस्थित ह्वाइट फेदर्स इनकर्पोरेसनका सञ्चालक स्किन्नर रसाइलीले पनि चाँदीको माग बढेको बताए। 'मध्यपूर्वको द्वन्द्व अहिले विश्व अर्थतन्त्र प्रभावित हुने देखिएको छ। सेयर बजार पनि घट्ने देखिन्छ। त्यसले गर्दा विश्व लगानीकर्ताले सुरक्षित लगानीका रूपमा सुनचाँदीमा लगानी बढाउन थालेका छन्। त्यसले विश्व बजारमै सुनचाँदीको मूल्य बढ्ने देखिएको छ। त्यसपछि नेपालमा पनि यसको मूल्य बढ्छ। पछिल्ला दिनमा सुनचाँदीको मूल्य बढ्न थालेको छ,' उनले भने, 'त्यसमा नाफा कमाउने उद्देश्यसहित नेपालीले पनि चाँदीमा लगानी बढाउन थालेका छन्। गत सातासम्म हाम्रो कम्पनीबाट मुस्किलले दैनिक १० केजी चाँदी बिक्री हुने गरेको थियो। तर, आइतबार २० केजीभन्दा बढी चाँदी बिक्री भयो।'

सोमबार नेपाली बजारमा सुनको मूल्य तोलामा पाँच हजार ६ सय रूपैयाँले बढेको छ। आइतबार सुनको मूल्य तीन लाख २० हजार पाँच सय रुपैयाँ थियो। सोमबार त्यो तीन लाख २६ हजार एक सय रुपैयाँ पुगेको छ। यसैगरी, चाँदीको मूल्य तोलामा ३५ रुपैयाँले बढेको छ। आइतबार प्रतितोला पाँच हजार नौ सय ८५ रहेको चाँदीको मूल्य सोमबार ६ हजार २० रुपैयाँ पुगेको छ। मध्यपूर्वको द्वन्द्वपछि विश्व बजारमा सुनचाँदीको मूल्य बढ्न थालेको छ।

यसअघि गत १५ माघमा सुनको मूल्य प्रतितोला तीन लाख ३९ हजार तीन सय र चाँदीको मूल्य सात हजार पाँच सय पाँच रुपैयाँ पुगेको थियो, जुन हालसम्मकै उच्च हो। त्यसपछि सुनको मूल्य घटेर प्रतितोला दुई लाख ९० हजार र चाँदीको मूल्य ४७ सय १० रुपैयाँमा झरेको थियो।

चुनावमा पेट्रोल खपत दोब्बर

काठमाडौं उपत्यकामा दैनिक ६-७ लाख लिटर पेट्रोल वितरण हुने गरेकामा आइतबार साढे १६ लाख र सोमबार १३ लाख ३९ हजार लिटर वितरण

नयाँ पत्रिका

चुनावमा सवारीसाधनको प्रयोग बढेसँगै काठमाडौं उपत्यकामा पेट्रोलको खपत दोब्बर भएको छ। आयल निगमको बागमती प्रादेशिक कार्यालय, थानकोट प्रमुख जगदीश यादवका अनुसार सोमबार उपत्यकामा पेट्रोल १३ लाख ३९ हजार लिटर वितरण भएको छ, जुन सामान्य अवधिको तुलनामा दोब्बर हो।

यादवका अनुसार उपत्यकामा सामान्य अवस्थामा दैनिक ६ लाखदेखि सात लाख लिटर पेट्रोल खपत हुने गरेको छ। चुनावका कारण सवारीसाधनको चहलपहल बढेकाले खपत पनि बढेको हो। 'अहिले उपत्यकामा पेट्रोलको खपत उच्च छ। पेट्रोलपम्पमा जति माग हुन्छ, त्यति नै वितरण भइरहेको छ,' यादवले भने, 'मागेजति बजारमा तेल पठाउन निगमलाई कुनै समस्या छैन।' उनका अनुसार आइतबार पनि पेट्रोल १६ लाख ५० हजार लिटर वितरण भएको थियो, जुन यो वर्ष कुनै पनि दिन वितरण भएकोमध्ये उच्च परिमाण हो। आइतबार दिउँसोदेखि रातिसम्म उपभोक्ताहरू पेट्रोलपम्पमा लाइन लागेर तेल लिन बाध्य भएका थिए।

लाइन हटाउन पेट्रोलपम्पलाई जतिसक्दो धेरै तेल उठाउन निगमले सोमबार बिहानै ताकेता गरेको थियो। निगमको थानकोट डिपो पनि बिहान आठ बजे नै खोलेर ट्यांकरमा तेल लोड गर्न थालिएको थियो। डिपो प्रमुख यादवका अनसार सोमबार साँझ सात बजेसम्म कार्यालयभित्र ट्यांकरमा तेल लोड कार्य जारी थियो। अरू बेला दिउँसो तीन बजे नै ट्यांकरमा तेल लोड गर्ने काम सकिन्थ्यो। सोमबार भने उपत्यकाको उच्च माग परिपूर्ति गर्न साँझसम्म डिपो खोलेर तेल वितरण गरिएको यादवले जानकारी दिए।

आइतबार रातिसम्म उपभोक्ता पम्पमा लाइन लागे पनि सोमबार लाइन हटेको छ। सोमबार निगमका प्रवक्ता मनोज ठाकुर पनि विभिन्न पम्पको निरीक्षण गर्न पुगेका थिए। उनले पनि पेट्रोलपम्पमा लाइन नरहेको बताए। 'सोमबार दिउँसो म पेट्रोलपम्पको निरीक्षण गर्न निस्किएको थिएँ। कतै पनि लाइन देखिएन,' उनले भने, 'यद्यपि, पेट्रोल वितरण भने उच्च परिमाणमा भएको छ।' चुनावअगाडि पेट्रोलपम्पमा उपभोक्ताको लाइन बढेपछि निगम अधिकारीले जतिसक्दो धेरै तेल वितरण गर्ने रणनीति लिएका छन्।

'देशको जुनसुकै भूभागमा मागेजति तेल दिने सामर्थ्य निगमसँग छ। त्यसैले कुनै पनि उपभोक्ताले लाइन लागेर तेल लिनुपर्दैन,' प्रवक्ता ठाकुरले भने। चुनावको सुरक्षालाई ध्यान दिएर सवारीसाधनबाहेक ग्यालेन, बोतल वा अन्य सामग्रीमा इन्धन वितरण नगर्न पेट्रोलपम्पलाई कडाइ गरिएको उनको भनाइ छ। काठमाडौं उपत्यकामा डिजेलको माग भने सामान्य घटेको छ। सोमबार सात लाख ५७ हजार किलोलिटर डिजेल वितरण भएको थानकोट डिपो प्रमुख यादवले जानकारी दिए।

● **मनोज ठाकुर**, प्रवक्ता, नेपाल आयल निगम



सोमबार दिउँसो म पेट्रोलपम्पको निरीक्षण गर्न निस्किएको थिएँ। कतै पनि लाइन देखिनँ। यद्यपि, पेट्रोल वितरण भने उच्च परिमाणमा भएको छ। देशको जुनसुकै भूभागमा मागेजति तेल दिने सामर्थ्य निगमसँग छ। त्यसैले कुनै पनि उपभोक्ताले लाइन लागेर तेल लिनुपर्दैन।

■ हवाई इन्धनको खपत घट्यो

मध्यपूर्वी देशमा हुने उडान कटौती भएकाले हवाई इन्धनको खपत भने घटेको छ। आयल निगमको सिनामंगलस्थित हवाई इन्धन कार्यालय प्रमुख यादवका अनुसार अन्तर्राष्ट्रिय उडानतर्फ दैनिक पाँच लाख लिटर इन्धन खपत हुने गरेकोमा आइतबार तीन लाख ७५ हजार लिटर मात्रै बिक्री भएको छ। 'मध्यपूर्वको उडान कटौती भएदेखि दैनिक एक लाख हाराहारी खपत घटिरहेको छ,' उनले भने। डिपोमा कम्तीमा १५ दिनलाई पुग्ने इन्धन मौज्दात रहेको पनि उनले जानकारी दिए। आन्तरिक उडानतर्फ भने दैनिक ८१ हजारदेखि ८६ हजार लिटरसम्म खपत रहेको उनले जानकारी दिए।

■ उपत्यकाबाहिर सामान्य वृद्धि

उपत्यकाबाहिर पेट्रोलियम पदार्थको खपतमा सामान्य वृद्धि भएको छ। बाराको अमलेखगन्जस्थित निगमको सबैभन्दा ठुलो डिपोले सोमबार आठ लाख १५ हजार लिटर पेट्रोल र नौ लाख ५० हजार लिटर डिजेल वितरण गरेको छ। अमलेखगन्ज डिपो प्रमुख प्रलयंकर आचार्यका अनुसार उक्त परिमाण सामान्य अवधिको तुलनामा थोरै मात्र बढी हो। 'आइतबार र सोमबार पेट्रोलको खपत थोरै परिमाणले बढेको छ,' उनले भने, 'डिजेलको खपत त घटेको छ।' त्यस्तै, लुम्बिनी प्रादेशिक कार्यालय, भैरहवाका प्रमुख सैलेन्द्र भुसालले पनि माग परिमाण खासै नबढेको बताए। 'सोमबार चार लाख २० हजार लिटर पेट्रोल र ६ लाख ५० हजार लिटर डिजेल वितरण भएको छ,' उनले भने, 'पेट्रोलको खपत सामान्य अवधिको तुलनामा करिब एक लाख लिटर बढी हो भने डिजेलको खपत समान छ।'

कर्णाली प्रदेशमा पनि माग सामान्य रहेको निगमको सुर्खेतस्थित प्रादेशिक कार्यालय प्रमुख दीपक घिमिरेले जानकारी दिए। 'यहाँको पहाडी र तराई क्षेत्रमा कतै पनि आपूर्तिमा समस्या छैन। माग पनि बढेको छैन,' उनले भने, 'मंगलबार एक लाख ४० हजार लिटर डिजेल र ६० हजार लिटर पेट्रोल वितरण गर्ने कार्यतालिका छ।'

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction

Federal Urban Development and Building Construction Office, Kaski

Invitation for Bids

Date of Publication: 2082/11/19 BS

1. The Department of Urban Development and Building Construction, Federal Urban Development and Building Construction Office, Kaski invites electronic bids from Nepalese eligible bidders for the following works.

S.N	Contract No/ Bid No	Description of Works	Bidding Procedure	Bid Security (NRs)	Bid Price (NRs)	Remarks
1	FUDBCO/KASKI/NCB/ WORKS/082/83/28	Construction of 10 Classroom School Building of Kalika Madhyamik Bidhyalaya at Bhanu Na. Pa, Ward No. 9, Tanahun.	NCB-1S2E	647,000.00	5,000.00	
2	FUDBCO/KASKI/NCB/ WORKS/082/83/29	Shree Janajagriti Ma.Bi. Balmaitri Bhawan Nirman Yojana, Byas Na. Pa-13, Tanahun.	NCB-1S2E	647,000.00	5,000.00	

2. Pre bid meeting date: 2082/12/08 at 13:00 Hrs.
3. Bid Submission date: 2082/12/19 till 12:00 Hrs, Bid Opening Date: 2082/12/19 at 13:00 Hrs.
4. For all other details, please refer to the complete set of bidding documents at Federal Urban Development and Building Construction Office, Kaski, Telephone: +977-061-453058 & email address:-dudbckaski2076@gmail.com or through website www.bolpatra.gov.np/egp

Office Chief

कामना सेवा विकासले दिने अनुसन्धान अनुदानको म्याद थप

काठमाडौं/ कामना सेवा विकास बैंकले प्रदान गर्ने एमफिल र स्नातकोत्तर अध्ययरत शोधकर्ता विद्यार्थीलाई अनुसन्धान अनुदान (रिसर्च ग्रान्ट)को म्याद चैत मसान्तसम्म थप गरिएको छ। विभिन्न विश्वविद्यालय तथा विद्यार्थीको अनुरोधमा उक्त म्याद थप गरिएको बैंकले जनाएको हो।

बैंकले अर्थशास्त्र र व्यवस्थापनमा एमफिल गर्दै गरेका शोधकर्ता विद्यार्थी र व्यवस्थापन, अर्थशास्त्र र कम्प्युटर साइन्स तथा सूचना प्रविधिमा स्नातकोत्तर गर्दै गरेका शोधकर्ता विद्यार्थीलाई शोधकार्यका लागि अनुसन्धान अनुदान प्रदान गर्न लागेको छ।

आवेदकले कुनै पनि विश्वविद्यालयमा व्यवस्थापन वा अर्थशास्त्रमा मान्यताप्राप्त स्नातकोत्तर वा एमफिलमा भर्ना भएको हुनुपर्नेछ। बैंकिङ र अर्थतन्त्रसँग सम्बन्धित विभिन्न क्षेत्रमा गरिने शोधकार्यका लागि एफफिल गर्दै गरेका दुईजना शोधकर्ता विद्यार्थीलाई जनही एक लाखका दरले अनुदान दिइनेछ। त्यस्तै, व्यवस्थापन, अर्थशास्त्र र कम्प्युटर साइन्स तथा सूचना प्रविधिमा स्नातकोत्तर गर्दै गरेका चारजना शोधकर्ता विद्यार्थीलाई बैंकिङ, अर्थतन्त्र र सूचना तथा प्रविधिसँग सम्बन्धित विभिन्न क्षेत्रमा गरिने शोधका लागि जनही ५० हजारका दरले अनुसन्धान अनुदान दिइनेछ।

उक्त अनुदान प्राप्त गर्नका लागि सम्बन्धित कलेजको सिफारिससहित १३ अप्रिल ०२६ (चैत मसान्त)भित्र यस बैंकमा प्रस्तावना पेस गर्नुपर्नेछ। सम्बन्धित विषयका विज्ञसमेत रहेको छनोट समितिले उक्त अनुदान प्राप्त गर्ने विद्यार्थी छनोट गर्नेछ।

विद्यार्थीले गर्ने शोधकार्य भरपर्दो र प्रमाणित गर्न सकिने तथ्यांकमा आधारित र मौलिक हुनुपर्ने बैंकले जनाएको छ। बैंकले प्रदान गर्ने उक्त अनुदानले एमफिल र स्नातकोत्तर गर्दै गरेका शोधकर्ता विद्यार्थीलाई सहयोग पुग्ने बैंकका प्रमुख कार्यकारी अधिकृत दिनेश थकालीले जनाए।

नेपाल टेलिकमबाट अब एकैचोटि १० हजार एसएमएस पठाउन सकिने



काठमाडौं/ नेपाल टेलिकमले एकैचोटि १० हजार एसएमएस पठाउन सकिने सेवा सञ्चालनमा ल्याएको छ। टेलिकमको सिम प्रयोगकर्ताले एकैपटक १० हजार ग्रुप एसएमएस पठाउन सकिने सुविधा ल्याएको हो। यो सेवा प्रयोग गरेर एकैपटक दुई हजार, पाँच हजार र १० हजारवटासम्म सामूहिक सन्देश पठाउन सकिने कम्पनीले जनाएको छ।

टेलिकमका अनुसार एउटै सन्देश धेरैजनालाई पठाउनुपर्ने अवस्थामा विभिन्न व्यक्ति वा संस्थाले पहिलेखि नै नेपाल टेलिकमको यो ग्रुप एसएमएस सेवा उपयोग गरिरहेका छन्। यसरी एकैपटक धेरैजनालाई पठाउन सकिने ग्रुप एसएमएस सेवा निकै उपयोगी हुन सक्ने कम्पनीले जनाएको छ।

यो सेवाअन्तर्गत ग्राहकले एक हजार दुई सय ४३ रुपैयाँमा दुई हजार एसएमएस, ३,१०८ मा पाँच हजार र ६,२१५ मा १० हजार एसएमएस पठाउन सक्नेछन्।

सेवा प्रयोग गर्न प्रयोगकर्ताको नाममा रहेको कम्पनीको सिमकार्ड प्रयोग गर्नुपर्नेछ। त्यसपछि मोबाइल, डेस्कटप वा ल्यापटपबाट ग्रुप एसएमएस डट एनटिसी डट नेट डट एनपी लगइन गरी आफूलाई आवश्यक प्याकेज खरिद गर्न सकिनेछ। ग्राहकले आफ्नो मोबाइलबाट सामूहिक सन्देश पठाउन पहिले आवश्यक नम्बर एक्सेल सिटमार्फत अपलोड गर्नुपर्छ। त्यसपछि एकैपटक धेरैजनालाई सन्देश पठाउन सकिने टेलिकमका प्रवक्ता रवीन्द्र मानन्धरले जानकारी दिए।

वीरगन्ज र जनकपुरमा साओमीका सर्भिस सेन्टर



काठमाडौं/ प्रविधि कम्पनी साओमीले ग्राहकलाई सहज, छिटो र भरपर्दो सेवा उपलब्ध गराउने उद्देश्यसहित सेवा विस्तारलाई निरन्तरता दिएको छ। यसैक्रममा कम्पनीले १४ फागुनमा आदर्शनगर, वीरगन्ज तथा १५ फागुनमा अर्बिट मल, शिवचोक, जनकपुरमा दुई आधिकारिक सर्भिस सेन्टर सञ्चालनमा ल्याएको छ। यी सर्भिस सेन्टर सञ्चालनमा आएसँगै मधेश प्रदेशका साओमी प्रयोगकर्ताले अब आफ्नै क्षेत्रमा आधिकारिक, गुणस्तरीय सेवा प्राप्त गर्न सक्ने बताइएको छ।

नयाँ सर्भिस सेन्टरमार्फत साओमीका स्मार्ट फोन, वेयरएबल्स (स्मार्ट वाच तथा फिटनेस ब्यान्ड), हियरएबल्स (इयरफोन तथा हेडफोन) र विभिन्न आइओटी उपकरणको मर्मत, प्राविधिक जाँच तथा सेवा उपलब्ध गराइनेछ। यहाँ प्रयोग हुने सबै स्पेयर पार्टर्स आधिकारिक (जेनुइन) हुनेछन्।

यी सर्भिस सेन्टरको सञ्चालन टेलिडाइरेक्टर प्रालिले गर्नेछ। टेलिडाइरेक्ट, रमेश कर्पअन्तर्गतको कम्पनी हो, जसले नेपालभर साओमी ब्रान्डका लागि आधिकारिक सेवा व्यवस्थापन गर्दै आएको छ।

उद्घाटन अवसरमा कम्पनीले विशेष अफरसमेत घोषणा गरेको छ। सञ्चालनमा आएको मितिदेखि एक महिनासम्म ग्राहकले सबै उपकरणमा निःशुल्क सभिर्सिङ तथा सफ्टवेयर अपग्रेड सेवा पाउनेछन्। साथै वारेन्टीबाहिर रहेका स्पेयर पार्टस् र मर्मत सेवामा २५ प्रतिशतसम्म छुट तथा वारिन्टीबाहिरका स्पेयर पार्टसूमा कुनै सर्भिस शुल्क नलाग्ने सुविधा उपलब्ध गराइने पनि कम्पनीले जनाएको छ।

दुवै सर्भिस सेन्टरमा दक्ष तथा तालिमप्राप्त प्राविधिक टोली रहनेछ, जसले सामान्य मर्मतदेखि जटिल प्राविधिक समस्यासम्म आधिकारिक र मापदण्डअनुसारको सेवा प्रदान गर्नेछन्।

सूर्यज्योति लाइफले पाँचतारे होटेल होलिडे इनमा २५ प्रतिशत लगानी गर्ने



काठमाडौं/ सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीले धनगढीस्थित क्लब चौलानी लिमिटेडमा २५ प्रतिशत सेयर हिस्सा लिएर लगानी सम्झौता गरेको हो। उक्त परियोजना अन्तर्राष्ट्रिय होटेल समूह आइएचजी होटेल एन्ड रिसोर्टअन्तर्गतको होलिडे इन धनगढी ब्रान्डमा सञ्चालन हुने सुदूरपश्चिम प्रदेशकै अन्तर्राष्ट्रियस्तरको पहिलो पाँचतारे होटेल हुने बताइएको छ।

क्लब चौलानीका अध्यक्ष डा. राजेन्द्र केसीले सहकार्यप्रति खुसी व्यक्त गर्दै भने, 'हामी धनगढीमा होलिडे इन ब्रान्ड ल्याउन आइएचजी होटेल एन्ड रिसोर्टसँग सहकार्य गर्न पाउँदा उत्साहित छौं।'

होटेलमा अन्तर्राष्ट्रिय मापदण्डअनुसार पाँच प्रिमियम स्विइटसहित एक सय १५ वटा आधुनिक अतिथि कक्ष रहनेछन्। प्रमुख सुविधामा करिब १८ हजार पाँच सय वर्गफुट क्षेत्रफलमा फैलिएको अत्याधुनिक क्यासिनो, सात सयजनासम्म अट्ने भव्य बेंक्वेट हल, रुफटप स्विमिङ पुल, बहुपरिकार रेस्टुरेन्ट, पूर्ण रूपमा सुसज्जित आधुनिक फिटनेस सेन्टर, विभिन्न बैठक तथा सम्मेलन कक्ष तथा विशेष निजी डाइनिङ सुविधा समावेश रहनेछन्।

अन्तर्राष्ट्रिय ब्रान्ड होटेलको उपस्थितिले धनगढी क्षेत्रमा बढ्दो व्यावसायिक तथा पर्यटन मागलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रियस्तरको आतिथ्य सत्कार प्रदान गर्नुका साथै यस क्षेत्रको पर्यटन क्षेत्रको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा लगानीकर्ताले गरेका छन्।

'नेपालको पर्यटन क्षेत्रको दीर्घकालीन सम्भावनालाई दृष्टिगत गर्दै दीर्घकालीन लाभ, स्थिर प्रतिफल तथा सुदूरपश्चिम क्षेत्रकै पर्यटन पूर्वाधारको विकासमा योगदान गर्ने उद्देश्यले यस परियोजनामा लगानी गरिएको हो,' सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रकाशविक्रम खत्रीले भने।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय हेटौंडा, मकवानपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/११/१९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रकिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रकिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण

ऐमान सिं भ्लोन लामाको नाति, अकल सिं भ्लोन लामाको छोरा, मकवानपुर जिल्ला, साविक हेटौंडा गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ५ बस्ने **आवेश लामा** (ना.प्र.नं. १३/९४४०, जारी मिति २०६०/०८/१९, जि.प्र.का. मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. अकल सिं भ्लोन लामाको बुहारी, आवेश लामाको पत्नी, धादिङ जिल्ला, साविक तसर्षु गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ५ बस्ने **विन्दु थोकर** (ना.प्र.नं. ४५२३, जारी मिति २०६२/०८/१८, जि.प्र.का. धादिङ)।

२. राजमान सिं भ्लोन लामाको नाति, ऐमान सिं भ्लोन लामाको छोरा, मकवानपुर जिल्ला, साविक हेटौंडा गा.वि.स./न.पा. वडा नं. १० स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ५ बस्ने **अकल सिं भ्लोन लामा** (ना.प्र.नं. ८१, जारी मिति २०३१/०७/२६, जि.प्र.का. मकवानपुर)।

३. ऐमान सिं भ्लोन लामाको बुहारी, अकल सिं भ्लोन लामाको पत्नी, मकवानपुर जिल्ला, साविक हेटौंडा गा.वि.स./न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ५ बस्ने **विन्दु कुमारी थिं तामाङ** (ना.प्र.नं. ३७०, जारी मिति २०३४/०८/१०, जि.प्र.का. मकवानपुर)।

धितोको विवरण

विन्दु कुमारी थिं तामाङ (ना.प्र.नं. ३७०, जारी मिति २०३४/०८/१०, जि.प्र.का. मकवानपुर) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ५ नक्सा सिट नं. ५ स्थित कि.नं. २०५३, ७६१३ र ७६१५ को क्षेत्रफल क्रमशः ०-०-११-०, ०-०-२.५-० र ०-०-१३-० (बि.क.धु.क.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

Siddhartha Bank
शाखा कार्यालय : हेटौंडा, मकवानपुर
फोन नं. ०५७-५२६७६७
Website : www.siddharthabank.com

Invitation for Bids
Government of Nepal
Ministry of Home Affairs

Department of Immigration

Kalikasthan, Dillibazar, Kathmandu, Nepal

Invitation for Bids No: DOI/G/NCB-11/2082-83

Date of publication: **2082/11/19**

1. The **Department of Immigration** invites ***electronic*** bids from eligible bidders for the procurement of **"The Supply, Delivery, Installation & Support of Network Switch"** under National competitive bidding – **Single Stage Two Envelope (S1E2)** procedures.
2. Under the Single Stage Two Envelope (S1E2) Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Procurement Unit of Department of Immigration, Kalikasthan, Kathmandu, Email: info@immigration.gov.np, Tel No: +977-01-4529659/4529660, Fax: +977-01-4433935/ 4433934.** or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of the bidding document of a non-refundable fee of NRs 3,000.00 (Three Thousand Only) in the following Rajaswa (revenue) account as specified below.

Name of the Bank:	**Global IME Bank Ltd. (Extension Counter at Department of Immigration)**
Name of Office:	**Department of Immigration**
Office Code no.:	**314033501 (new) / 27-314-16 (old)**
Office Account no.:	**00004010000001**
Rajaswa (revenue) Shirshak no.	**14229**

5. Pre-bid meeting shall be held at the meeting Hall of Department of Immigration, Kalikasthan, Kathmandu at **2082/11/29, 2:00 PM.**
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 PM** on **2082/12/19** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 PM** on **2082/12/19** at the office of **Department of Immigration, Kalikasthan**, Kathmandu. Bids must be valid for a period of **90 days** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs**. 45,000 (Forty Five Thousand only)**, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such cases the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

धितो रहेको अचल सम्पति लिलाम-विक्री गर्न सिलबन्दी बोलपत्र आव्हान गरिएको ३५ दिने सूचना

(दोस्रो पटक सूचना प्रकाशित मिति : २०८२ फागुन १९ गते, नयाँ पत्रिका राष्ट्रिय दैनिकमा)

यस संस्थाबाट निम्नानुसार धितो सुरक्षण राखी तपसिल बमोजिम ऋण लिने सदस्यले म्यादभित्र ऋण चुक्ता नगरी लिखित, मौखिक तरताकेता गर्दा समेत ऋण चुक्ता गर्न नआएकाले सहकारी ऐन-२०७४ को दफा ७९, सहकारी नियमावली-२०७५ को नियम ३० र संस्थाको नियमानुसार गत २०८२ माघ ०२ मा कर्जा चुक्ता गर्न प्रथम पटक ३५ दिने सूचना प्रकाशित गरिसकेपछि पनि ऋण चुक्ता गर्न नआएका साथै कैयौंपटक तरताकेता गर्दा समेत ऋण चुक्ता गर्न नआएका कारण पुनः दोस्रोपटक यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र संस्थामा आई अघिल्लो दिनसम्मको सम्पूर्ण साँवा, ब्याज, विलम्ब शुल्क तथा अन्य दस्तुर समेत चुक्ता गरी सुरक्षण बापत रहेको धितो अचल सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित धितो दिनुहुने ऋणी सदस्यलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कर्जाको सम्पूर्ण साँवा, ब्याज, विलम्ब शुल्क समेत नबुझाई बसेमा कानुन बमोजिम धितो सुरक्षणमा रोक्का रहेको जग्गा लिलाम भै जानेछ। पछि तपाईंको उजुरवाजुर लाग्ने छैन।

यो सूचना बमोजिम ३५ (पैंतीस) दिनभित्रमा पनि ऋण चुक्ता नभएमा संस्थामा धितो रहेको अचल सम्पत्ति लिलाम सकार गरिलिन इच्छुक महानुभावहरूमा यो सूचना पत्रिकामा प्रकाशित मितिले ३६ (छत्तीसौं) दिनदेखि ४२ औं (बयालिसौं) दिनभित्र (अन्तिम दिन बिदा परेमा लगत्तै भोलिपल्ट) यस संस्थामा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरूको अधीनमा रही सिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त बोलपत्रहरू सूचना प्रकाशित भएको मितिले ४३ औं दिन (२०८३ बैशाख ०१) वा सो दिन बिदा परेमा लगत्तै त्यसको भोलिपल्ट संस्थाको कार्यालय खुलेको दिनमा दिनको १३:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारिक प्रतिनिधिहरूलाई उपस्थित हुन समेत सूचित गरिन्छ, तर बोलपत्रवालाको अनुपस्थितिको कारण बोलपत्र खोल्न बाधा पुग्ने छैन।

बोलपत्र फारम संस्थाको कार्यालय, सुन्धाराबाट कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ।
धितो रहेको सम्पत्ति हेर्न चाहेमा संस्थाको कार्यालय, सुन्धारामा सम्पर्क गरी हेर्न सकिनेछ।

तपसिल

कर्जा शीर्षक	ऋणीको नाम	हाललाई लिलाम-विक्री हुने धितो विवरण
विविध कर्जा	नाम : श्रीमती सुनिता श्रेष्ठ (नागरिकता नं. ५१३ ०४४/३६, पर्वत - २०६३ माघ ०९) पति : वेल बहादुर श्रेष्ठ ससुरा : राम बहादुर श्रेष्ठ बाबु : पहल मान श्रेष्ठ ठेगाना : पर्वत जिल्ला, महाशिला गाविस-५ (पर्वत जिल्ला, कुश्मा नपा-९) (हाल काठमाडौं जिल्ला, टोखा नपा-१०) 	निज ऋणीकै नामको कास्की जिल्ला, पोखरा उपमनपा-१४, (सिट नं. ०९४० ९६२१०), कि.नं. २०६, क्षेत्रफल १३४.०० वमी

बोलपत्रका शर्तहरू :

१. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरिलिनुपर्नेछ। सो म्यादभित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भै धरौटी रकम स्वतः जफत हुनेछ।
२. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्कहरू बोलपत्रदाता स्वयंले नै बेहोर्नुपर्नेछ।
३. बोलपत्र दाखिला भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरूमा कुनै हेरफेर हुने छैन साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन। बोलपत्र स्वीकृत गर्ने/नगर्ने अधिकार संस्थामा निहित रहनेछ।
४. अन्य शर्त बोलपत्रमा उल्लेख भए बमोजिम हुनेछ।

धवलागिरि बचत तथा ऋण सहकारी संस्था लि.
सुन्धारा, काठमाडौं।
फोन नं. : ५-३६८ ५४३, ५-३६७ ५३३, ५-९०३ ४१६

नबिल बैंक लिमिटेड, पर्सा शाखा, चितवनको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८२/११/१९)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणी फर्मले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्योट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी कम्पनी/फर्मको नाम र ठेगानाको विवरण

१. प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय उद्योग, वाणीज्य तथा उपभोक्ता हित सरंक्षण निर्देशानालय, घरेलु तथा साना उधोग कार्यलय बागमती प्रदेश भरतपुर, चितवनमा मिति २०६१/०६/०४ मा प्रमाण पत्र नं.: २१३४५/०६१/६२ अर्न्तगत दर्ता भई चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. ०८, चितवनमा रजिष्टर्ड कार्यालय रहेको **पराजुली होलसेल मार्ट।**
२. नेपाल सरकार उद्योग मन्त्रालय, घरेलु तथा साना उधोग कार्यलय भरतपुर, चितवनमा मिति २०६७/०६/१३ मा प्रमाण पत्र नं.: ११४/०६७-०६८ स्थानिय व्यापार अर्न्तगत दर्ता भई चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. ०६, चितवनमा रजिष्टर्ड कार्यालय रहेको **पराजुली खाद्य उधोग।**
३. नेपाल सरकार उद्योग वाणीज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यलय त्रिपुरेश्वर, काठमाडौं मिति २०७६/१०/२८ मा प्रमाण पत्र नं.: २३४३०/०७६-०७७ अर्न्तगत दर्ता भई ललितपुर जिल्ला ललितपुर नगरपालिका वडा नं. १४, ललितपुरमा रजिष्टर्ड कार्यालय रहेको **कृषि आहारा खाद्य उधोग प्रा.लि.।**

ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण

१. विश्वनाथ पराजुलीको नाती, शिव प्रसाद पराजुलीको छोरा चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. ०८, चितवनमा बस्ने ना.प्र.नं. १८७४ (जारी मितिः २०३६/१०/२९, स्थान चितवन) भएका **केदार प्रसाद पराजुली।**
२. शिव प्रसाद पराजुलीको बुहारी, केदार प्रसाद पराजुलीको पत्नी चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. ०८, चितवनमा बस्ने ना.प्र.नं. १८७५ (जारी मितिः २०३६/१०/२९, स्थान चितवन) भएकी **लक्ष्मी कुमारी पराजुली।**
३. शिव प्रसाद पराजुलीको नाती, केदार प्रसाद पराजुलीको छोरा चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. ०८, चितवनमा बस्ने ना.प्र.नं. १७०० (जारी मितिः २०४४/१२/२२, स्थान चितवन) भएका **रमेश कान्त पराजुली।**
४. केदार प्रसाद पराजुलीको बुहारी, रमेश कान्त पराजुलीको पत्नी चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. ०८, चितवनमा बस्ने ना.प्र.नं. ७८/०४५/०४६(जारी मितिः २०४६/०२/२७, स्थान चितवन) भएकी **दुर्गा पराजुली।**
५. शिव प्रसाद पराजुलीको नाती, केदार प्रसाद पराजुलीको छोरा चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. ०८, चितवनमा बस्ने ना.प्र.नं. १७०२ /०४५/०४६ (जारी मितिः २०४६/०२/२७, स्थान चितवन) भएका **भगवान प्रसाद पराजुली।**
६. केदार प्रसाद पराजुलीको बुहारी, भगवान प्रसाद पराजुलीको पत्नी चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. ०६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. ०८, चितवनमा बस्ने ना.प्र.नं. ३५३०४/४७०/जारी मितिः २०६३/१०/११, स्थान चितवन) भएकी **पवित्रा कुमारी पराजुली।**
७. शिव प्रसाद पराजुलीको नाती, केदार प्रसाद पराजुलीको छोरा चितवन जिल्ला खैरहनी गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. ०८, चितवनमा बस्ने ना.प्र.नं. १७०४/०३४/३५ (जारी मितिः २०६०/०७/१४, स्थान चितवन) भएका **इश्वर पराजुली।**
८. रामहरी खनालकी छोरी, केदार प्रसाद पराजुलीको बुहारी, इश्वर पराजुली की पत्नी चितवन जिल्ला पिठुवा गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. ०८, चितवनमा बस्ने ना.प्र.नं. ३५३०१९/४१३(जारी मितिः २०६३/११/०३, स्थान चितवन) भएकी **पवित्रा खनाल।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः

१. चितवन जिल्ला खैरहनी गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. ०८, चितवनमा बस्ने **इश्वर पराजुली** नाममा दर्ता भई यस भई यस बैंकको पक्षमा धितो पारित भई दृष्टिबन्धक रोक्का समेत रहेको चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ०७ नक्सा सिट नं.७ख मा अवस्थित कि.नं.४६,४७ क्षेत्रफल, ०-८-१६, ०-१-० बिगाह को घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. ०८, चितवनमा बस्ने **भगवान प्रसाद पराजुली** नाममा दर्ता भई यस बैंकको पक्षमा धतो पारित भइ बैंकको पक्षमा दृष्टिबन्धक समेत रहेको चितवन जिल्ला खैरखनी गा.वि.स. वडा नं. ०१ नक्सा सिट नं. १क मा अवस्थित कि.नं ३३३,३३० क्षेत्रफल, ०-०-५.५ र ०-०-१.५ बिगाह को घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
३. चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. ०८, चितवनमा बस्ने **केदार प्रसाद पराजुली** नाममा दर्ता भई यस भई यस बैंकको पक्षमा धितो पारित भई दृष्टिबन्धक रोक्का समेत रहेको चितवन जिल्ला खैरखनी गा.वि.स. वडा नं. ०१ नक्सा सिट नं. १क मा अवस्थित कि.नं.४६६२, ४९०३, ४९०५ क्षेत्रफल, ०-१-१३, ०-०-१.२५, ०-०-०.५ बिगाह को घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
४. चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. ०८, चितवनमा बस्ने **भगवान प्रसाद पराजुली** नाममा दर्ता भई यस बैंकको पक्षमा धतो पारित भइ बैंकको पक्षमा दृष्टिबन्धक समेत रहेको चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ०७ नक्सा सिट नं. ७ख मा अवस्थित कि.नं ५३४,५३६,५३५,५३७ क्षेत्रफल, ०-३-०-०, ०-१-१३-०, ०-१-१३-०,०-१-१४-० बिगाह को घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
मंगलबार १९ फागुन ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

अमेरिकी आक्रमणपछि विश्वकपमा इरानको सहभागिता अन्योल

आगामी जुन–जुलाईमा हुने विश्वकपमा इरानको सहभागिता अनिश्चित बनेको इरानी फुटबल महासंघको भनाइ



विश्वकपको समूह 'जी'मा रहेको इरानले अमेरिकी सहरमा न्युजिल्यान्ड, इजिप्ट र बेल्जियमविरुद्ध प्रतिस्पर्धा गर्ने खेल तालिका छ

एजेन्सी

अमेरिका, क्यानडा र मेक्सिकोले संयुक्त रूपमा फिफा विश्वकप फुटबल प्रतियोगिता २०२६ आयोजना गर्दै छन् । विश्वकप आगामी जुन-जुलाईमा हुनेछ । विश्वकपमा सहभागी राष्ट्रमध्ये इरान पनि हो । तर, अमेरिकाले इरानमाथि गरिएको आक्रमणका कारण मध्यपूर्वी एसियाका राष्ट्रको सहभागिता अन्योल बढिरहेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले प्रशासनले गत शुक्रबार इरानमा आक्रमण गरेको थियो । जसका कारण यी दुई राष्ट्रबिचको सम्बन्ध थप चिसिएको छ । आक्रमणमा इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनी मारिएका थिए ।

बढ्दो सुरक्षा र अन्तर्राष्ट्रिय तनावका कारण इरान विश्वकपमा सहभागी हुने वा नहुनेबारे प्रश्न उठेको बिबिसीले जनाएको छ । अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा)ले इरानको अवस्थालाई नजिकबाट निगरानीमा राखिएको जनाएको छ । फिफाका महासचिव मातियास ग्राफ्स्ट्रोमले वार्षिक साधारणसभामा विश्व परिस्थिति नजिकबाट हेरिएको भए पनि ठोस निर्णय गर्ने समय नभएको बताएका छन् ।

'हामीले इरान र अमेरिकाबिचको परिस्थिति नजिकबाट हेरेका छौं । अहिलेको अवस्थामा केही पनि निर्णय लिन सक्ने अवस्थामा फिफा पुगेको छैन,' ग्राफ्स्ट्रोमले भने, 'आगामी दिनमा कस्तो वातावरण बन्छ । त्यहीअनुसार निर्णय हुनेछ ।' विश्वकपको सहभागी राष्ट्रहरूको 'ड्र' भइसकेको छ । विश्वकपमा फिफाको पहिलो प्राथमिकता सुरक्षित रूपमा आयोजना गर्ने महासचिव ग्राफ्स्ट्रोमले बताए । 'ड्र'अनुसार इरान समूह 'जी'मा छ ।

यस समूहमा इरानले इजिप्ट, बेल्जियम र न्युजिल्यान्डको सामना गर्नेछ । इरानको पहिलो खेल नै लस एन्जलसमा न्युजिल्यान्डसँग छ । यसै सहरमा इरानले बेल्जियमको सामना गर्नेछ । समूह चरणको अन्तिम खेल उसले इजिप्टविरुद्ध सियाटलमा खेल्नेछ । अहिले इरानले पनि अमेरिकाविरुद्ध प्रतिशोध लिने क्रममा छिमेकी राष्ट्रमा मिसाइल आक्रमण तीव्र बनाउँदा उसले विश्वकप सहभागी सम्बन्धमा कस्तो निर्णय लिन्छ भन्ने विश्व फुटबल समुदायको रहेको छ ।

ट्रम्पको अभिव्यक्ति संवेदनशील

अमेरिकी राष्ट्रपति ट्रम्पले हालै दिइएको केही अभिव्यक्ति र निर्णयले पनि विश्वकपको वातावरण थप संवेदनशील बनेको बिबिसीले जनाएको छ । ट्रम्पले केही युरोपेली देशहरूमाथि १० प्रतिशत भन्सार शुल्क लगाउने चेतावनी दिएका थिए । ग्रिनल्यान्डलाई लिएर दिएको अभिव्यक्ति र इरानसँग सम्बन्धित सैन्य कारबाहीले अन्तर्राष्ट्रिय सम्बन्धमा तनाव बढाएको छ ।

इरान फुटबल महासंघका अध्यक्ष मेहदी ताजले हालैको अमेरिकी आक्रमणपछि इरानको विश्वकप सहभागिता 'असम्भव' हुन सक्ने बताएका छन् । 'अहिले जे भयो र अमेरिकाबाट भएको आक्रमणपछि हामी विश्वकपबारे आशावादी हुन गाह्रो छ,' ताजले भने, 'तर अन्तिम निर्णय खेलकुद निकायले गर्नेछन् ।' इरानले विश्वकपबाट नाम फिर्ता लिने वा नलिने आधिकारिक निर्णय गरेको छैन । कुनै पनि सहभागी टोलीले विश्वकप सुरु हुनुअघि नाम फिर्ता लिँदा फिफा नियमअनुसार अर्को टोलीलाई खेलाउने सकिने प्रावधान छ । यस्तो अवस्थामा इरान विश्वकपमा छनोट भएको समूहको दोस्रो स्थानमा रहने टोलीले फिफा विश्वकप खेल्न पाउनेछ । अमेरिकामा इराकको भिसा प्रक्रिया जटिल बन्दा युएईले विश्वकप खेल्ने मौका पाउनेछ । युएई विश्वकप छनोटबाट बाहिरिएको थियो । युएईले मौका पाउने वा नपाउने विषयमा इरानको निर्णयमाथि निर्भर रहने छ । यसैबिच, इरानी महिला फुटबल टोलीले एसिया कपको तयारी गरेको बिबिसीले जनाएको छ ।

अस्ट्रेलियामा हुने एसिया कपमा इरानले आफ्नो पहिलो खेलका लागि प्रशिक्षण गरेको हो । एएफसीले पनि इरानी महिला फुटबल टोलीको सहभागिता निश्चित भएको जनाएको छ । 'पछिल्लो समयमा मध्यपूर्वी एसियामा जे जस्तो घटना भए पनि इरानी महिला टोलीले एसिया कपमा भाग लिँदै छ,' एएफसीले भनेको छ, 'हामी उनीहरूको सबै सुरक्षा व्यवस्था मिलाउँछौं ।'

इरान फुटबल महासंघको चेतावनी

महासंघले विश्वकप फुटबल प्रतियोगितामा सहभागी हुनु भनेको राष्ट्रियताविरुद्ध हुने जनाएको छ । अमेरिकी आक्रमणमा इरानी सर्वोच्च नेता अली मारिएका थिए । आफ्ना नेता मारिएको शोकमा रहेको इरानले ४० दिन शोक मनाउने निर्णय गरेको छ । यस्तो अवस्थामा इरानले अमेरिकाले आयोजना गर्ने विश्वकपमा सहभागी हुनु भनेको नेताप्रति घात गर्नु बराबर भएको महासंघले जनाएको छ । 'अमेरिकाले हामीमाथि आक्रामण गरेको छ । यसमा हामीले आफ्नो अभिभावक गुमाएका छौं । यसपछि अमेरिकामा गएर विश्वकप खेल्नु भनेको उहाँप्रति घात गर्नु बराबर हो,' महासंघले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यद्यपि, अन्तिम निर्णय हुन बाँकी छ, तर इरानको विश्पकप खेल्ने सम्भावना कम छ ।'

यसैबिच, अमेरिकाका लागि मध्यपूर्वी एसिया तथा उत्तर अफ्रिका हेर्ने निर्देशक डा. सनमम भाकीले तेहरानमा बढ्दो आक्रमणले अमेरिका र इरानबिचको दूरी धेरै बढेको बताएका छन् । 'अहिले हाम्रो विश्लेषणअनुसार इरानले अमेरिकासँग प्रतिशोध लिने तयारीमा छ । यस्तोमा उनीहरूको फुटबल सहभागिता नहुने लगभग निश्चित छ ।' फिफाका महासचिव ग्राफ्ट्रोमले भने विश्वकपमा सबै राष्ट्र सहभागी होस् भन्ने चाहेको बताए । 'फिफाको पहिलो लक्ष्य नै सबै सहभागी राष्ट्रले सौहार्द रूपमा विश्वकप खेलोस्,' उनले भने, 'यो कार्य सफल बनाउन हामी लागेका छौं ।' उनले इरानले भाग नलिएको अवस्थामा एसियन फुटबल महासंघ (एएफसी)सँग छलफल गर्ने बताए ।

१२ राष्ट्रका नागरिक अमेरिका छिर्न नपाउने

गत वर्ष अमेरिकी राष्ट्रपति ट्रम्पले देशको सुरक्षा जनाउँदै विभिन्न १२ राष्ट्रका नागरिकलाई भिसा नदिने घोषणा गरेका थिए । यसमा इरान पनि रहेको छ । गत डिसेम्बरमा विश्वकपको 'ड्र' निकालिँदा इरानले भिसा प्रक्रिया अगाडि बढाएको थियो । तर, राष्ट्रपति ट्रम्पको घोषणाले इरानी खेलाडीको भिसा प्रक्रिया रद्द भएको थियो ।

यदि इरानले विश्वकप खेल्न भिसा पाउँदा पनि उनीहरूको खेलमा धेरै सुरक्षा घेरा राखिनेछ । सन् २०२२ को कतार विश्वकपमा इरान र अमेरिकाबिचको खेलमा आयोजक र फिफाले सुरक्षा व्यवस्थामा कडाइ गरेको थियो । चार वर्षअघिको विश्वकपमा इरानको प्रत्येक खेलमा सुरक्षा व्यवस्था थप गर्दा आयोजक कतारले आर्थिक भार बहन गरेको थियो ।

यसैबिच मानव अधिकारकर्मी निक म्याग्राहमले विश्वकपमा इरान र अमेरिकाबिचको सम्बन्धले फरक गर्ने बताए । 'हामी दुई राष्ट्रबिचको सम्बन्धभन्दा पनि खेलाडी स्वतन्त्र हुनुपर्ने माग राख्छौं,' निकले भने, 'खेलाडीको सहयोगमा राजनीति गर्नु राम्रो होइन ।'

नेपाली धावकले पूरा गरे टोकियो म्याराथन

नयाँ पत्रिका



जापानको टोकियो सहरमा हरेक वर्ष १ मार्चमा विश्व चर्चित टोकियो म्याराथन दौड आयोजना हुन्छ । विश्वकै अति विकसित सहरले आयोजना गर्ने म्याराथनमध्ये टोकियो पनि एक हो । यो म्याराथन अन्य सहरको भन्दा कठिन मानिन्छ । टोकियो म्याराथन दौडमा सहभागी हुनु पनि धावकहरूले ठुलो उपलब्धिका रूपमा लिने गर्छन् । यस्तोमा नेपालको प्रतिनिधित्व गर्दै नेपाली धावकले टोकियो म्याराथन दौड सफलतापूर्वक पूरा गरेका छन् ।

नेपालबाट अनिललाल श्रेष्ठ र डोन्जोङ तेन्जिङले म्याराथनमा प्रतिस्पर्धा गरेका हुन् । उनीहरूले दौड पूरा गर्न विभिन्न चरण पार गरे । तेन्जिङले दौड पूरा गर्न तीन घण्टा ४० मिनेट २३ सेकेन्ड समय लगाएका थिए । तेन्जिङको तुलनामा श्रेष्ठ पछाडि रहे पनि दौड पूरा गर्न सफल भए । उनको समय ६ घण्टा २८ मिनेट ४८ सेकेन्ड रहेको थियो । प्रतियोगितामा विभिन्न राष्ट्रबाट आएका नेपाली एनआरएन धावकहरूले पनि प्रतिस्पर्धा गरेका थिए ।

'टोकियो म्याराथनमा प्रवेश पाउन नै ठुलो उपलब्धि हो,' टोकियोबाट श्रेष्ठले भने, 'अझ म्याराथनमा नेपालबाट तेन्जिङ र मैले मात्र इन्ट्री पाएका थियौं, हुन पनि नेपालबाट अन्य धावकहरूले पनि सहभागिताका लागि निवेदन राखेका थिए, तर हामी दुईजना मात्र भाग्यमानी भयौं ।' टोकियो म्याराथन फरक रहेको श्रेष्ठको बुझाइ छ । 'यसअघि मैले स्विट्जरल्यान्ड र जर्मनीमा भएको म्याराथनमा सहभागिता जनाएको थिएँ, तर टोकियो अलि फरक लाग्यो,' उनले भने ।


टोकियो म्याराथनमा सहभागीहरूले विभिन्न जोनमा आयोजकले दिइएको समयभित्र पार गर्नुपर्ने नियम राखेको थियो । त्यस समयभित्र दौड पूरा गर्न नसक्दा सिधै धावक दौडबाट बाहिरिने नियम बनाइएको थियो । 'अन्य दौडमा फिनिसिङ लाइनसम्म खासै समस्या भान्नुपरेको थिएन, तर टोकियो म्याराथनमा धावकहरूले विभिन्न चरणमा आयोजकले राखेको समयभित्र पार गर्नुपर्ने थियो,' श्रेष्ठले भने, 'समयभित्र दौड पूरा नगर्दा धावक बाहिरिन्थ्यो । यसले पनि अलि गाह्रो भयो ।' नेपाली एनआरनमध्ये अशोक चापागाईं पहिलो स्थानमा रहे । उनले दौड तीन घण्टा २९ मिनेट ३२ सेकेन्डमा पूरा गरेका थिए । यसैगरी, इन्द्रा चापागाईं चार घण्टा ४० मिनेट २० सेकेन्डका साथ एनआरएन नेपालीमध्ये दोस्रो भए । नेपाली एनआरएनमा पाण्डव महतो, सूर्या गुरुङ, अमृत श्रेष्ठ, सुजन भट्ट, विस्मा पाण्डे, मोहन कार्की, भीम गुरुङ र हरि गुरुङले दौड पूरा गरेका थिए ।

इथोपियाका ट्राडेसले जिते उपाधि

टोकियो म्याराथनमा विश्व प्रसिद्ध धावकहरूको सहभागिता रहेको थियो । दौडमा ३८ हजार सात सय ७३ जना धावकहरूले भाग लिएका थिए । यसपटकको संस्करणलाई विश्व एथलेटिक्स प्लाटिनम लबेल रोड रेस मान्यता दिइएको थियो । टोकियो म्याराथनको उपाधि इथियोपियाका ट्राडेसले उपाधि रक्षा गरे । २३ वर्षीय ट्राडेसले दुई घण्टा तीन मिनेट ३७ सेकेन्डमा दौड पूरा गरे । दोस्रो स्थानमा केन्याका धावक जियोफेय टोरोटिक रहे । उनी दुई घण्टा तीन मिनेट ३७ सेकेन्डका साथ दोस्रो भएका हुन् । उनी स्पिन्ट क्रसका आधारमा दोस्रो भएका हुन् । प्रतियोगिताको महिलातर्फ केन्याकी ब्रिगिड कोसके पहिलो भइन् । उनले महिला कोर्स रेसको टाइमिङ भंग गर्न सफल भइन् ।

फ्रिकिकमा सर्वाधिक गोल गर्ने मेसी चौथो खेलाडी

एजेन्सी



अर्जेन्टिनाका कप्तान लियोनल मेसी फ्रिकिकमा सर्वाधिक गोल गर्ने सूचीको चौथो स्थानमा उक्लिएका छन् । मेसीले अमेरिकी क्लब इन्टर मियामीबाट गोल गर्दै उपलब्धि हात पारेका हुन् । अमेरिकी सकर लिग (एमएलएस)को दोस्रो खेलमा उनले फ्रिकिकमा गोल गरेका थिए । कप्तान मेसीले गोलमा मियामीले अर्लान्डो सिटीलाई ४-२ ले हरायो । यस खेलमा उनले दुई गोल गरेका थिए ।

खेलको ९०औं मिनेटमा मेसीले गरेको फ्रिकिकमा करिअरकै ७०औं गोल गरेका थिए । उनीभन्दा अगाडि फ्रिकिकमा सर्वाधिक गोल गर्ने तीन खेलाडी अगाडि छन् । मेसीभन्दा अगाडि ब्राजिलका लिजेन्ड छन् । फ्रिकिकमा धेरै गोल गर्नेमा ब्राजिलका मार्सेलिनो कारिओका हुन् । उनले ७८ गोल गरेका छन् । ब्राजिलकै रोबर्टो डिनामिटाले ७५ गोलका साथ दोस्रो स्थानमा छन् । ब्राजिलका जुनिन्हो ७२ गोलका साथ तेस्रो स्थानमा रहेका छन् ।

पछिल्लो समय मेसी लयमा खेलिरहेका छन् । ३८ वर्षीय मेसीले अर्जेन्टिनाको राष्ट्रिय टोलीबाट पनि खेलिरहेका छन् । उनले एमएलएसको यस सिजनमा ५५ खेलमै ५२ गोल गरिसकेका छन् । पछिल्लो ४९ खेलमा उनले ५१ गोल गरेका छन् । मेसीले करिअरमा ८९८ गोल गरिसकेका छन् । उनी नौ सय गोल गर्न दुई संख्याले पछाडि छन् ।

मियामीको पुनरागमन जित

प्रतिस्पर्धामा मियामी मध्यान्तरअघि २-० ले पछि परेको थियो । मियामीले दोस्रो हाफमा चार गोल गर्दै खेलमा तीन अंक जोडेको थियो । खेलमा मेसी नै म्यान अफ दी म्याच भए । खेलको १८औं मिनेटमा मार्को पासालिचले अर्लान्डोलाई १-० को अग्रता दिलाए । खेलको २४औं मिनेटमा मार्टिन ओजेडाले २-० का लागि गोल गरे । खेलको ४९औं मिनेटमा २० वर्षीय अर्जेन्टिनी युवा माटेओ सिल्भेट्टीले मियामीलाई २-१ को गोलअन्तरमा पुऱ्याए ।

खेलको ५७औं मिनेटमा मेसीले व्यक्तिगत पहिलो गोल गर्दै खेललाई २-२ को बराबरीमा ल्याए । खेलको ८५औं मिनेटमा मेसीको पासमा टालिस्को सेगोभियाले मियामीलाई ३-२ को अग्रता दिलाएका हुन् । खेलको ८८औं मिनेट घरेलु टोली १० खेलाडीमा सीमित बन्यो । कोलिन गुस्केले रातो कार्डको सामना गरेका थिए । मेसीले त्यसकै फाइदा उठाए । उनले ९०औं मिनेटमा फ्रिकिकमार्फत उत्कृष्ट गोल गर्दै टोलीलाई सहज जित दिलाएका हुन् ।

चिल्ड्रेन लाइफ र इन्फरमेटिक्सलाई उपाधि

कास्की / चिल्ड्रेन लाइफ बोर्डिङ स्कुल र इन्फरमेटिक्स कलेजले चौथो हिसान गण्डकी फुटसल प्रतियोगिताको उपाधि हात पारेको छ । चिल्ड्रेन प्लस २ र इन्फरमेटिक्स कलेज विधामा च्याम्पियन बनेका हुन् । पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्डहलमा भएको फाइनलमा बागलुङको चिल्ड्रेन लाइफले स्टेप वाई स्टेप स्कुललाई ३-१ ले हरायो । इन्फरमेटिक्सले फाइनलमा लेक सिटी कलेजलाई १-० ले पाखा लगायो । चिल्ड्रेन लाइफलाई उपाधि दिलाउन आयुष पौडेलले दुई र वरदान थापामगरले एक गोल गरे । स्टेप वाई स्टेपका आश्रय कुँवरले एक गोल गरेका थिए । इन्फरमेटिक्सलाई उपाधि जिताउन सुशील बरुवालले गरेको एक मात्र गोल निर्णायक बन्यो ।

प्रतियोगितामा प्लस-२ विधामा स्टेप वाई स्टेपका कुञ्जन पौडेल उत्कृष्ट खेलाडी भएका छन् । चिल्ड्रेन लाइफका रेशमबाबु रिजाल उत्कृष्ट गोलरक्षक र आयुष पौडेल सर्वाधिक गोलकर्ता बनेका छन् । कलेजतर्फ इन्फरमेटिक्सका नारायणप्रकाश पुन उत्कृष्ट खेलाडी, पुकार गुरुङ उत्कृष्ट गोलरक्षक र इन्फोम्याक्सका सबल दाहाल सर्वाधिक गोलकर्ता भए । आयोजक हिसानका अध्यक्ष डा. रामजी शर्माका अनुसार प्लस २ तर्फ १६ र कलेजतर्फ आठ गरी २४ टोलीले भाग लिएका थिए । प्रतियोगिताअन्तर्गत प्लस-२ तर्फका विजेताले एक लाख र उपविजेताले ५० हजार रुपैयाँ पाएका छन् । कलेजतर्फ विजेताले २५ हजार र उपविजेताले १० हजार रुपैयाँ हात पारे ।

चेल्सीलाई हरायो आर्सनलले



एजेन्सी / शीर्ष स्थानको आर्सनलले इंग्लिस प्रिमियर लिगमा १० खेलाडीमा सीमित चेल्सीलाई २-१ ले पराजित गरेको छ । आर्सनलले घरेलु मैदानमा जित निकालेपछि शीर्ष स्थानमा पाँच अंकको अग्रता लिएको छ । आर्सनलले २९ खेलमा ६४ अंक बनाएको छ । एक खेल कम खेलेको म्यानचेस्टर सिटी ५९ अंकसहित दोस्रो स्थानमा रह्यो । चेल्सी ४५ अंकसहित छैटौं स्थानमा छ । हारपछि पाँचौं स्थानको लिभरपुलसँगको अंक दूरी घटाउने अवसर चेल्सीले गुमायो । आर्सनललाई जिताउन विल साइबा र जुरिअन टिम्बेरले गोल गरेका थिए ।

टी-२० विश्वकपबाट बाहिरिएपछि प्रत्येक पाकिस्तानी खेलाडीलाई ५० लाख जरिवाना

एजेन्सी

पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी)ले १०औं आइसिसी टी-२० विश्वकपमा कमजोर प्रदर्शनका कारण राष्ट्रिय टोलीका सबै खेलाडीलाई जरिवाना गराएको छ । भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गरिरहेको विश्वकपमा पाकिस्तान सुपर ८ को समूह '२' बाट सेमिफाइनलमा पुग्न सकेन । ६ पटक विश्वकपको सेमिफाइनल स्थान बनाइसकेको पाकिस्तानले यसपटक विश्वकप जित्ने योजना बनाएको थियो ।

खेलाडीहरूको खराब प्रदर्शनपछि पिसिबीले विश्वकप खेलेका प्रत्येक खेलाडीलाई ५० लाख पाकिस्तानी रुपैयाँ (१८ हजार अमेरिकी डलर) जरिवाना गराएको छ । पिसिबीले जरिवाना अनुशासनहीनताका कारण नभई प्रतियोगितामा कमजोर प्रदर्शनका कारण लगाएको जनाएको छ । 'विश्वकपमा खेलाडीहरूले जुन प्रदर्शन गर्नुपर्ने थियो । उनीहरूले गर्न सकेनन् । खेलाडीहरूलाई आगामी दिनमा राम्रो प्रदर्शन गर्न निमित्त आर्थिक दण्ड लगाउने निर्णय भएको छ,' पिसिबीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'हामीले योपटक विश्वकप जित्ने लक्ष्यका साथ सहभागी भएका थियौं ।'

विश्वकपको समूह 'ए'मा पाकिस्तान भारतसँग ६१ रनले पराजित भएको थियो । पिसिबीले तत्कालै जरिवाना निर्णय गरेको हो । पिसिबीले सुपर ८ को नतिजासम्म आफ्नो निर्णय सार्वजनिक गरेन । सुपर ८ को अन्तिम खेलमा श्रीलंकालाई पाँच रनले हराए पनि रनरेटका कारण पाकिस्तान सेमिफाइनल दौडबाट बाहिरियो ।

समूह '२'बाट न्युजिल्यान्ड राम्रो रनरेटका कारण विश्वकपको सेमिफाइनलमा पुग्यो । यो नतिजापछि नै पिसिबीले खेलाडीलाई आर्थिक जरिवाना गराउने निर्णय सार्वजनिक गरेको हो ।



खराब लयमा पाकिस्तान

पाकिस्तान लगातार चौथोपटक आइसिसी पुरुष प्रतियोगिताको सेमिफाइनलमा पुग्न असफल भयो । जुन उनीहरूको इतिहासमै पहिलोपटक हो । पाकिस्तान सुपर ८ को पहिलो खेलमा न्युजिल्यान्डसँगको सामना गरेको थियो । यो खेल वर्षाका कारण रद्द हुँदा एक अंक दुवै टोलीले पाए । त्यसपछि पाकिस्तान इंग्ल्यान्डसँग नराम्रोसँग पराजित भयो । श्रीलंकाविरुद्ध ठुलो अन्तरको जित आवश्यक भए पनि पाकिस्तानको जित पर्याप्त हुन सकेन । विश्व क्रिकेटमा सहभागी हुनै पनि टोलीका खेलाडीलाई अनुशासन आर्थिक कारबाही गरिएको पहिलो घटना हो । खेलाडीहरूको प्रदर्शनकै आधारमा सामूहिक रूपमा जरिवाना गर्नु क्रिकेट क्षेत्रमै दुर्लभ मानिएको छ । पिसिबीले आइसिसी र एसिसीका ठुला प्रतियोगितापछि कडा निर्णय लिँदै आएको छ । एसिया कपको फाइनलमा भारतसँग हारपछि बोर्डले खेलाडीहरूलाई विदेशी टी-२० लिग खेल्न दिइने एनओसी अस्थायी रूपमा निलम्बन गरेको थियो । पछि अन्तर्राष्ट्रिय र खेलाडीहरूको दबाबमा पिसिबीले निर्णय फिर्ता लियो । व्यक्तिगत प्रदर्शनका रूपमा साहिबजादा फरहानले टी-२० विश्वकपमा सर्वाधिक रन बनाउने कीर्तिमान राखेका छन् । उनले एउटै संस्करणमा दुई शतक प्रहार गर्ने एक मात्र खेलाडी बने पनि टोलीलाई सेमिफाइनलसम्म पुऱ्याउन सकेनन् ।

> ६ पटक सेमिफाइनल स्थान बनाएको पाकिस्तान १०औं संस्करणको सुपर ८ बाटै बाहिरिँदा प्रत्येक खेलाडीलाई ५० लाख पाकिस्तानी रुपैयाँ जरिवाना

समूह 'ए' खेलाडीले ६५ लाख पारिश्रमिक

पिसिबीले राष्ट्रिय खेलाडीहरूको चार समूह वर्गीकरण गरेको छ । जसअनुसार समूह 'ए'मा रहेका खेलाडीले प्रतिमहिना बोर्डबाट ६५ लाख पाकिस्तानी रुपैयाँ पाउँछन् । यसैगरी, समूह 'बी'का खेलाडीले ४५ लाख भारु, समूह 'सी'मा रहेका खेलाडीले २० लाख र समूह 'डी'का खेलाडीले बोर्डबाट प्रतिमहिना १२.५० लाख पाकिस्तानी रुपैयाँ पाउँछन् । पिसिबीले गत जुलाई २०२५ देखि जुन २०२६ सम्म केन्द्रीय सम्झौता गरेको छ । सबै खेलाडीलाई समूह 'ए' मा राखेको छैन ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com